नेपालको पहिलो बौद्ध मासिक
# आनन्द भूमि

२०६८ सकिमिला पुन्हि- कार्तिक पूर्णिमा वर्ष ३९ अंक ७
बु.सं. २५५५ ने.सं. ११३२

The Ananda Bhoomi (Year 39, Vol. 7)
A Buddhist Monthly : October/November 2011

*प्रमुख सल्लाहकारः*
**भिक्षु कुमार काश्यप महास्थविर** (प्रमुख, आ. कु. वि.)
**भिक्षु मैत्री महास्थविर** (अध्यक्ष, आ. कु. वि. संस्था)

*सल्लाहकार :* **भिक्षु धर्ममूर्ति** (सचिव, आ.कु.वि.)

*व्यवस्थापक :* **भिक्षु अस्सजि,** आनन्द कुटी विहार, ४२७१४२०

*व्यवस्थापन सहयोगी :* **भिक्षु सरणंकर**

*वितरण तथा अर्थ :* **भिक्षु पियदस्सी**

*वितरण सहयोगी :* **विवेक महर्जन**

*लेखा व्यवस्थापनः* **सुरेश महर्जन**, स्वयम्भू

*आवरण डिजाइन/भित्री सेटिङ्ग :* **विनोद महर्जन**

*कम्प्यूटर सज्जा :* **राजकुमार छुका, ख्वप**

*सम्पादन सहयोगी*
**भिक्षु वजिरञाण**, बुद्धविहार भृकुटीमण्डप

*सम्पादक/प्रकाशन संयोजकः*
**कोण्डन्य**
बुद्धविहार भृकुटीमण्डप, ४२२६७०२

***वितरणार्थ सहयोगीहरुः***
बुद्धजयन्ती समारोह समिति (श्रीघः), शाक्य वाच शप-बनेपा, अ. इन्द्रावती, सुश्री वीणा कंसाकार, सुश्री शकुन्तला प्रधान, श्रीमती केशरी वज्राचार्य, सुवर्णमुनि शाक्य (भैरहवा), नरेश वज्राचार्य (बुटवल), विद्यादेवी शाक्य (बुटवल), याम शाक्य (वेनी), सर्जु वज्राचार्य, देवेन्द्र शाक्य (पाल्पा), उत्तममान बुद्धाचार्य (पोखरा), कृष्णप्रसाद शाक्य (बाग्लुङ्ग), विजय गुरूङ्ग (लमजुङ्ग) ।

*मुद्रणः*
**आईडियल प्रिन्टिङ्ग प्रेस**, ग्वार्को, ललितपुर, फोनः ५१२०२३५

*प्रकाशकः*
**आनन्दकुटी विहार**
आनन्द कुटी विहार, स्वयम्भू, फोनः ४२७१४२०
*का.जि.द.नं. ३४/०३४/०३५/म.क्षे.हु.नि.द.नं. ७/०६१/६२*

## बुद्धवचनामृत



**पामोज्जबहुलो भिक्खु, पसन्नो बुद्धसासने ।**
**अधिगच्छे पदं सन्तं, संखारूपसमं सुखं ।।**

अर्थात् ः अति चित्त प्रसन्न भएका, बुद्धशासन (उपदेश) मा श्रद्धा हुने भिक्षुले सबै संस्कारलाई शान्त पारी सुखकारी शान्तिपद (निर्वाण) प्राप्त गर्छन् । ।

अतिकं प्रसन्न चित्त दुम्ह, बुद्धयागु शासन (उपदेश) य् श्रद्धा दुम्ह भिक्षुं दक्व संस्कारयात शान्त याना सुखकारी शान्तिपद (निर्वाण) प्राप्त याइ ।

Full of joy, full of confidence in the Buddha's Teaching, the bhikkhu will attain the Peaceful State, the stilling of conditioned things, the bliss (Supreme). – धम्मपद, ३८१

*सम्पर्क कार्यालय*
**आनन्द भूमि**
**आनन्द कुटी विहार संस्था, पो.ब.नं. ३००७, काठमाडौं ।**
**फोनः ४२७१४२०**
E-mail : anandakutivihar@gmail.com
gkondanya@gmail.com, kondanya@soon.com
anandakutivihar@ntc.net.np
Website: anandakutivihar.com.np
**www.anandabhoomi.com**

वार्षिक रू. १५०/- एकप्रति रू. २०/- वार्षिक ग्राहक बनी सहयोग गरौं ।

# सम्पादकीय

## पूज्यपाद संघनायक भिक्षु अश्वघोष महास्थविर संघउपनायक आचार्य भिक्षु कुमार काश्यप

बुद्ध-भूमि नेपालमा स्थविरवाद बुद्धशासनको पुनर्जागरण कालको इतिहास आज नेपाली जनमानसका अलावा विश्व बौद्ध जगतसामू नै आफ्नो प्रभाव संचार गर्दै बामे सरिरहेको छ । नेपालमा राणाशासनको अन्त्यतासँगै प्रजातन्त्रको उदय अवस्थामा पलाउन उर्वराभूमिमा पाइला टेक्दै अगाडि बढ्ने क्रममा बुद्धधर्म, बौद्ध-दर्शन र सभ्यता एवं भाषा-साहित्यलाई समेट्ने अभिप्रायले जुन तवरले सुनौलो अध्याय थप्न अगाडि बढेका थिए, आज ती संघर्षका दिनहरू इतिहासमा परिणत हुँदैछ । नेपालमा पुनर्जागरित स्थविरवाद बुद्धशासनको सवालमा दिवंगत श्रद्धेय भिक्षुहरू महाप्रज्ञा, प्रज्ञानन्द, धर्मालोक तथा अमृतानन्दको व्यक्तित्व, कृतित्व एवं योगदान अग्रपंक्तिमै रहिरहने कुरालाई स्मरण गर्नै पर्छ । पहिलो पुस्ताका अग्रगण्य व्यक्तित्ववान भिक्षुहरूको अथक प्रयासपश्चात् त्यसताका नेपाली बौद्धहरूकाबीच पनि प्रव्रजित भिक्षु/श्रामणेर/अनागारिका भई बुद्धशासनमा समर्पित बनी अगाडि बढ्ने जुन साहसिक कदमहरू देखिए, त्यसले पुनर्जागरण इतिहासलाई उर्जा थप्दै जाने कार्य गरेको थियो ।

स्थविरवाद बुद्धशासनमा दोश्रो पुस्ताको अभिभार वहन गर्ने सशक्त व्यक्तित्ववान भिक्षुहरू मध्ये नेपालका छैठौं पूज्यपाद संघनायक भिक्षु अश्वघोष महास्थविर तथा संघउपनायक आचार्य भिक्षु कुमार काश्यप महास्थविरको व्यक्तित्व, कृतित्व तथा योगदान आज आफैमा यौटा कथा बनेको छ, स्वयं जीवित इतिहास बनेको छ । उहाँहरूले सानो उमेरमै गृहस्थ जीवन त्यागेर बुद्धशासनिक क्षेत्रमा प्रव्रजित भई जीवन व्यतीत गरेका घडीलाई फर्केर हेर्दा ७ दशकको बसन्त पार भैसकेको छ । जतिबेला प्रकाशन स्वतन्त्रता, वाक स्वतन्त्रता, धार्मिक स्वतन्त्रता, राजनैतिक स्वतन्त्रतामा ताला लगाइएको थियो, त्यतिबेलै उहाँहरूले धर्म, समाज र भाषा-साहित्यका लागि जुन साहसिक यात्रा थालनी गर्नुभयो, त्यसलाई आज हामी गर्वकासाथ स्मरण गरिरहेका छौं ।

वि.सं. १९८३ मा ललितपुरमा जन्मेका भिक्षु अश्वघोष महास्थविर र वि.सं. १९८३ मै तानसेन-पाल्पामा जन्मेका आचार्य भिक्षु कुमार काश्यप महास्थविरले श्रीलंकामा बुद्धधर्मको अध्ययन गरी झण्डै छदशकदेखि धार्मिक, सामाजिक, शैक्षिक, भाषिक एवं साहित्यिक आदि क्षेत्रहरूमा निरन्तर रूपमा आफ्नो जीवनलाई समर्पित गर्दै आउनु आफैमा गर्वको विषय भएको छ । संघमहानायक भिक्षु प्रज्ञानन्द महास्थविरका शिष्य आचार्य भिक्षु कुमार काश्यप तथा आचार्य महानायक डा. भिक्षु अमृतानन्द महास्थविरका शिष्य भिक्षु अश्वघोष महास्थविरको जीवनी पक्ष वस्तुतः सफलताकै रूपमा भोलिका इतिहासमा कोरिँदै जाने सुनिश्चित छ । राष्ट्रिय सभाका मनोनित सांसद, लुम्बिनी विकास कोषका उपाध्यक्ष तथा धर्मोदय सभाका अध्यक्ष समेत रहिसकेका भिक्षु अश्वघोष महास्थविर नेपाली बौद्ध जगतसामू नेपालमा भिक्षु तालिम केन्द्रको अवधारणा विकास गर्ने व्यक्तित्व, व्यावहारिक कुशल धर्मदेशक, व्यावहारिक कथा-लेखक, सैद्धान्तिकभन्दा व्यावहारिक धरातलमा उभिंदै कट्टरता त्याग्ने अभिसोच लिनुहुने भिक्षुका रूपमा चिनिनुहुन्छ । यसरी नै आचार्य भिक्षु कुमार काश्यप २००१ श्रावण १५ का दिन श्री ३ जुद्ध शम्शेरद्वारा नयाँ धर्म-प्रचार गर्न नपाइने भनी आठजना भिक्षु/श्रामणेरहरूलाई हुकुमी आदेशबाट देश निकालामा पर्नुहुने मध्ये एक ऐतिहासिक श्रामणेर कुमार, श्रीलंकाबाट त्रिपिटक उपाधि प्राप्त गर्नुहुने हालसम्म एक मात्र नेपाली भिक्षु, सहनशील-करूणाका धनी, आचार्य भिक्षु अमृतानन्दद्वारा संकलित, रचित, अनुवादित बुद्धकालीन ग्रन्थमालामा अहं भूमिका निभाउने व्यक्तित्व, पालि गाथालाई आकर्षण लयमा वाचन गर्ने एवं कुशल प्रवचकको रूपमा चिनुनुहुन्छ ।

भिक्षु अश्वघोष महास्थविर तथा आचार्य भिक्षु कुमार काश्यप महास्थविरको बुद्धशासनिक योगदानलाई कदर गरी म्यानमार सरकारबाट **"अग्गमहासद्धम्मजोतिकधज"** उपाधिद्वारा विभूषित गरिएको थियो । गोर्खा दक्षिणबाहु 'चतुर्थ' बाट पनि विभूषित भिक्षु अश्वघोष महास्थविरलाई २०६८ आश्विन १४ गतेका दिन अखिल नेपाल भिक्षु महासंघले धर्मविनयपूर्वक नेपालका पूज्यपाद छैठौं संघनायक पदमा पदासिन गरेको थियो । श्रीलंकाबाट **"त्रिपिटकाचार्य"** उपाधि तथा **"विद्यालंकार पद्मभूषण"**, भारतबाट **"महासद्धम्म परियत्ति प्रदीप"** बाट विभूषित आचार्य भिक्षु कुमार काश्यप महास्थविरलाई पनि सोही दिन संघउपनायक पदमा विधिपूर्वक पदासीन गरेको थियो । संघनायक तथा संघउपनायक महास्थविरहरूको अनुपम बुद्धशासनिक योगदानलाई कदर गरी अखिल नेपाल भिक्षु महासंघको तत्त्वावधानमा जनस्तबाट सम्बद्ध सयौं संघसंस्थाको संयुक्त सहभागितामा अभिनन्दन समारोह हुनु हामी सबैका लागि धर्म-गौरवको विषय भएको छ ।

जीवनको सम्पूर्ण समय धर्मप्रचारमा खर्चिनुभएका उहाँ द्वय महास्थविर भन्तेहरूको सम्मान गरिनु स्वयं अभिनन्दित व्यक्तित्वहरूका लागि पनि हर्ष-गौरवको विषय हुनसक्छ । औपचारितामै सीमित हुने गरी पदको लागि पद मात्र नहुने गरी, कसैलाई पदीयसम्मानले विभूषित गरेर मात्र कर्तव्य पुरा हुनसक्दैन, त्यसअनुरूप प्रभावकारी कार्यक्षेत्रको निर्धारण, अभिनन्दित-सम्मानित व्यक्तित्वहरू प्रति गरिने विधिव्यवहार, उहाँहरूको पदीय-जीवन शैलीलाई निश्चित प्रणालीबद्धअनुरूप अगाडि बढाउन सकेमा मात्र प्राप्त पदको सही मूल्यांकन हुन्छ, यसरी पदको सार्थकता सिद्ध हुनसक्छ ।

जे होस् जीवनको उत्तरार्द्धमा पूज्यपाद महास्थविरहरू यसरी संघनायक र संघउपनायक पदवीले विभूषित हुनुभएकोमा आम बौद्ध जगतको हार्दिक मैत्रीयुक्त बधाई एवं उहाँहरूको सफलतम कार्यकाल तथा सुस्वास्थ्य र सुखीनिरोगीको लागि मैत्रीकामना ।

# विषय-सूचि


| क्र.सं. | विषय | लेखक | पृष्ठ |
|---|---|---|---|
| १. | सुपटिवेधन | सत्यनारायण गोयन्का | ४ |
| २. | अनुपम नगरीको धर्ममय लोचन दृष्टि | कोण्डन्य | ६ |
| ३. | स्वयम्भू-प्रतापपुरको सन्देश | डा. भगवान दास मानन्धर | ९ |
| ४. | शिक्षामा दर्शनशास्त्र : चिन्तन समावेशको खाँचो | केशरी बज्राचार्य | १३ |
| ५. | गुणी भिक्षु | सुनील महर्जन | १५ |
| ६. | पूर्णता प्राप्तिको लागि बुद्धशिक्षा | शिशिल चित्रकार | १७ |
| ७. | अनागारिका-गुरुमांहरु प्रति | राज शाक्य | १८ |
| ८. | Translating Pali canon into Newari | Janaka Perera | १९ |
| ९. | China's U.S. $. 3 Billion...... | Kishore Sherchand | २१ |
| १०. | कच्छपजातक (कापले) | अनु. अष्टमुनि गुभाजु | २५ |
| ११. | बौद्ध गतिविधि | | २६ |



न्हूगु सुचं

## जातक : बोधिसत्त्वया सम्पूर्ण बाखँ

## पिदनीन ! पिदनीन !! पिदनीन !!!

अनुभवी अनुवादक भाजु दुण्डबहादुर वज्राचार्यजुया ल्हातं सललं वंकः याउँक अःपुइकः व थुइकः नेपाल भाषाय् अनुवादित सम्पूर्ण ५४७ पु जातक बाखं प्रत्येक छेँय् छेँय् संग्रह याना तये माःगु, ब्वने माःगु, ब्वंका न्यने माःगु ग्रन्थत याकनं पिदने त्यंगु झी सकसियां लागी अतीव धर्मगौरवया विषय खः ।

२०×३० बाइ ८ साइजया लगभग निद्वःत्यां मयाक पृष्ठ दुगु छकोलं खुगू (6 Volumes) या सेट आः तकं नेपाल भाषाया इतिहासय् गुगुं विधाय् गुबलें पिहाँ मवःनिकथं प्रथमवार पिहाँ वये त्यंगु दु । सीमित रूपय् पिदनीगु थुपिं जातक सेट पिहाँ वये न्ह्यो थः सम्बन्धित विहार वा संघसंस्थाय् वा क्वय्या ठेगानाय् सम्पर्क तया थःथःपिनिगु नां च्वका आरक्षण याना बिज्याहुँ/दिसँ । धर्मया मूल ग्रन्थ अध्ययन याना मूल खँ थुइकेत थःत अवसर चूलाका बिज्याहुँ/दिसँ । जातक सेटया जम्मा मू ३०००/- तका जुइ तर न्हवः दां बिया दर्ता नं. (ल्या) सहित रसिद कया तःपिन्त मू २०००/- तकां उपलब्ध जुइ ।

प्रत्येक थेरवादी विहारया प्रमुख भन्ते/गुरुमां वा बौद्ध संघसंस्थातय्सं उपरोक्तकथं आरक्षण इच्छुक व्यक्तिपिनिगु नां, ठेगाना, फोन नं आदि संग्रह याना जिपिंनापं यथाशिघ्र सम्पर्क तयेत इनाप दु । सीमित जक सेट छापे जुइगु जुया लिपा मदय्का नुगः मछिंकाः च्वनेमाले फु ।

लुमंके बहःजू, न्याना बिज्याइगु/दीगु प्रत्येक ग्रन्थ सेटपाखें बुद्धशासनयात बांलागु तिबः जूवनी । श्रद्धालु प्रकाशक परिवारपाखें पिदनीगु जातक ग्रन्थ सेट बिक्रीपाखें प्राप्त जुइगु रकम त्रिपिटक बौद्ध ग्रन्थ प्रकाशन कोषय् दुतिनीगु जुल ।

सम्पर्क :

वीर-पूर्ण पुस्तक संग्रहालय
पूर्णबहादुर वज्राचार्य एण्ड सन्स निवास
गाःबहाल, यल, मोबाइल नं. ९८४१२१७४२९
फोन नं. ५५४३४२५/५५३३३२६

भिक्षु कोण्डन्य
बुद्धविहार, भृकुटीमण्डप
फोन नं. ४२२७७०२/९८५१०४६१८८

भगवान् बुद्धको जीवनकालको एक घटना

# सुपटिवेधन



✍ सत्यनारायण गोयन्का

**"भगवान्ले वास्तवमा कसैमाथि अनुकम्पा गरेर नै दण्ड दिनुहुन्छ । उहाँको मन करूणाले सँधै भरिएको हुन्छ । बोधिचित्तद्वारा यसोज र उनका साथीहरूको गतिविधि थाहा पाए, उनीहरूको उपलब्धि थाहा पाए ।"**

मगध नरेश बिम्बिसारको छोरो अभय राजकुमारलाई भगवान्को धर्ममयी उपदेश अत्यन्त प्रिय लाग्यो, श्रेयष्कर लाग्यो । त्यस समय उनको मनमा पुनः एउटा प्रश्न उठ्यो र उ नसोधिकन बस्न सकेन र आफ्नो जिज्ञासा भगवान्को सामू प्रस्तुत गरे :-

"भन्ते भगवान ! तपाईंकहाँ विभिन्न प्रकारका ब्राह्मण, श्रमण तथा गृहस्थ विद्वानहरू आउँदछन् र विभिन्न प्रकारका प्रश्न गर्दछन् । के तपाईं तिनीहरूले कस्तो प्रकारको प्रश्न सोध्ला, त्यस्को यस्तो उत्तर दिन्छु, यसो भनेमा यस्तो भन्छु भनेर चिन्तन मनन् गर्नुहुन्छ कि विनापूर्व चिन्तन मनन् गरी जब सोध्छन् तब त्यही क्षण जे सही लाग्छ जे स्पष्ट हुन्छ त्यही उत्तर दिनुहुन्छ ?"

यस प्रश्नको उत्तर दिनको लागि भगवान्ले अभयसँग फेरी प्रतिप्रश्न गर्नुभयो, "राजकुमार ! यो जुन तिम्रो रथ छ नी, के तिमी यसको अङ्ग-प्रत्यङ्गलाई राम्ररी जान्दछौ ?"

"जान्दछु, भगवान ! मैले यसको भरपूर उपयोग गरेको छुँ । स्वानुभावले यसको अङ्ग-प्रत्यङ्गलाई राम्ररी जान्दछु ।"

"त्यसो भए के तिमी यस्तो सोच्छौ कि कोही व्यक्तिले मलाई यसको अङ्गको बारेमा सोध्नेछ र म त्यसलाई यस्तो उत्तर दिन्छु ।"

"सोच्दिन, भगवान् ! यसको लागि किन चिन्तन गर्नु पर्‍यो र ? म यो आफ्नो अनुभवले जान्दछु । यस सम्बन्धमा जो कोहीले कुनै समय प्रश्न गरेतापनि तत्क्षण त्यही उत्तर दिन्छु जुन त्यस समयमा सही र स्पष्ट लाग्छ । आफ्नो अनुभवले सिद्ध भएको यथार्थ कुरा भन्नको लागि के चिन्तन-मनन् गर्नु पर्छ र ?"

"ठीक त्यस्तै हो राजकुमार ! जसरी कोही रथी आफ्नो रथको अङ्ग-प्रत्यङ्गको बारेमा स्वानुभावद्वारा राम्ररी जान्दछ र रथको बारेमा कसैले प्रश्न सोधे भने पनि झट्ट उत्तर दिनसक्छ, उसलाई पहिला नै चिन्तन-मनन् गर्नु पर्दैन । त्यसरी नै तथागतले धर्म-धातु अर्थात् धर्मको गुण, स्वभावलाई भित्रसम्म गएर चिरेर, फाटेर, विभाजन गरेर, अलग अलग गरेर टुक्रा टुक्रा पारेर हेरिएको छ, स्वानुभावले जानिसकेको छ । अतः धर्मसम्बन्धी जुनसुकै प्रश्न सोधेतापनि उसलाई चिन्तन-मनन् गरेर उत्तर दिनु आवश्यकता पर्दैन । त्यस विषयमा उसले राम्ररी थाहा पाइसकेको हुन्छ । अतः तत्क्षण सही स्पष्ट उत्तर दिन्छ । सत्य बोल्नको लागि चिन्तन-मनन्को आवश्यकता पर्दैन ।

भगवान्को यस विवेचनाले अभय राजकुमारलाई अधिक श्रद्धा विभोर बनायो । भगवान्को महानता र सर्वज्ञताको बारेमा मनमा रत्तिभर पनि सन्देह रहेन । अन्य मानिसहरूले भगवान्को बारेमा जति पनि मिथ्या दोषारोपण लगाएको थियो, ती सबैको सहज निराकरण भयो, उन्मूलन भयो ।

अत्यन्त श्रद्धा, विनीत भएर उसले भगवान्लाई पुनः पञ्चाङ्ग प्रणाम गर्‍यो र हर्षोद्गारयुक्त शब्दमा आफ्नो आस्था प्रकट गर्दै भन्यो- "अद्भूत हुनुहुन्छ भगवान्, आश्चर्यजनक हुनुहुन्छ भगवान्, तपाईंले धर्मलाई यस्तो स्पष्ट शब्दमा सम्झाउनुभयो, जस्तो बाङ्गोलाई सोझ्याएर देखाएजस्तो, ढाकिएकोलाई उघारेर देखाएजस्तो, अन्धकारमा दीपक बालेको जस्तो ता कि आँखा हुनेले सत्यलाई स्वयं देख्न सक्दछन् । आज म त्रिरत्नको शरण ग्रहण गर्दछु । आजदेखि मलाई आफ्नो आजन्म अनन्य उपासक स्वीकार गर्नुहोस् ।"


यस अङ्क



गताङ्कमा



आनन्द भूमि

पढौं पढाऔं, समयमैं वार्षिक ग्राहक बनौं

आनन्द कुटी विहार संस्था, पो.ब.नं. ३००७, काठमाडौं, फोन: ४२७१४२०

E-mail : anandakutivihar@gmail.com, anandakutivihar@ntc.net.np
gkondanya@gmail.com, kondanya@soon.com

अभय राजकुमार धन्य भयो ।

उपरोक्त वार्तालापमा दुई शब्द प्रयोग गरिएको थियो । **"धम्मधातु सुप्पटिविद्धो"** धर्म भनेको प्रकृति, धातु भनेको स्वभाव । प्रकृतिको स्वभावको सुपटिवेधन अर्थात् त्यसलाई राम्ररी वेधन गरेर, चिरेर जान्नु । जस्तो परियत्ति (पर्याप्ति) ज्ञानलाई भनिन्छ, पटिपत्ति (प्रतिपत्ति) यस ज्ञानमार्गलाई प्रतिपादन गर्नुलाई भनिन्छ, त्यस मार्गमा अघि बढ्नुलाई भनिन्छ, त्यस्तै पटिवेधन (प्रतिवेधन) सत्यलाई चिरेर हेर्नुलाई भनिन्छ । यही विपश्यना हो । विपश्यना नगरिकन अनुभूतिद्वारा चिरेर हेर्ने काम कदापि हुँदैन । विपश्यनाको अभ्यासको थालनीसँगसँगै पटिवेधनको काम सुरु हुन्छ ।

धातु छ प्रकारका हुन्छन् । पृथ्वी, अग्नी, जल, वायु र आकाश यी पाँच भौतिक धातु हुन् । यसलाई रूपधातु भनिन्छ । विपश्यना गर्ने साधकले भित्र हुने घनीभूत संवेदनालाई राम्ररी जान्दछ, त्यसलाई तटस्थभावले जान्दछ र स्वतः त्यसको गहिराईसम्म पुग्दछ । खोतली-खोतली भित्रसम्म पुग्दछ र थाहा पाउँदछ कि धातु सबै तरङ्गै तरङ्ग मात्र हुन् अनित्य स्वभावयुक्त छन्, उदय-व्यय स्वभावयुक्त छन्, जसमा अलिकति पनि आफ्नो अधिकार छैन । यस नामरूपको प्रपञ्चलाई हेर्दै, विभाजन गर्दै साधक तटस्थभावले, प्रज्ञापूर्ण उपेक्षाभावले अघि बढ्दै जान्छ त उसको चित्त विकारविहीन हुन थाल्दछ, निर्मल हुन थाल्दछ र अन्ततः एक अवस्थामा सम्पूर्ण संस्कार निष्काशन हुन्छ र नामरूपभन्दा पर, चित्त र शरीरभन्दा पर, यी छ धातुभन्दा पर परम-सत्य निर्वाणको साक्षात्कार हुन्छ । जुन नित्य छ, शाश्वत छ, ध्रुव छ, अमृत छ । खोतली-खोतली गहिराईसम्म पुग्दछ, आफ्नै अनुभूतिद्वारा जान्दछ, नितान्त विमुक्त अवस्थासम्म पुग्दछ भने त्यसलाई नै सुपटिविद्धता भनिन्छ अर्थात् सम्पूर्ण प्रकारले प्रतिवेधन गर्नुलाई नै सुपटिविद्धता भनिन्छ । अब यस व्यक्तिलाई धर्मसम्बन्धी चाहे जस्तोसुकै प्रश्न गरोस् उसलाई चिन्तन-मनन् गर्नु, तर्क-वितर्क गर्नु, आलताल गर्नु कुनै आवश्यकता छैन । जस्तो कि आफ्नोसामू टेबुल छ र कोही आएर यो के हो भनी सोध्छन् भने "यो टेबुल हो" भनेर उत्तर दिनुमा चिन्तन-मनन् गर्नु, तर्क-वितर्क गर्नुको के आवश्यकता छ र ? त्यस्तै कलम छ भने यो कलम हो भनेर भन्नुमा के गाह्रो भयो र ? के चिन्तन-मनन् गर्नु पर्छ ? के सोच्नुपर्छ र ? यस्तै प्रकार विपश्यनाद्वारा प्रकृतिको नियमलाई आफ्नो प्रज्ञाद्वारा चिरेर-फारेर हेरेपछि त्यस सम्बन्धमा उत्तर दिनको लागि केही समस्या हुँदैन । जानीबुझी झूठो बोल्नु छ भने, छलकपट गरेर धोखा दिनुछ भने, कुनै काल्पनिक मान्यतालाई सत्य सिद्ध गर्नु छ भने सोच्नुपर्ने हुन्छ । मनमनै तर्क-वितर्क गर्नुपर्ने हुन्छ । जुन सत्यलाई अनुभवद्वारा भित्रसम्म जानिसकेको छ भने ती सबैको के आवश्यकता ?

आऊ ! धर्मलाई गहिरिएर हेर्न सिकौं र सुपटिवेधनको अन्तिम अवस्था प्राप्त गरेर आफ्नो कल्याण सञ्चय गरौं ।


अभिनन्दित नेपालका छैठौं **नवसंघनायक भिक्षु अश्वघोष महास्थविर**

तथा

**नवसंघउपनायक भिक्षु कुमारकाश्यप महास्थविर**को

बुद्धशासनिक सफलतम कार्यकाल एवम्

सु-स्वास्थ्यका लागि

**मैत्रीपूर्ण कामना** !

**मिलन बहुउद्धेश्यीय सहकारी संस्था लिमिटेड**

ह्वनाछैं, पाको, न्यूरोड, काठमाडौं ।

फोन: ४२३१०३६, ४२२२०६५, फ्याक्स : ४२१६१६७

नवआयामिक अनुपम नगरदेखि अमरावतीसम्म समीक्षात्मक यात्रा-१

# अनुपम नगरीको धर्ममय लोचन दृष्टि

✍ कोण्डन्य

पालिभाषा-साहित्यअन्तर्गत बुद्धको जीवनोपयोगी सन्देश-धर्मोपदेश-जीवन जिउने कलासम्बन्धी विविध अन्तर विषयको अनुवाद विधाजगतबाट छुट्टै स्वपहिचान स्थापित गर्दै निरन्तर रूपमा बौद्ध साहित्यिक-कृति क्षेत्रमा झुल्किरहेको यौटा सुबोधगम्य कृति-श्रष्टा हुन्- दोलेन्द्ररत्न शाक्य । अनुवादक, पुस्तक लेखक, कृतिकारको पहिचानसँगै आज **'अनुपम नगरीमा धर्म-सन्देश'** शीर्षकीय धर्ममय-साधकीय साहित्यिक उपन्यास ग्रन्थको प्रकाशनसहित नौलो आयामिक प्रयोगात्मक मार्गमा उभिने साहस गरिरहेका स्रष्टा हुन्- दोलेन्द्ररत्न शाक्य । यसभन्दा अगाडि उनका प्रकाशित अनुवाद तथा लेखन कृतिहरूमा डुबुल्किंदै समीक्षात्मक आलेखन कोर्न थुप्रै सुअवसररूपी मार्ग-प्रशस्त भएका थिए, उनले तथा उनका प्रिय पाठकहरूको मागअनुरूप कतिपय कृतिमा समीक्षात्मक भाव कोर्न म असमर्थ थिएं । सामर्थ्यता एवं असमर्थताका बीच आज पुनः अनुपम नगरीमा स्वतन्त्र रूपले चहार्ने यौटा यात्री, यौटा पर्यटक, धर्म-पिपासु, धर्म-जिज्ञासु, धर्म-साधक, पर्यवेक्षक, गवेषक, अन्वेषकको रूपमा आफूले आफैंलाई धर्म गौरवको अनुभूत गरिरहेको छु । पृथक-पृथक अस्तित्व धारणसहितको यात्री, तीर्थयात्री वा घुमफिर गर्ने पर्यटक.... कुन रूपमा आफूलाई प्रस्तुत गर्ने हो-यो अन्यौलता त छंदैछ, तर पनि "अनुपम नगरीमा भएको धर्म-सन्देश" लाई बेलिविस्तारपूर्वक केलाउनु, समीक्षासहित रचनात्मक दिशा-निर्देशन गर्नु एक भिक्षुको कर्तव्य ठानेर नै **"अनुपम नगरीको धर्ममय लोचन-दृष्टि"** शीर्षकीय परिधिभित्र उभिएर यसरी कलम चलाउन तम्सिएको छु ।




"अनुपम नगरीमा धर्म-सन्देश" नामक यो कृति नेपाली भाषा तथा बौद्ध साहित्यिक-आध्यात्मिक क्षेत्रमा यौटा महत्त्वपूर्ण र नवीन सङ्कथन हो । साहित्यिक विकास क्रमलाई नियाल्दा उत्तर आधुनिक सन्दर्भमा सङ्कथन भनेको भाषाको माध्यम वा प्रयोगबाट ज्ञान वा अनुभवको विमर्श हो । आखिर विमर्शहरू थरी थरी आयामिक वा विधागत छाँट र प्रकारका हुनसक्छन्- जस्तोकि धार्मिक सङ्कथन, सामाजिक सङ्कथन, दार्शनिक सङ्कथन मनोवैज्ञानिक सङ्कथन, वैज्ञानिक सङ्कथन, साहित्यिक सङ्कथन, प्रवचनमय सङ्कथन, ध्यान-साधनामय सङ्कथन आदि । दोलेन्द्ररत्न शाक्यको ५०० पृष्ठको यस औपन्यासिक कृति धार्मिक सङ्कथन, आध्यात्मिक सङ्कथन, ध्यान-साधनामय सङ्कथन वा नितान्त धार्मिक प्रवचनमय सङ्कथनअन्तर्गत पर्दछ भन्ने कुरा सुरूदेखि अन्तसम्मको अध्ययनले स्पष्ट हुन्छ । यस कृतिभित्र धार्मिक/आध्यात्मिक वा साहित्यिक सिर्जनात्मक विमर्शको कम प्रयोग देखिएतापनि बुद्धको जीवन जिउने कलासम्बन्धी उपदेशात्मक प्रवाहलाई जुनसुकै रूपमा जसरी भएपनि लेखकले हरसम्भव समेट्ने तत्परता देखाएको पूर्णपाठ-लेखनीमा झल्किएको भावलाई आत्मसात गर्न सकिन्छ ।

सरल-सुबोधगम्य यस कृतिभित्र बुद्धको उपदेशलाई समेटी दोलेन्द्ररत्नले आत्मपरक शैली अंगाली कल्पित अमरावतीबाट अवतरित अनुपम नगरीको सैर गर्नेक्रममा आफूलाई धर्म-सन्देश वाहक, जीवन-सन्देश वाहक, जीवन-दर्शन सत्यज्ञाता, धर्म-प्रवचक, धर्म-व्याख्याताको प्रतीकात्मक रूपमा **'कृतार्थ'** संज्ञा धारण गर्न इच्छुक रहेको संकेत पाइन्छ । "आफूले आफ्नो परिचय के बताउने ? वास्तवमा मेरो परिचय नै छैन । म कर्मको पुतला मात्र हुँ । कर्मले गुडाएर म यहाँसम्म आइपुगें, म सबैको हुँ र सबै मेरा हुन् (पृ.१६५)।" भनी आफ्नो परिचय दिने क्रममा पाठकलाई धर्मसाधनासहितको साहित्यिक विधामा छाउन तथा सन्देश दिन प्रयत्नरत कृतार्थको एकपक्षीय प्रवाहले वर्तमान वस्तुस्थितिलाई समेट्न नसकिंदा एकोहोरो धार्मिक व्याख्यान सुनिरहनुजस्तो, सम्भवतः पाठकलाई पूर्णपाठ पढिसक्न अलि समय लाग्ने सुनिश्चित छ । लेखक धर्म-सन्देश प्रवाहकका रूपमा उत्सुक तथा आतुर देखिएझैं पाठक कत्तिको धैर्यतापूर्वक अगाडि बढ्ने हो ? निर्क्यौल गर्न सहज छैन । अत्यन्त मेहनतकासाथ गहकिलो धार्मिक जीवन-उपयोगी सन्देशलाई दैनिक जीवनमा उतार्न हरसम्भव प्रयत्नरत लेखकीय यस कृतिभित्र भौतिकवाद गौण भई आध्यात्मिक-धार्मिक-साधनामय उन्मुख कथात्मक चित्रण अध्ययन गर्दा लेखकले स्रष्टाको रूपमा आफ्नो लेखनी विधालाई धैर्य-

इमान्दारीता प्रस्तुत गरेको भाव पाठकले ठम्याउन सकेन भने, त्यस्ता पाठक दिग्भ्रमित हुनसक्ने प्रशस्त संभावना देखिन्छ ।

बुद्धधर्मसम्बद्ध आधुनिक लेखनी-प्रकाशन जगतमा यस कृतिको प्रकाशनले नवीन साहित्यिक चिन्तन तथा प्रयोगको उपयोगी विमर्श प्रभावकारी एवं संप्रेषणीय ढङ्गले प्रस्तुत गर्ने जमर्को गरिएकै छ भन्न कर लाग्छ किनभने प्रयोगात्मक उपन्यास शैलीअन्तर्गत धार्मिक चेतना प्रवाहलाई समेटी धर्मसम्मत तवरले आधिकारिक व्याख्या, निर्भिक टिप्पणी, सुवोध प्रतिपादन गर्ने लेखक प्रयासरत देखिन्छ । सामाजिक विसङ्गतिवादलाई निमिट्यान्न पार्न धार्मिक प्रयोगवादको सार्थक-प्रेरक-उपयोगी शैली अपनाउन सक्नु, धर्मको मूल ज्ञान पढेर आखिर धार्मिक साहित्य नै सम्पोषित हुनु यथार्थतः सम्बद्ध सबैका लागि सुखकर एवं धर्म-गौरवमय शानकै विषय हुन्छ । दोलेन्द्र रत्नको यस कृतित्वले नयाँ आयामिक विधागत बौद्ध वाङ्मयिक ऋणको भारी बोकाएको जो कसै धैर्यवान पाठकलाई अनुभूत हुनु अस्वाभाविक होइन ।

हामीलाई थाहा छ धेरै चीजवस्तुसहितको खर्पन गऱ्हुङ्गो र बोझिलो पनि हुन्छ भने कहिलेकाहिँ खाली खर्पन समेत बोझिलो र गऱ्हुङ्गोजस्तो भान हुन्छ । बुद्धधर्मसम्बन्धी जिज्ञासु, मुमुक्षुकहरूलाई प्रारम्भिक ज्ञानदेखि ध्यानसाधनासहित विमुक्ति-रसपान गर्नसक्ने मार्ग प्रशस्त गरिएको पृथक पृथक विषयलाई समेटिएको यो औपन्यासिक धार्मिक कृति बोझिलो र गऱ्हुङ्गो हुनु स्वाभाविक हो । धेरै बोझ हुँदा त्यसलाई बहादुर वा वीर्याधिक क्षमतावान, सामर्थ्यवानले त निरन्तर काँधमा बोकी गन्तव्यसम्म पुऱ्याउन सक्ने हुन्छ, होइन भने भारी बिसाउँदै ठाउँठाउँमा आराम लिंदै, चौतारीमा गफ मार्दै, अझ अरूलाई समेत भारी बोकाउँदै वा भारीलाई बाँडीचुँडी भएपनि गन्तव्यमा पुऱ्याउनेहरू हुन्छन् । हो, त्यसरी नै यस धार्मिक कृतिलाई अध्ययन गर्ने पाठकले कसरी भारी बोक्ने, बिसाउने वा सरासर सुरवीरतापूर्वक गन्तव्यमा पुऱ्याउने हो यकीनसाथ भन्न सकिन्न । जे होस् आत्म-कहानीकै रूपमा, यौटा वक्ता र प्रस्तोता स्वयं प्रवचक, स्वयं श्रोता र स्वयं पाठकको रूपमा लेखकले आफूलाई प्रस्तुत गर्ने प्रयास गरेको भनी स्वीकार गरेपनि आफूलाई ज्ञाताको रूपमा आत्मश्लाघा प्रकट गरे, मपाईंत्व दर्शाए भनी लाच्छना लगाउलान्की भन्ने डरबाट लेखक मुक्त हुन सकेको छैन भने उनकै शब्दमा भन्नुपर्दा **लाटा देसमा गाँडा तन्नेरी** मात्रै हुन् ।

लेखकले एक रातमा देखेको भिजनलाई दीर्घकहानीको रूपमा औपन्यासिक विधामय तुल्याउन जमर्को गरेकै हुन् । यद्यपि त्यो साहसिक लेखन यात्राको लेखाजोखा पाठक दीर्घाबाट स्वतन्त्ररूपले हुन बाँकी नै छ । जीवनको सार बुझ्न र प्राप्त गर्न सुखको लागि सद्धर्म श्रवण, धारण र पालनको आवश्यकता, त्यस्तै उद्देश्य-गन्तव्य प्राप्त गर्न शील पालन, चंचलतालाई नियन्त्रणार्थ एवं अतीत-वर्तमान अशुद्धिलाई हटाउन विपश्यना भावनाको अपरिहार्यता छ भन्ने मान्यता बोकेका कृतार्थले वस्तु, व्यक्ति र स्थितिलाई आत्मभावले होइन यथाभूत-जस्ताको तस्तै दर्शनलाई बढावा दिएका छन् । त्यसैले लेखक कृतार्थकोरूपमा यसरी प्रस्तुत भएका छन्- "हाम्रो जीवन शरीर र मनको संगम, मनविना शरीरलाई मात्र जीवन भन्न सकिंदैन, शरीर विना मनलाई मात्र जीवन मान्न सकिन्न । शरीर छ, मन छैन भने त्यो जीवन होइन, लास मात्र हो, त्यस्तै शरीर छैन मन मात्र छ- त्यो जीवन कहलिंदैन । त्यो त पिसाच वा प्रेतमा गनिन्छ । न त हामी लासमा न त प्रेतमा जीवनको सार खोज्न चाहन्छौं । जहाँसुकै रहौं, जुन परिवेशमा रहौं, जीवन जीवन नै हो । लक्ष्य त एउटै हो र हुनुपर्छ । त्यो लक्ष्य-निर्वाणिक सुखको प्राप्ति हो (पृ. ६५)।"

अनुपम नगरीमा भएगरेका धर्म-सन्देशलाई श्रोताका रूपमा श्रवण गर्दा वा दर्शकका रूपमा दृश्य हेर्दा यस कृतिभित्र धार्मिक शास्त्रीयतावाद (क्लासिसिज्म) बढी झल्किएको छ । परिष्कारवाद-आभिजात्यवाद वा शास्त्रवादका ती यावत धार्मिक गनथनलाई बेलिविस्तारपूर्वक नवशास्त्रीयतावाद ( नियो-क्लासिसिज्म) तर्फ घचेट्ने प्रयास भएकै कारण नवउदात्तवादलाई समेटिएको भन्न सकिन्छ । त्यसो त ज्ञानलाई संप्रेषण गर्न **"आदर्शो यथास्यात् तथा वदनम्"** अर्थात् आदर्श जे जस्तो छ त्यसैलाई बताउनु/बुझाउनु भन्ने कथ्यलाई अनेकन आदर्शवाद (आइदियलिज्म) चिन्तन-उदाहरणसहित प्रस्तुत गरिएको कृतिभित्र कहिंकतै स्वच्छन्दवाद (रोमान्टिसिज्म) भेटिन्न, त्यसैले प्रेमले शोक हुन्छ, दुःख पैदा हुन्छ भन्ने बुद्धोपदेशलाई झल्काइएको छ । दर्शन र साहित्य दुबैतिर प्रत्यय, प्रतीति वा विचारलाई नै यथार्थ मानिन्छ भने यथार्थवाद (रियलिज्म) लाई अंगाली भौतिकवादी चिन्तन सर्वथा सार्वकालिक, सार्वजनीन हुन नसक्ने तथ्य औंल्याइएको देखिन्छ । अति यथार्थवादले अन्धभक्तमै पिल्सिने डर हुन्छ भने अनिश्वरवादी चिन्तनले जो-कोही व्यक्तिको गुणात्मक एवं कर्मको सुधार पक्षलाई मजबूत पारिदिन्छ । समग्रमा भन्नुपर्दा मानवजीवनलाई सार्थक तुल्याउन मानवीय भावना जगाउन उत्प्रेरित गर्ने दिशानिर्देशनले भरिएको यो उपन्यास मानववादी (ह्युमानिज्म) उपन्यास हो ।

लेखनी क्षेत्रमा कसैले आफ्नो भावनालाई पाठकदीर्घासामू साटासाट गर्ने विषयगत वा समयसापेक्षित

परिवेशअनुरूप सान्दर्भिक दृष्टिले साहित्यिक विधाअन्तर्गत जुनसुकै वादलाई छनौट गर्न सक्छन् तर त्यसले पाठक दीर्घालाई बोधगम्य, सरल एवं पठनीय तुल्याउनु सम्बद्ध लेखकको परमधर्म हो । त्यसैले कुनैपनि स्थापित मर्यादाका जीवन्त तत्त्वहरूलाई विकसित गर्नु प्रयोगको धर्म हो । समाजमा स्थापित पुराना मर्यादाले हामीलाई नौलो आयामिक संस्कार दिन्छ भने नयाँ मर्यादाले विकासतर्फ अग्रसर हुन घच्घच्याउँछ । त्यसैले प्रयोगवाद (एक्सपेरिमेन्टालिज्म) ले पुराना मर्यादाका ती अंशहरूलाई स्वीकार्दछ, जसले नयाँ मर्यादाको विकासमा योग दिन्छन्, सहयोगी भूमिका निर्वाह गरेका हुन्छन् । यसरी नयाँकाप्रति आस्थावान बन्नु प्रयोगको स्वभावधर्म हो, प्रकृति हो । सामान्यतः अमूर्त, अदृश्य, अश्रव्य र अप्रस्तुत विषयको प्रतीक बन्ने कार्य मूर्त, दृश्य, श्रव्य र प्रस्तुत विषयले अभिभार बहन गरिरहेको हुन्छ भने यसलाई प्रतीकवाद (सिम्बोलिम्ज) वा बिम्बवाद (इमेजिज्म) को रूपमा परिभाषित गर्न सकिन्छ । परम्परागत र वैयक्तिक प्रतीकमध्ये दुबैलाई समेटिएर लेखकले यस उपन्यासमा आफूलाई प्रस्तुत गर्ने कोशिस गरेको देखिन्छ । त्यसैले धर्म-दर्शन, लोककथा, साहित्य जीवनजगत्सम्बन्धी प्रतीकलाई प्रयोगवादीको दृष्टिले आफूलाई कथावाचक, व्याख्याता, प्रवचक, साधकको रूपमा "कृतार्थ" लेखक स्वयं अनुपम नगरीमा मूलपात्र, नायक-हिरो, प्रोटागोनिष्टको रूपमा अवतरित भएको देखिन्छ ।

जहाँसम्म यस नौलो प्रयोग भावसहित प्रकाशित यस कृतिको औपन्यासिकताको सवाल छ, यसलाई साहित्यिक जगतमा ख्यातिप्राप्त उपन्यास विधाको क्रमसंगै कसरी कुनरूपबाट मापन गर्ने हो, पाठक एवं साहित्यिक दीर्घामा यसको पृथक मूल्यांकन भविष्यमा हुँदै जालान् । भनिन्छ **नहि रसादृते कश्चिदर्थः प्रवर्तते** अर्थात्- रसविना कुनैपनि काव्यको सृजना हुन सक्दैन भने **वाक्यं रसात्मकं काव्यम्** अर्थात् रसात्मक काव्यलाई काव्य भनिन्छ । यस परिभाषाअन्तर्गत प्रस्तुत उपन्यासलाई साहित्यिक रस कम, धर्मरस अत्यधिक सन्निहित उपन्यास मान्न सकिन्छ । प्रसिद्ध भारतीय उपन्यासकार प्रेमचन्द उपन्यासलाई मानवचरित्रको चित्र ठान्दछन् । मानवचरित्रमा प्रकाश पार्नु र तिनका रहस्यहरूलाई खोल्नु नै उपन्यासको मूलतत्त्व ठान्दछन्- प्रेमचन्द । उपन्यास-पाठक सबैलाई थाहा भएकै कुरा हो कि कथावस्तु, पात्र, संवाद, भाषाशैली, वातावरण र उद्देश्य औपन्यासिक तत्त्व हुन् । यस उपन्यासमा कार्यकारण-घटनावृतान्त सृंखलाबद्ध बाँधिएका छैनन्, त्यसैले यस उपन्यासमा विन्यस्त कथावस्तु (अर्गानिक प्लट) छैन भने घटना/पात्र र प्रसङ्ग एकअर्कासँग असम्बन्धित, कथातत्त्वको दृष्टिभाव नहुँदाखेरी औपन्यासिक भाषामा भन्नुपर्दा शिथिल कथावस्तु (लूजप्लट) मान्न सकिन्छ ।

औपन्यासिक प्रस्तुतिका दृष्टिले कथात्मक (बायोग्राफिकल), आत्मकथात्मक (अटोबायोग्राफिकल), पत्रात्मक (डकुमेन्ट्री) र दैनिकी (डायरी) मध्ये धार्मिक भावसहितको कथात्मक तथा आत्मकथात्मक भाव यस उपन्यासमा प्रयोग गरिएका छन् । सुरुदेखि अन्तसम्म प्रस्तुतिकरणलाई हेर्दा लेखक तटस्थ-कथावाचकका रूपमा आफ्नो जीवनको घटित विश्लेषण-वर्णन गर्ने पात्र, कुनैदिन घटेको घटनामा आधारित भिजनयुक्त संस्मरणात्मक दिनगन्ति र स्थानविशेषलाई महत्ता दिई उपन्यासको प्रमुख पात्र 'कृतार्थ' केन्द्रित रहेको देख्दा दैनिकी-उन्यासजस्तै लाग्न सक्छ । समग्र उपन्यासभित्र ५६ जना पात्रहरूले कुनै न कुनै रूपमा प्रतिनिधित्व गरेका छन् भने प्रमुख पात्र (प्रोटागोनिष्ट) 'कृतार्थ' एकोहोरो-एक्लो हिरो हुन् । प्रायः अरू सबैलाई जिज्ञासु प्रश्नकर्ताको रूपमा प्रस्तुत गरिएको देख्दा 'कृतार्थ' बाहेक अरु गौणपात्र लाग्छन् । त्यसो त उपन्यासमा वर्णात्मक, नाटकीय वा विश्लेषणात्मक रूपमा चरित्रचित्रण गर्ने जुन परम्परा छ, त्यसअन्तर्गत संवादको माध्यम यद्यपि सोधनी वा प्रश्नकर्ताकै रूपमा प्रस्तुत गरिएको छ । जवाफीकर्ता, ब्याख्याताको एकोहोरो वर्णन-विश्लेषणले पाठकलाई नीरसता सृजना हुनबाट जोगाउन सफल मान्न सकिन्छ- यस भित्रको धर्म-जिज्ञासायुक्त संवाद, यति पनि नभइदिंदो हो त पाठकलाई धैर्य गर्न अत्यन्त कठिनाई हुने थियो कि !? अब उल्लेख्य विषय वस्तुभित्र अन्तरनिहित भई समीक्षात्मक चित्रण गर्ने प्रयास गर्नु प्रासङ्गिक होला ।

क्रमशः ......

**पश्चिम नेपाल बस ब्यवशायी संघद्वारा पर्यटकीय धार्मिकस्थल लुम्बिनीबाट स्तरीय दिवा सेवा ननस्टप टुरिष्ट बस संचालन भएको सहर्ष जानकारी गराउँदछौं ।**

**छुट्ने समय : लुम्बिनी : ६.०० भैरहवा : ६.४५**
**काठमाडौं ग्वँगःबुं बसपार्क : ७.००**

**कलंकी शाखा : ईन्चार्ज रामबहादुर कुंवर**
**फोनः ९८४१३४४०६४**



स्वयम्भू महाचैत्य, समिपमा चट्याङ्गबाट प्रभावित प्रतापपुर र हारतीमाताको मन्दिर (फोटोः लेखक)

# स्वयम्भू-प्रतापपुरको सन्देश

✍ डा. भगवान दास मानन्धर



"सत्ययुगमा काठमाण्डौं उपत्यका दह थियो जसलाई नागदह अथवा कालीह्रद पनि भनिन्थो । श्री विपश्वी तथागतद्वारा जामाचो पर्वतमा बसी कालीह्रदतर्फ दृश्यावलोकन गरी अलौकिक कमलफूलको बीजारोपण गरियो । यसबाट हजार पुष्पपत्र भएको दिब्यकमलको उदय भयो । सोही पुष्पकमलबाट श्रीस्वयम्भू ज्योतिरूप प्रकाश भयो । सोही प्रकाश ज्योतिरूप पञ्चरश्मिबाट क्रमशः वैरोचन, अक्षोभ्य, रत्नसंभव, अमिताभ र अमोघसिद्धि तथागतहरू उदाए ।

यस किसिम श्रीस्वयम्भू ज्योतिरूप प्रकट भएको थाहा पाई श्रीशिखी तथागत, श्रीविश्वभू तथागत र त्यसपछि महाचीनबाट बोधिसत्व मञ्जुश्री दर्शनको लागि आए । बोधिसत्व मञ्जुश्रीद्वारा श्रीस्वयम्भू ज्योतिरूप सर्वसाधारणका लागि दर्शनार्थ सुविधा दिलाउने दृढसंकल्प गरियो । सो संकल्पअनुसार नागदहको पानी चोभार र क्वदुवाको पहाड फुटाई पानी निकास गराई काठमाडौं उपत्यकाको पानी सुकाई बस्ती बसाई, शिष्य धर्माकरलाई राजा बनाए ।

बोधिसत्व मञ्जुश्रीपछि यस श्रीस्वयम्भू ज्योतिरूप दर्शनार्थ श्रीक्रकुच्छ तथागत र कनकमुनि तथागत, त्यस्तै काश्यप तथागत वाराणसीबाट आइपुगे । काश्यप तथागतद्वारा श्रीस्वयम्भू ज्योतिरूप दर्शनपश्चात् काशीमा फर्की श्रीस्वयम्भू ज्योतिरूपको विषयमा धर्मब्याख्यान गर्नुहुँदा गौड देशका राजा प्रचण्डदेव श्रीस्वयम्भू ज्योतिरूपको धर्मब्याख्यानबाट अत्यन्त प्रभावित भई स्वयम्भू क्षेत्रमा आइपुगे । दूरदर्शी राजा प्रचण्डदेवले कलियुगमा मानिसहरूको लोभपाप बढिभई यस ज्योतिरूपलाई लापर्वाही गर्नेछन्, अनास्था गर्नेछन् भनी विवेकपूर्ण दृष्टि मनमा लिई श्रीस्वयम्भू ज्योतिरूपलाई महान् चैत्याकार रूपमा परिणत गर्न शुभसंकल्प गरे । तत्समय श्रीस्वयम्भू सेवाभक्तिमा लागेका महाभिज्ञ गुणाकर भिक्षुको शिष्यत्व आफुद्वारा ग्रहणगरी राजा प्रचण्डदेव शान्तश्री भिक्षु भई श्रीस्वय्म्भू महाचैत्यको स्थापना गरे । श्रीस्वय्म्भू महाचैत्यको प्रतिष्ठानपछि पुनः आचार्याभिषेक लिई भिक्षुपद त्यागगरी शान्तिकराचार्य कहलाइए । नेपालको हृदयङ्गम्स्थल काठमाडौं उपत्यकाको आत्मकथा श्रीस्वयम्भू महाचैत्यसंग यसरी जोडिएको छ ।"[१]

"स्वयम्भू महाचैत्यमा बंगालका सुल्तान शमस्सुदिनद्वारा ने.स. ४७० मा असंख्य धन द्रव्यको लोभलालचमा ध्वस्त पारी चैत्यको गर्भमा रहेका नवरत्न, सुन, चाँदीआदि बहुमूल्य वस्तु लुटी आगजनी गरी घोर अत्याचार गरे । उनले पशुपति, भक्तपुर, पाटनका धेरै देवमन्दिरहरू ध्वस्त पारे । ने.सं. ४९२ मा कान्तिपुरका समृद्ध महापात्र राजहर्ष भल्लोकद्वारा पुनःनिर्माण भएको थियो ।"[२] यसरी धेरै वर्षसम्म जीर्णावस्थामा स्वयम्भू महाचैत्य फालिएको कारण यस चैत्यलाई **"स्यंगु भगवान्"** भन्नेगरिएको हेक्का पनि जनमानसमा सुन्नपाइन्छ । अर्कोतर्फ इतिहास, घटना तथा व्यवहारका विवेचनाकार नाति महर्जनका अनुसार लिच्छवि कालका राजा प्रचण्ददेवद्वारा हालको स्वयम्भू डाँडाको टुप्पाको जंगल हटाई चैत्य स्थापना गरेका थिए । सो स्थानलाई स्थानीय नेपाल भाषामा "स्यंगु भगवान्" भन्ने गरिन्थ्यो भन्ने भनाई उहाँको हो । वि. सं. २००७ सालतिर श्रद्धेय भिक्ष अमृतानन्दले महामञ्जुश्री डाँडामा वेसन्तर जातकको धर्मदेशना गर्नुहुँदा अपभ्रंस नामाकरणलाई पुनः सच्याई "स्वयम्भू" हुनुपर्नेमा जोड गर्नुभएको हो ।[३]

श्रीस्वय्म्भू महाचैत्यको वरीपरि विभिन्न देशी तथा विदेशी श्रद्धालुभक्तजनहरूद्वारा विभिन्न समयमा चैत्य, मन्दिर, गुम्बाआदिहरू निर्माण गरिएको हो । जस्तो हारती माताको मन्दिर, बसुन्धरा मन्दिर, शान्तिपुर, स्वयम्भू भजन सतल आदि । नेपाल सम्बत् ७७५ मा श्रीस्वयम्भू महाचैत्य परिसरमा तत्कालीन राजा प्रताप मल्लले अनन्तपुर र प्रतापपुर मन्दिर बनाउन लगाएका थिए । प्रतापपुर मन्दिर गन्धकुटी शैलीमा निर्माण भएको करीब साढ्ठी फिट अग्लो स्वयम्भू चैत्यको उत्तरीपूर्वी कुनामा अवस्थित छ ।[४] तत्कालीन राजा प्रतापमल्ल आफू तान्त्रिक विद्यामा प्रखर थिए र आफ्नो विद्वता प्रर्दशन गरेका थिए भन्ने एक सुमधुर प्रमाण यी दुई मन्दिरहरू हुन् । यसलाई तान्त्रिकविधि विधानका लागि शिखर प्रस्तुति नमूनाको एक प्रयोगकक्षाको रूपमा लिन सकिन्छ । यस

प्रयोगशाला/मन्दिरमा तीनसय छपन्न वर्षको अन्तिम घडीतिर जम्मा सातवर्ष सातमहिना चौधदिनको अति छोटो अवधि अन्तरालमा दुई अप्रत्याशित घटना भए, प्रतापपुरमा ।

पहिलो निर्माण कालको ३५० वर्षपछि प्रतापपुरमा वि. सं. २०६० श्रावन १९ गते राति आगलागी भएको थियो । यस विश्वसम्पदाको सूचीकृत प्रतापपुरमा आगलागी भई पूरै मन्दिर ध्वस्त भयो । आगलागी कसरी भयो ? यसको कुनै प्रमाण भेटिएन् । यो अप्रत्याशित दुर्घटना थियो । पुरातत्व विभागले करीब पैंतालिस लाख रूपैंया खर्चगरी पुनः संरचना पुरानै गन्धकुटी शैलीमा डेढ दुई वर्ष लगाई निर्माण समापन गरियो ।[५]

दोस्रो घटना २०६७ फागुण ३ गते मंगलबार विहान पाँच बजेतिर पानी परेको अवस्थामा ठूलो गर्जनका साथ परेको चट्याङ्गले सो पुनः निर्मित प्रतापपुरलाई करीब पाँच वर्षपछि पुनः क्षतविक्षत हुनेगरी सो मन्दिरको गजुरदेखि पुरै जग भुइँसम्म नै क्षति पुऱ्यायो । यी दुबै घटनाबाट प्रतापपुरको ऐतिहासिक अस्तित्व धरापमा पुऱ्याएको छ । भन्ने नै हो भने प्रतापपुरको अस्तित्वको आवश्यकता वा अनावश्यकताप्रति गहन प्रश्नचिन्ह आगलागी र चट्याङ्ग दुबैले खडा गरिदिएको छ ।

प्रतापपुरमा लागेको आगलागी श्रद्धालुभक्तजनहरूले चढाएको बत्तीबाट हुनसक्ने सम्भावना बढी देखिन्छ । चट्याङ्गको कारण पनि आगलागी हुन सक्छ तर त्यस समय चट्याङ्ग परेकै थिएन । प्रतापपुरमा चट्याङ्ग पर्नुको के रहस्य हुनसक्छ बुझ्नका लागि भने चट्याङ्गको उत्पत्ति र यसको प्रक्रियाबारे जानकारी राख्नु उचित होला ।

चट्याङ्ग पर्दा दुईवटा प्रक्रियाहरू देखिन्छन् र सुनिन्छन् । पहिलो लक्षण, आकाशमा विजुली चम्किनु । आकाशमा बादल बादलबीचको वा आकाश र जमीनबीचको विपरीत ध्रुवीय उर्जाबीचको तनावका कारण वायुमण्डल भित्रको विद्युतीय विस्फोट हुनजान्छ । सो विद्युतीय विस्फोटका कारण विजुली चम्किन्छ । वायुमण्लमा विजुली चम्किँदा विभिन्न आकारले विद्युत प्रसारण हुने गर्दछन् । चट्याङ्ग प्रायः नागबेली आकारमा आकाशलाई चिर्हिंदै हाँगाविँगामा विभाजित हुँदै जमिनतिर अघि बढ्ने हो भने कुनै चट्याङ्ग अति विशाल कपडाको पत्तर सरह फैलिएर देखापर्दछ त कतै भकुण्डोस्वरूप बज्रिन सक्छ ।[४] कुनैबेला काठमाडौंमैं म आफैले साँझपख आठ बजेतिर परेको अति वर्षाबीच विशाल आगोको डल्लो सरह झरेको चट्याङ्ग आणविक बम विस्फोट भएजस्तै विस्फोट भई छर्रिएको दृश्यावलोकन गरेको थिएँ । पछि मुटु काँप्ने अति विशाल मेघगर्जनको आवाज सुनें । विजुलीको गति चाँडो हुने हुनाले विजुली चम्केको लगत्तै भयानक मेघगर्जनको आवाज सुनिन्छ । मेघगर्जनको आवाज चट्याङ्गको दोस्रो प्रक्रिया हो । हावाका कणहरूको विस्फोटका कारण अति तापक्रम बढ्न गई हावाको अचानक गति विस्तार हुँदा मेघगर्जनको आवाज निस्कन्छ ।

प्राचीनकालमा र हालसम्म पनि चट्याङ्ग पर्नुलाई आकाश देवता (इन्द्रदेव) रिसाएको मानिन्छ । यस्तो चट्याङ्ग पर्दा हामीकहाँ विष्णुअवतार नरसिहंको नाम किट्ने पनि गरिन्छ । चट्याङ्ग सृजित प्रकृयामा उत्पन्न उर्जा पृथ्वीको धरातलमा मानव निर्मित संरचनाहरूले जमीनतिर खिँच्दछ । यस्ता चट्याङ्गका उर्जा करीब दशौंलाख[५] देखि दशौंकरोडौं[४] भोल्टका हुन्छन् ।

यसबाट हुने आगजनी वा क्षतिबाट बच्नबचाउन ठूलाठूला संरचनाहरूका छाना वा गजुरमा तामाको त्रिशुल राख्ने गरिन्छ । यस त्रिशुललाई तामाको मोटो तारबाट जोडी संरचनाको जगमुनीसम्म पुऱ्याई छाडिएको हुन्छ । यस प्रक्रियालाई अर्थिङ्ग भनिन्छ ।

प्रतापपुरमा चट्याङ्गले गजुरदेखि नै सम्पूर्ण मन्दिरलाई नागबेली प्रकारले वलयाकारमार्गले फन्कोमारी मन्दिर भित्रबाट चिर्दै जमीनमुनी विलिन हुन खोजिएको देखिन्छ । मान्नसकिन्छ, प्रतापपुर केही सेकेण्डकालागि दशौंकरोड भोल्टयुक्त विद्युतमय मन्दिर भएको थियो । चट्याङ्गको उच्चभोल्टको कारण यसको प्रवाहमार्गअनुरूप सो मन्दिर चिरियो । चट्याङ्गबाट नष्ट प्रतापपुर अवशेषमा आर्श्चयलाग्दो दृश्य यो छ की मन्दिरका आधारका खुड्किलाका ठूलठूला पत्थरढुङ्गाहरू दशौंफिट पर उछिट्टिएका थिए । यसरी ठूला पत्थर पनि उछिट्टयाउने शक्तिको स्रोत बुझ्नका लागि यस्तो समसामयिक प्रक्रियालाई उदाहरणको रूपमा समुन्द्री वा नदीको छाललाई लिन सकिन्छ । छालको अति तीब्र वेग र तेजिलोधार हुने गर्दछ । यसका बहावमा आउने जतिपनि रूकावट या अवरोधहरूलाई तोडफोड नष्टगरी अगाडि बढ्ने यसको स्वभाव राख्दछ । यस धारको अति तीब्रगतिका कारण अवरोध सिर्जित वस्तुहरू टूटफुटभई छालका पानी सरह विभिन्न दिशातर्फ तितरवितर भएर उछिट्टिन्छन् । पानीको छाल भौतिक शक्तिस्वरूप हो भने विद्युत शूक्ष्म उर्जा हो । अथवा भनौं चट्याङ्ग पानीको छालभन्दा पनि अति शूक्ष्म तर अधिकतम उर्जा भएको विद्युत प्रवाहमय छालसरह धार हो । चट्याङ्गको विद्युतीय प्रसारणको लागि राम्रो आवश्यक अर्थिङ्गको कमीकमजोरका कारण जमिनमुनि विलीन भएर जानुपर्ने उक्त चट्याङ्गले मन्दिरको जग नै अवरोधको रूपमा भेटाए कि ? जसरी छालले अवरोध उछिट्याँउछ यस्तै गरी चट्याङ्गले पनि यस मन्दिरका जग र खुड्किलाका पत्थर ढुङ्गाहरू दशौं फिटपर उछिट्टिएका हुनसक्छ ।

नेपालमण्डलको आध्यात्मिक केन्द्रस्थल श्रीस्वयम्भू महाचैत्यमा घटित कुनै पनि शुभ वा अशुभ घटनाहरूलाई हल्का तरिकाले लिनु अत्युक्ति नहोला । अब प्रश्न उठ्छ कि प्रतापपुरमा नै चट्याङ्ग बज्रिनुमा के कारण/रहस्य हुनसक्छ ?

आकाश र जमिनबीचको विपरीत ध्रुवीय उर्जा तनावका कारण पनि चट्याङ्ग पर्दछ भनी माथि उल्लेख भइसकेको छ ।

यदी पृथ्वीको धरातलमा मानव निर्मित संरचनाहरूका कारण वायुमण्डलभित्रको विद्युतीय विस्फोट भएको भए सो चट्याङ्गरूपी उर्जा अवश्य पनि मानव निर्मित संरचनातिर नै बज्रिन्छ । स्वयम्भू महाचैत्य परीसरभित्र धेरै चैत्य, देगल, भवनहरू पनि छन् । मानौं स्वयम्भू महाचैत्य परिसरका संरचनाका कारण चट्याङ्ग उत्पन्न भएको हो भने चट्याङ्ग प्रतापपुरमा नै किन बज्रियो ? तर अरू संरचनामा यसको कुनै प्रभाव देखिएन । उचाईको हिसाबले स्वयम्भू केन्द्रित भिमकाय स्वरुपको सयफिट अग्लो र पितलले बनेको गजुरसहितको स्वयम्भू महाचैत्य स्तूपलाई चट्याङ्गको खतरा छ । हुनसक्छ यस श्रीस्वयम्भू महाचैत्यमा पनि चट्याङ्गको असर परेको होला तर त्यहाँ राम्रो अर्थिङ्गको ब्यवस्थाले क्षति नपुऱ्याएको हो की ? मानव निर्मित संरचनालाई चट्याङ्गबाट जोगाउने भनेको अर्थिङ्गले नै हो । कतै प्रतापपुरमा राम्रो अर्थिङ्गको ब्यवस्था थिएन की ? त्यस्तै चैत्यको अक्षोभ्य तथागतसन्मुख कवीन्द्र जयप्रताप मल्लद्वारा ने. सं. ७८८ मा स्थापना गरेको विशाल सुवर्णवज्र पनि छ । यसमा तन्त्रयान, मन्त्रयान, सहजयान, कालचक्रयान एवं प्रज्ञायान, सिद्धियान, साधनयान आदि शक्तिको समावेश गरिएको छ । नेपालमा चलनचल्तीमा रहेको तन्त्र वज्रयानसम्बन्धी विधिविधान कर्मकाण्डअनुसार यो वज्र एक दिव्य आध्यात्मिक प्रतीक हो ।[१] यो एक अलौकिक शक्ति केन्द्रित धातु निर्मित यन्त्र हो तर पनि यसमा चट्याङ्गको कुनै प्रभाव देखिएन । त्यस्तै प्रतापपुरको सामिप्यमा स्वयम्भू भजन सतः (सतल) मा पनि कुनै प्रभाव देखिएन ।

मानौं हामी देवीदेवताको कृपावादी छौं । जसरी प्राचीनकालमा आस्था राख्दथे की चट्याङ्ग पर्नुको कारण आकाशदेव (इन्द्र) को रीस हो । अर्को शब्दमा भन्ने हो भने हामीद्वारा भएका गल्तीको प्रतिफल आकाशदेवद्वारा प्रहार गरिएको अस्त्र चट्याङ्ग हो । आकाशदेवको नेपालमण्डलबासी वा नेपालीहरूसित रीस गर्नुमा मुख्य कारण काठमाडौं उपत्यकाको प्राकृतिक विनास पनि एक हुनसक्छ किनकी चट्याङ्ग प्रकृतिसँग सम्बन्ध राख्दछ । यसतर्फ हामीलाई ध्यानाकर्षण गर्न काठमाडौं उपत्यकाको केन्द्र स्वयम्भू महाचैत्यमा चट्याङ्ग बर्साएको पो हो की ? यदि यस्तो हो भने यस्ता अभिशापबाट बच्न, आकाशदेवलाई रिझाउन वा साम्यपार्न नेपालमण्डलबासीको तर्फबाट र नेपाल सरकारको तर्फबाट काठमाडौं उपत्यकाको वातावरण र प्रकृतिको अवश्य पनि संरक्षण र संवर्द्धन हुनुपर्दछ ।

**वाग्मती सभ्यतालाई जोगाऔं**

मल्लकालीन समयमा यस नेपालमण्डल, कान्तिपुरमा हिन्दू संस्कारको धेरै प्रभुत्व भएको पाइन्छ । सो समय सापेक्ष प्रताप मल्लद्वारा स्वयम् तेज उत्पन्न भएको स्थल स्वयम्भू महाचैत्यमा तान्त्रिक विद्या पारङ्गत हुनका लागि तान्त्रिकदेवी स्थापना गरी तपोमन्दिर बनाउनु स्वाभाविक रूपले लिन सकिन्छ । **शाक्यमुनीभन्दा पहिलेका विपश्वी, शिखी, विश्वभू, मञ्जुश्री, ऋकुछन्द, कनकमुनि, र काश्यप[६] गरी आठ बुद्धहरूले दर्शन गरेको कमलफूल सरह अति पवित्र स्थल स्वयम्भू हो ।**

यही देशमा २६ सय वर्षअगााडि जन्मिएका शाक्यकुलका राजकुमार सिद्धार्थ गौतम सम्यक् सम्बुद्धत्व प्राप्त गरी महापरिनिर्वाण वा मोक्ष प्राप्ति गर्नुभएको थियो । उहाँले अति कठिन दिनचर्या गरी छ वर्ष बिताएता पनि **दुःख सत्यतालाई अन्तमा विपश्यना ध्यान स्वयम्द्वारा पत्ता लगाई बुद्धत्व प्राप्त गर्नुभएको सर्वविदितै छ** । हरेक बुद्धत्व प्राप्त ब्यक्ति/तथागतहरूको शिक्षा सनातन बुद्धशिक्षा नै हुन्छ । बुद्धशिक्षामा तान्त्रिक (ऋद्धि) विद्या प्रयोजनका लागि बर्जित गरिएको उदाहरणहरू धेरै जातकहरूमा उल्लेख गरिएका छन् । सिद्धार्थ गौतम बुद्धको समयको एक घटना, राजगीरका श्रेष्ठिद्वारा दानको रूपमा अग्लो बाँसको टुप्पोमा चन्दनको पात्र झुण्ड्याउन लगाइएको थियो र सो पात्र अर्हत् भिक्षु पिण्डोल भारद्वाजले आकाशमार्गबाट टिपेर सर्वसाधारणलाई चमत्कार देखाउनुभएको थियो । बुद्धद्वारा भारद्वाजको निन्दा गर्नुहुँदै भिक्षुहरूलाई भन्नुभयो– भिक्षुहरू, गृहस्थीहरूलाई ऋद्धि चमत्कार देखाउनु हुँदैन, जसले देखाउँछ, उसलाई दुष्कृत आपत्ति ( दोष) लाग्नेछ ।[७] स्वयम्भू महाचैत्य सर्वसाधारणका लागि बुद्धशिक्षाको एक मुख्य आस्थाको केन्द्र हो ।

"जतिपनि हामीले जन्मदेखि नमरून्जेल गर्दैआएका रीतिथिति छन् ती सबै तान्त्रिक विधिविधानमा आधारित छन् । पौराणिक देवीदेवता (विष्णु, महादेव आदि) होस् या तान्त्रिक देवीदेवता (कुलदेवता आदि) यी सबै वास्तवमा काल्पनिक र प्रतीकात्मक देवीदेवता हुन् । लड्डु र मूला मात्र चढाउन मिल्ने गणेश एक तान्त्रिकका लागि आलो रगत पिउने रक्तपिपासु देवता हुन् । अहिंसावादी भगवान् बुद्ध पनि तान्त्रिक विद्याका लागि अछुतो रहेनन् । भगवान् बुद्ध तान्त्रिक मतानुसार अथवा महायानी मतानुसार समन्तभद्रको रूपमा शक्तिसहितको देवताको रूपमा मानिन्छन् । अन्ततोगत्वा सबै देवीदेवताका सृष्टि गर्ने (व्यक्तित्व) आखिर मानिस नै हुन्" भनी प्रेमबहादुर कसाःले "तान्त्रिक देवीदेवता र पूजा" किताबमा आफ्नो मन्तब्य पोखेका छन् ।[८] हुन त भगवान् बुद्धले यस जगतमा मानिस जस्तो शक्तिशाली अरू कोही पनि छैनन् भनी भन्नुभएको छ ।[९] समस्तरूपमा हेर्दा जतिपनि कर्मकाण्ड छन् ती सबै तान्त्रिक विधिविधानले बाँधिएका छन् । बुद्धशिक्षामा कर्मकाण्डलाई कुनै स्थान दिएको छैन । कतै चट्याङ्गद्वारा समाजमा ब्याप्त अति कर्मकाण्डतिर नलाग्न आवश्यक चिन्तन मननका लागि मार्गप्रशस्त गर्न संकेत दिएको हो की ?

यस अप्रत्याशित दुबै दुर्घटनाहरूबाट हामीलाई केही सतर्कता अपनाउन आध्यात्मिक जगतबाट अवश्य पनि केही सन्देश प्रवाह गरिएको छ जस्तो लाग्दछ । समय परिवर्तनशील

छ । नवयुगमा नवधर्म रक्षक, हिन्दू आस्थाअनुसार कल्की अवतार र बौद्ध शिक्षाअनुसार मैत्रेय बुद्धको आगमनको सन्देश पनि हुनसक्छ ।[१०,११]

त्यस्तै वास्तु/ज्योतिषशास्त्र अनुसार पनि विचार गरौं । तीनसय छपन्न वर्षको अङ्कको जोड (३+५+६=१४) र सातवर्ष सातमहिना चौधदिनको अन्तराल (७+७=१४+१४=२८) जोड हुनुमा वास्तुशास्त्रअनुसार सो प्रतापपुरको घटनाप्रति केही संकेत दिन्छ की ?

अन्तमा नेपालमण्डलको आध्यात्मिक केन्द्रस्थल स्वयम्भू जस्तो महाचैत्यमा वा वरिपरी घटित कुनैपनि शुभ वा अशुभ घटनाहरूलाई हामीले अवश्य पनि हल्का तरिकाले लिनु हुँदैन । चट्याङ्ग कारण क्षति दुर्घटना हुनुमा मुख्यगरी कृतिम मानव निर्मित संरचनामा अर्थिङ्गको आवश्यक ब्यवस्था नहुनु हो । अस्सीलाख खर्च गरी जगैदेखि नव निर्माण गर्न थालिएको[१२] प्रतापपुरमा आवश्यक अर्थिङ्गको ब्यवस्था पनि गर्नुपर्छ । प्रतापपुरको दुई अप्रत्याशित दुर्घटनाका विषयमा वैज्ञानिक अध्ययन-अनुसन्धान प्रमाणिकीकरणका लागि भौतिक संरचनातर्फ आर्किटेक्चर, सिभिल तथा अन्य सम्बन्धित इन्जिनीयरहरूद्वारा गहन अनुसन्धान हुनु पनि उत्तिकै जरूरी छ । आध्यात्मिक जगतका विषयमा आजको भौतिक विज्ञानको पहुँच खास कुनै छैन अथवा भनौं खास अध्ययनको विस्तार भइसकेको छैन । यसकारण आध्यात्मिक ज्ञानतर्फका श्रद्धेय भन्तेहरू, वज्राचार्य गुरूजुहरू, ज्योतिषीहरूका तर्फबाट यस प्रतापपुर घटनाप्रति अध्ययन-अनुसन्धान हुनु अति आवश्यक देखिन्छ । विश्वसम्पदा संरक्षण सूचीमा रहेको पुनःनिर्मित प्रतापपुर भौतिक रूपमा सदाका लागि स्वयम्भू महाचैत्यको साथ रहुनु उत्तिकै अपरिहार्य पनि छ । भन्ने नै हो भने यस प्रतापपुरको जीवन्त घटनाले काठमाण्डौं उपत्यका–नेपालमण्डलवासी, नेपाल र नेपालीका भविष्यतिर पनि इंगित गर्दछ ।

एकपटक आफ्नो मानसपटलमा स्वयम्भू ज्योतिरूप प्रकाशको उत्पत्तिको अवस्थाको नागदहरूपी यस काठमाडौं उपत्यकाको परिकल्पनात्मक इतिहासलाई उल्टाएर हेरौं जसरी हेमराज शाक्यद्वारा श्रीस्वयम्भू महाचैत्य पुस्तकमा उल्लेख गर्नुभएको छ, बोधिसत्व महामञ्जुश्रीद्वारा कसरी दृढसंकल्पको भरमा चोभार र क्वदुवाको पहाड फुटाई पानी निकास गराई काठमाडौं उपत्यकाको पानी सुकाएका थिए ? यस प्रश्नको उत्तर कतै प्रतापपुरको चट्याङ्ग घटनामार्फत् दिएको त होइन र ? यदि स्वयम्भू महाचैत्य र स्वयम्भू महापुराण पुस्तकहरूमा उल्लेख गरिएभैं काठमाडौं उपत्यकामा पानी सुकाई बस्ती बसाइएको हो[१,६] भने निम्न प्रक्रिया क्रमबद्धरूपमा घटेको हुनुपर्दछ ।

दृढसंकल्पमा अतिशक्ति हुन्छ त्यो पनि बोधिसत्व तथागत जस्ता ब्यक्तित्वमा । बोधिसत्व महामञ्जुश्रीको दृढसंकल्पका कारण अतिवर्षा भएको हुनसक्छ । सो वर्षाको समय प्रतापपुरको जस्तै चट्याङ्ग पटक पटक चोभार र क्वदुवाको पहाडतिर बज्रिएको हुनसक्छ । करीव दशौंकरोड भोल्ट उर्जाका यस्ता चट्याङ्गका कारण प्रतापपुरमा जस्तै यी पहाडहरूमा चिराचिरा पारेका हुनसक्छ । जसरी प्रतापपुरको जगसमेतको ठूलठूला पत्थरका चट्टान उछिट्याएको थियो त्यसैगरी ती पहाडका आधारहरू पनि क्षतविक्षत भएको हुनसक्छ । सोही समयको तीव्र अतिवर्षाका कारण ती पहाडहरूमा ठूलो पहिरो गएको हुनसक्छ ।[१३] पुनः अतिवर्षाका कारण काठमाडौं उपत्यकाका नागदहमा छाल उत्पन्न भई चोभारघाँटीलाई टोडफोडगरी गल्छी बनी पानी निकासा भएको हुनसक्छ ।

पुनश्च, प्रकृतिमा घटित अनेक घटना, दुर्घटनालाई तटस्थ अध्ययन-अनुसन्धान गरी सकारात्मक प्रतिफल प्राप्त गर्नु नै आधुनिक वौज्ञानिकीकरणको विशेषता हो । वैज्ञानिक सोच चिन्तनमननका लागि कोसेढुङ्गा वरदान सावित हुनसक्छ प्रतापपुरको चट्याङ्ग घटना । प्रतापपुरको चट्याङ्ग घटनाले भौतिक विज्ञान र आध्यात्मिक ज्ञानको बीचको पुलरूपी खोजको नयाँ अध्याय थप्न सहयोग गर्न सक्छ । स्वयम्भू-प्रतापपुर, आस्था र घटनाको अध्ययनले सहयोग मिल्नसक्छ भन्ने कुरामा मलाई विश्वास लाग्दछ ।


१. हेमराज शाक्य, श्रीस्वयम्भू महाचैत्य (नेपाल भाषा), स्वयम्भू विकाश मण्डल, स्वयम्भू, यैं, ने.सं. १०९८
२. नाति महर्जन, नेपाः देय्या विविध ख्यःया दुवाला, ने.सं ११२०
३. अन्नपूर्णपोष्ट, वर्ष ९, अंक २८६, फागुण ४, २०६७
४. बेइजर एण्ड इडिटोर अफ टाईम–लाईफ बुक्स, दि अर्थ, १९७०, पृ. ७४
५. Joseph H. Reisert, What you should know about lightening protection. Antenna Lightning Protection ASTRON WIRELESS.mht
६. सिल्माँ लेभी, नेपाल हिन्दू अधिराज्यको इतिहास (पहिलो खण्ड), हिमाल किताब, २००६, पृ. १३२
७. भित्ते पात्रो, बुद्ध सम्वत् २५५४/ने.सं ११३१/वि.सं. २०६८, न्यू नेपाल प्रेस
८. बलदेव जुजु र सुरेन्द्रमान श्रेष्ठ, नेपाःया तान्त्रिक द्यः व तान्त्रिक पूजा (नेपाल भाषा), ने.सं ११०५
९. अत्तवग्गो, धम्मपदमा उल्लेख्य अत्ता हि अत्तनो नाथो
१०. मैत्रेय बुद्ध भी दथुइ हे दी । बिनोद सायमि (आल), ने. सं. ११३१ तछलाथ्व, ल्याः १ निसें ६ तक, सन्ध्या टाइम्स
११. दी इमरजेन्स क्वटरलि, नं ६५, शेर इन्टरनेस्नल
१२. सन्ध्या टाईम्स, ने.सं. ११३१ दिल्लाथ्व ११
१३. भगवानदास मानन्धर र लक्ष्मीदास मानन्धर, पहिरोको समस्या र समाधान, गोरखापत्र, असोज १६, २०६०

# शिक्षामा दर्शनशास्त्र : चिन्तन समावेशको खाँचो



✍ केशरी बज्राचार्य

**-हिन्दु दर्शनको उपनिषद्मा गरिएको चिन्तन र बुद्धदर्शनमा भएको विनय शिक्षा नयाँ शिक्षाको आधार बन्नसकेमा कमसेकम समाजमा अवाञ्छित रूपमा बढिरहेको अपराधजन्य प्रवृत्ति र समाजमा फैलिरहेका असामाजिक गतिविधिलाई नियन्त्रण गर्न अवश्य नै मार्ग प्रशस्त हुन्थ्यो ।**

शिक्षा प्रणालीको गुणात्मक विकासलाई गतिशील बनाउन विज्ञान तथा प्रविधिको साथसाथै दर्शनशास्त्रको प्राचीन मूल्यमान्यतालाई पनि समावेश गर्नुपर्ने सोचलाई अगाडि बढाउनु पर्ने आवश्यकता देखिएको छ । छिमेकी राष्ट्र भारतका प्रधानमन्त्री मनमोहन सिंहले शिक्षा नीतिमा परिवर्तनको आवश्यकता अनुभव गर्दै अर्थशास्त्र, राजनीतिशास्त्रलगायत सामाजिक शास्त्रको पाठ्यक्रमहरूमा पनि दर्शनशास्त्रको समावेश हुनुपर्ने आवश्यकता औंल्याउनुभएको छ । दर्शनशास्त्र भन्नाले प्राचीन आध्यात्मिक नैतिक मूल्यमान्यतालाई लक्षित गरिएको बुझिन्छ । प्राचीन आध्यात्मिक दर्शनमा पूर्वी सभ्यता र संस्कृतिको विश्वमा एक अलग्गै छाप परेको छ । यस अर्थमा संक्षेपमा विश्लेषण गर्ने हो भने आध्यात्म दर्शनमा हिन्दू-दर्शन र बुद्ध-दर्शनले विश्वमा अहिले जुन सहज प्रवेश र मान्यता पाएको छ त्यसलाई विचार गर्दा पनि एक्काइसौं शताब्दीको राष्ट्रिय शिक्षानीतिमा दर्शन-शास्त्रको सिद्धान्त र नैतिक मूल्यमान्यतालाई आत्मसात गरी पुनः स्थापित गर्नुपर्ने देखिन्छ । आजको शिक्षा औपचारिकता र प्रमाणपत्रमा सीमित भएको कटुअनुभव हुँदैछ । त्यसैले नेपालको सन्दर्भमा विश्लेषण गर्नु आवश्यक छ ।

भारतमा ब्रिटिस साम्राज्यवादी शासनकालमा अंग्रेज शासकहरूले आफ्नो उपनिवेश शासनलाई स्थायित्व दिन शिक्षामा पहुँच त पुऱ्याएक तर तत्कालीन शिक्षा नीतिकार लर्ड मेकालेले बनाएको शिक्षानीतिको मूल उद्देश्य चाहिं आमभारतीय नागरिकलाई क्लर्क मात्र बनाउने थियो । त्योभन्दा माथि उठाउने उनीहरूको नीति बिल्कुलै थिएन । जसको परिणाम भारतले स्वतन्त्रता प्राप्तिको धेरै वर्षसम्म पनि भोग्न बाध्य हुनुपऱ्यो । भारतसँगै उपनिवेशकाल पुरा गरेका श्रीलंका अहिले शतप्रतिशत साक्षर छ ।

भारत शतप्रतिशत साक्षर बन्न सकेको छैन । त्यस्तै नेपालको साक्षरताले प्रजातन्त्र प्राप्तिपछि वर्तमानसम्म आइपुग्दा पचास प्रतिशत नाघिसकेको देखिन्छ । तर शिक्षा विकासमा केही गुणात्मक आधार तयार भए पनि प्राचीन दर्शनशास्त्र अनुसारको नैतिक मूल्यमान्यताका दृष्टिमा भने ह्रास आएको देखिन्छ । यसको सबै दोष योजनाविद तथा शिक्षानीतिकारहरूमा जान्छ । यति हुँदाहुँदै पनि उच्चमध्यम बर्गका लागि अंग्रेजी शिक्षा प्रदान गर्ने नीति स्कुलहरूको चाहि यथेष्ट विकास भएको मान्न सकिन्छ । यस हिसाबले मुलुकमा सरकारी तथा नीजि गरी दुई किसिमको शिक्षा प्रणाली चलाईएको छ । सरकारी स्कूलमा पढ्नेहरू चाहि मुलुकको शासन ब्यवस्था संचालनमा लागिपरेका छन् । अंग्रेजी शिक्षा हासिल गरेकाहरू युवा पुस्ताका नब्बे प्रतिशतजति विकसित मुलुकमा पलायन भइरहेका छन् । यसलाई विडम्बना मान्नुपर्ने अवस्था देखिँदै छ ।

नेपालमा पञ्चायतकालमा केही हदसम्म भारतमा लर्ड मेकालेले तयार पारेका उपनिवेशकालीन शिक्षानीतिलाई आधार बनाएर पञ्चायती शासनपद्धतीलाई टिकाउन २०२८ सालमा नयाँ शिक्षा नीति ल्याइयो । त्यसले आमनेपाली नागरिकलाई अर्धशिक्षित बनाउने परम्पराको थालनी गऱ्यो । र शिक्षा प्रणालीलाई माथि भनिए झैं औपचारिक प्रमाणपत्रमा नै सीमितगर्ने परिपाटीको थालनी भयो । यसबाट अनेकौं थप समस्याहरू देखापरे । प्राचीन नैतिक मूल्यमान्यताको ह्रास हुँदै जानुमा त्यही गलत शिक्षानीतिको प्रभाव परेको देखिन्छ । अबको गणतन्त्र नेपालको शिक्षा नीति तयार गर्दा विचार गर्नुपर्ने कुरा के छ भने लोकतान्त्रिक मर्यादा अनुकूलको शिक्षा नीति बन्ने कुरामा कुनै शंका छैन । तथापि त्यसमा प्राचीन मूल्यमान्यताको आधारमा दार्शनिक चिन्तन परम्परा अनुसारको नैतिकमूल्यका शिक्षा पनि समावेश गरिनु जरूरी छ । प्राचीनकालमा गुरूकुलमा दिइने शिक्षाले मानिसको सामाजिक जीवनमा अनुकूल प्रभाव पारेको कुरालाई नकार्न सकिन्न । हिन्दु दर्शनको उपनिषद्मा गरिएको चिन्तन र बुद्धदर्शनमा भएको विनय शिक्षा नयाँ शिक्षाको आधार बन्नसकेमा कमसेकम समाजमा अवाञ्छित रूपमा बढिरहेको अपराधजन्य प्रवृत्ति र समाजमा फैलिरहेका असामाजिक गतिविधिलाई नियन्त्रण गर्न अवश्य नै मार्ग प्रशस्त हुन्थ्यो । हिंसा, हत्या, बलात्कार, अपहरण, असहमति, असहिष्णुजस्ता कृयाकलापलाई कम गर्न वा निरूत्साहित तुल्याउन प्राचीन मूल्यमान्यताका दार्शनिक

चिन्तनले बल पुऱ्याउने विश्वास गर्न सकिन्छ । यो शिक्षाको आधार विज्ञान प्रविधि र अंग्रेजी माध्यमको अध्यापन हुने सबैखाले स्कूलहरूमा पनि अनिवार्य लगाउनुपर्दछ ।

यदि मानवजातिको उत्पत्तिगर्दा ब्रह्माजीले समानताको आधार अपनाएका थिए भन्ने कुरामा विश्वास गर्ने हो भने मानिस मानिसबीच भेदभावको सिर्जना गर्ने अधिकार मानिसलाई कस्ले दियो ? भगवान्को दृष्टिमा सबै समान छन् भने सम्पन्न र विपन्न वर्गकाबीच भेदभाव किन ? यो भेदभाव गणतान्त्रिक नेपालमा पनि रहिरहने हो भने लोकतन्त्रको अर्थलाई कसरी परिभाषित गर्ने ? सबै जातजातिले अपनाउने आ-आफ्ना विश्वासअनुसारको धर्म सँस्कृतिलाई कसैको लोभ लालच र भय त्रासविना पूर्णस्वतन्त्रताका साथ मान्न पाउने कुरालाई प्रत्याभूतगर्ने संवैधानिक धर्मनिरपेक्षताको सिद्धान्तलाई संविधान सभाले अब बनाउने नेपालको नयाँ संविधानमा पनि लेख्ने कुरामा राजनीतिक दलहरूबीच सहमति बन्नु आफैमा एउटा उपलब्धि हो । धर्मनिरपेक्षतामा विमति रहेन भन्ने सुन्न पाउँदा सबैलाई खुसी लाग्नु स्वाभाविक हो । त्यस्तै प्रकारले अबको शिक्षानीतिमा पनि प्राचीन शास्वत मूल्यमान्यताका दार्शनिक चिन्तनमा आधारित नैतिकशिक्षा समावेश गरिनु जरूरी छ । हाम्रा बालबालिकालाई देश-प्रेम र सहअस्तित्वका आधारमा बाँच्न पाउने अधिकार निश्चित गरिनुपर्छ । आफू जन्मेको देश छाडेर विदेश पलायन हुने वातावरण तिब्रगतिमा बढिरहेको कुरा सबैले स्वीकार गरिसकेका छन् । अर्धशिक्षित वा अशिक्षित विदेश जान राहदानी लिने लामो भीडमा भोकै प्यासै उभिइरहेका सबै युवालाई प्रश्न गर्ने हो भने उनीहरू सबैले एउटै जवाफ दिन्छन्- देशमा रोजगार ब्यबसाय छैन, काम पाइँदैन विदेश नगएर के गर्ने ? यो दोष कसको हो ? उनीहरूलाई जन्माउने बाबुआमा वा राज्यसञ्चालन गर्ने सरकारको? दोष सरकारले अपनाउने शिक्षानीतिको हो भन्न गाऱ्हो छैन ।

संविधानसभाले बनाउन लागेको नयाँ संविधान तयार गर्न अर्बौं रूपियाँ विदेशी राष्ट्रहरूले अनुदान दिइरहेका छन् । अर्कोतिर देशका थुप्रै युवाशक्ति विदेशतिर पलायन भइरहेका छन् । के संविधान सबै समस्याको समाधान गर्ने जादुको छडी हो ? यो देश सञ्चालन गर्न तयार पारिने मूल कानुन मात्र हो । समस्या समाधान त सरकारले निर्धारित गर्ने नीतिले हो ।

अब संविधान कस्तो हुनुपर्छ भनेर विदेशमा रोजगारको खोजीमा जान राहदानी लिने लाममा बसेका युवाजमातलाई सोध्ने हो भने उनीहरू सबैको एउटै जवाफ हुन्छ- हामीलाई रोजगारको प्रत्याभूति दिने संविधान बन्नुपर्छ । अपहरणमा परेर आफ्नो सन्तान गुमाएका कुनै एक वृद्धलाई सोध्ने हो भने उसको जवाफ हुन्छ हिंसा, हत्या र अपहरण गर्ने दोषीलाई कडा कारबाही गर्नसक्ने संविधान बन्नुपर्छ । यस्ता अनगिन्ती सवालहरूको समाधानमा प्रत्याभूति गर्ने संविधान नै आजको आवश्यकता हो । त्यसखाले आवश्यकतालाई पूरा गर्ने प्रत्याभूतिको असल शिक्षा कसले दिन्छ ? नैतिक मूल्यमान्यतामा आधारित दार्शनिक चिन्तन परम्परामा आधारित शिक्षापद्धतिले मात्र भविष्यको युवा पुस्तालाई सही मार्ग प्रदान गर्नसक्छ ।

युवा जगतमा विदेशको भेषभुषा, भाषा, सँस्कृतिप्रति आकर्षित बढिरहेको छ । आफ्नै भेषभुषा, भाषा र धर्मसँस्कृतिलाई बलियो बनाउने शिक्षानीतिको खाँचो छ । नेपाल सानो देश भए पनि यहाँ छिमेकी राष्ट्रको प्रभाव तत्काल पर्दैआउने गरेको छ । दक्षिणतिरको भारतसंगको खुला सीमा नेपालको सुरक्षालाई खतरा छैन । तर त्यहाँको भाषा, संस्कृतिजन्य कृयाकलापहरूले प्रभाव पारिरहेको छ । सञ्चार जगतका अत्याधुनिक उपकरणहरूको माध्यम हाम्रा लागि बिकृतिका जड बनिसकेका छन् । भारतीय टेलिभिजनहरूले अहिले अन्धाधुन्ध अंग्रेजी भाषाको देवनागरिकीकरण गर्दै प्रसारण गरिरहेका छन् । उनीहरू त्यसो गर्न गौरव ठानिरहेका छन् । अंग्रेजले भारतलाई उपनिवेश बनाएर अंग्रेजी भाषामा धनी बनाएको उनीहरूको दावी छ । तर छिमेकमा देखिएको त्यस्तो गतिविधिले हाम्रो भाषा र सँस्कृतिमाथि नराम्रो प्रभाव पारिरहेको छ । भारतमा बोलिने हिन्दी भाषाका चलनचल्तीका शब्द र भाषाभन्दा त्यस्ता सञ्चारमाध्यमहरूबाट प्रसारण गरिने अंग्रेजी भाषाका लवजहरूलाई देवनागरिकीकरण गरिएका शब्दहरूले हामीलाई नराम्रोसँग प्रभाव पारिरहेको हो ।

चीनका सञ्चारमाध्यमहरूले राष्ट्रियस्तरमा नै अंग्रेजी शब्दलाई जस्ताकोतस्तै चीनिया भाषामा मिसाएर प्रसारण गर्न प्रतिबन्ध लगाएको छ । नेपालमा अंग्रेजीका शब्दहरूलाई जस्ताकोतस्तै नेपाली भाषासंग मिसाएर प्रसारण गर्दा कसैलाई चासो छैन । हामीले आफ्नो भाषा र सँस्कृतिलाई जोगाउने हो भने सरकारले त्यस्ता विकृतिहरूलाई हटाउने र प्रतिबन्ध लगाउने पहल गर्नु जरूरी छ । सरकारी सञ्चारमाध्यमबाट मात्र त्यसको समाधान हुन सक्दैन । निजी क्षेत्रमा सञ्चालित सबै टेलिभिजन तथा एफ.एम. र अखबारहरूले सचेतता अपनाउनु पर्दछ । हाम्रो आफ्नो पहिचान गुमाउने खालका कुनै पनि गतिविधिहरूलाई अतिक्रमण हुनबाट हामी आफैले जोगाउनु पर्छ । अरूलाई दोष दिएर मात्र पुग्दैन । यसका लागि हाम्रो अबको शिक्षानीतिमा नै आमुल सुधार हुनुपर्छ ।

# गुणी भिक्षु

✍ सुनील महर्जन

**"तिमी भिक्षु भएर पनि आफनो कोठाका भित्ताहरूमा लेनिन र माओत्सेतुङ्गको तस्वीर टाङ्गने । विदेशी राजदूतहरू आउँदैछन् । त्यो तस्वीर निकाल है ।"**



**"बरू म बसिरहेको ठाउँ छोड्न तयार छु । तर ती तस्वीरहरू निकाल्दिनं ।"**

झट्ट सुन्दा कम्युनिष्ट पक्षधर विपक्षी मान्यताका मानिसहरूबीच चलिरहेको संवाद जस्ता लाग्छन् माथिका हरफहरू । तर यथार्थ त्यस्तो होइन, युवावस्थामा छँदाका भिक्षु अश्वघोष र गुरू भिक्षु अमृतानन्द महास्थविरबीच भएको संवाद थियो यो ।

झट्ट सुन्दा र हेर्दा कुनै भिक्षुले यस्तो अडान राख्नुले उ आफ्नो मर्यादाबाट बाहिर गएजस्तो देखिन सक्छ । तर भिक्षु अश्वघोषको जीवनलाई नियाल्दा यस्तै प्रसङ्ग थुप्रै भेटिन्छन् ।

"सामान्यतया मानिसहरू भिक्षु भएपछि ढुङ्गाको मूर्तिजस्तो बस्नुपर्ने अपेक्षा गर्छन् । तर वास्तविक जीवनमा यस्तो अपेक्षा असम्भव प्रतीत हुन्छ ।" आफ्नो जीवनलाई केलाउँदै भिक्षु अश्वघोष भन्छन्- "भिक्षु जीवन पनि आखिर समाजकै एक उपज हो । सामाजिक प्रभाव परी नै हाल्छ । संगसंगै भिक्षुहरूमा मानवीय कमीकमजोरी पनि रहेका हुन्छन् ।"

आखिर सबै दुःख साक्षात्कार गरेर निर्वाणको लागि साधना गर्ने उद्देश्य बोकेका यी भिक्षुलाई ती कम्युनिष्ट नेताको प्रभाव कसरी परे छ त ? उनका अनुसार टि.वी. रोगले गाँजेपछि त्यसको उपचारका लागि उनी दुईवर्ष चीन बसेका रहेछन् । सो क्रममा नेपाली भिक्षुका नाताले उनको चीनिया कम्युनिष्ट नेता माओत्सेतुङ्ग र प्रधानमन्त्री चाउएन्लाई भेट्ने मौका पाएछन् । छोटो समयको त्यही भेटले पारेको त्यसको प्रभावबाट उनी जीवनभर अछुतो रहन नसकेका रहेछन् ।

त्यसो त ती नेताले देखाएको आचरण, जनताप्रतिको जिम्मेवारी मात्र त्यो प्रभावको कारण थिएन, चीनियाँ अस्पतालमा बस्दाको सजिलो अनुभूति, त्यहाँको स्वास्थ्य नीति, चिकित्सक, नर्सहरूको व्यवहार, विकास निर्माण र सुव्यवस्थाले पनि कहिल्यै नबिर्सने गरी तानिहाले छ उनलाई । माओकै कारण चीनमा यो सम्भव भएको देखेपछि उनी पनि झुकिहाले । उनले लेखेको **"पेकि स्वास्थ्य निवास"** पुस्तकमा यस्तै अनेकौं प्रसङ्गहरूले भरिएको छ ।

त्यो प्रभाव गढेपछि उनले बुद्धशिक्षालाई साधन बनाएर नेपाली समाजको प्रगतिशील रूपान्तरण गर्न सकिने ठम्याए । र त्यसका लागि आफ्ना तर्फबाट प्रयास गरिरहे । उनलाई नजिकबाट नियालेका भिक्षु कोण्डन्य भन्छन्- "उनका थुप्रै पुस्तक र प्रवचन समाजको प्रगतिशील रूपान्तरण, स्वतन्त्रता, समानता, त्याग, आचरण-व्यवहारको परिर्वतनजस्ता जीवनका मूल्यमान्यतालाई केन्द्रविन्दु राखेर लेखेको पाईन्छ ।"

यिनै कारणले हुनुपर्छ अश्वघोष नेपालका अन्य भिक्षुभन्दा बढी प्रगतिशील रूपमा चिनिन्छन् । उनी बुद्धधर्म बहुजनहिताय बहुजनसुखायको लागि हुनुपर्छ भन्ने सोचले यसलाई सामाजिक रूपान्तरणको माध्यम बनाउने हिसाबले प्रस्तुत गर्न रूचाउँछन् । "शायद यसै कारण मलाई धेरैले वामपन्थी भिक्षुका रूपमा लिन्छन् ।" उनी भन्छन्- "नेकपा एमालेका तर्फबाट वि.सं. २०४७ सालमा राष्ट्रिय सभामा गएको कुरालाई जोडेर पनि यसो भनिएको होला, एकताका वामपन्थी विचारबाट प्रभावित नभएको पनि हुइनँ ।"

**तर यिनको विचार र अहिलेका नेपाली वामपन्थीहरूमा देखिएको चरित्रबीच ठूलै अन्तर्द्वन्द्व छ । गरिब जनताको हकअधिकारका लागि लडिरहेका भन्ने कम्युनिष्टहरूमा**

**बढ्दै गएको सैद्धान्तिक र चारित्रिक विचलन अनि सुविधामुखी जीवनशैली र सत्तामोहले उनलाई निराश बनाइरहेको छ ।**

सुस्केरा हाल्छन् उनी- "तर आजको अश्वघोषलाई वामपन्थीका रूपमा मात्र बुझ्नु उपयुक्त छैन । नेपालमा वामपन्थी भनिने व्यक्ति र पार्टीको आचरण-व्यवहार र जीवनशैली समाजवादी भावनाले ओतप्रोत नरहेको देख्दा अप्रिय लाग्छ । राजनीतिदेखि वाक्कदिक्क भएको छु ।"

उति बेला जति लागे, केही गरेरै देखाए । नेकपा एमालेका तर्फबाट राष्ट्रिय सभामा जाँदा होस्, लुम्बिनी विकास कोषको उपाध्यक्ष पदमा बहाल रहँदा होस्, त्यसबापत प्राप्त हुने तलबभत्ता गरिब-गुरुवा र असहायको औषधोपचार, छात्रवृत्ति र पुस्तक-प्रकाशनमा खर्च गरे ।

सांसद छँदा धर्मनिरपेक्षता, लुम्बिनीको विकास अनि सबै भाषाभाषी धर्मावलम्बी र जातजातिले प्रजातन्त्र अनुभूति गर्न नसकेको बारेमा बारेमा राखेको खरो विचारले यिनलाई प्रगतिशील भिक्षुका रूपमा स्थापित गरेको थियो ।

त्यतिबेला संविधानले हिन्दू राज्य कायम गरेको सम्बन्धमा राष्ट्रिय सभामा यिनले यस्तो धारणा राखेका रहेछन् । "अध्यक्ष महोदय ! थालको भात जम्मै आफू मात्र खाने, अरूलाई अलिकति चाख्न दिने प्रवृत्ति प्रजातान्त्रिक व्यवहार हो ? आज राज्यले विभिन्न जातजाति र भाषाभाषी र धर्मावलम्बीहरूलाई यस्तै व्यवहार गरिराखेको छ ।"

निर्भिक वक्तृत्व, अनि त्याग भिक्षु अश्वघोषको जीवनका पर्याय हुन् । ८५ वर्ष लामो जीवन बिताईसकेका भिक्षु अहिले पनि पुस्तक लेखन र बुद्धधर्मलाई सामाजिक आयाम दिन लागिरहेकै छन् । जीवनलाई नियाल्दा गुणको विकास संगसंगै र मानवीय कमीकमजोरी देखिन्छ । यी कमजोरीका बाबजुद उनका गुणी विशेषताहरू झाङ्गिई नै रहेका छन् । यो नै भिक्षु अश्वघोषको जीवनको सर्वाधिक महत्वपूर्ण पक्ष हो । **धर्म र राजनीतिको सेतुका रुपमा पनि व्याख्या गरिने भिक्षु अश्वघोष भन्छन्-** "बुद्धधर्मलाई पूजापाठ, स्वर्ग जाने टिकट वा नवपुरोहितवादमा सीमित नगरी मानिसको चेतना जगाउने, समाजसुधार गर्ने तरिकाले अगाडि बढाउनु पर्छ, जसन हाल हुन सकिरहेको छैन् ।"



# पूर्णता प्राप्तिको लागि बुद्धशिक्षा



शिशिल चित्रकार

आज विश्वमा विविध खालको समस्या देखा परेको र समस्या समाधानको नाममा खाली तत्कालीन र सतही समस्या मात्र समाधान गर्ने, बास्तविक समस्याको पहिचान नगरी खाली देखावटी समाधान र समस्यालाई ढाक्ने परम्परा नै निरन्तर रुपमा भइरहेको नकार्न सकिदैन । मानव ईतिहासमै खाली समस्या समाधानको नाममा एक ठूलो र बलियो पक्षले अरू निर्वल पक्षलाई दवाउने, चुप लगाउने परम्परा नै हुन । एउटा समस्या समाधानको नाममा अर्कै कुराकानी कामकारवाही नै विश्वको मानव ईतिहासको भयावह अवस्थाको कारक तत्व हुन । वास्तविक समस्यालाई नजरअन्दाज गरेर, वा वास्तविक समस्या पहिचान हेतु चाहिने आवश्यक अनुसन्धान विना खाली हचुवाको भरमा, आफूलाई मन परेको भरमा, आफ्नो मान्छे भएको भरमा, आफ्नो स्वार्थ अनुकुल भएको भरमा हुने अनुसन्धान, विश्लेषण आदि आफैमा गलत हुने भयो भने यस्तो आधारमा हुने समस्याको समाधान कतिको जायज हुन्छ ? यसरी वास्तविक समस्याको पहिचान विना हुने समस्याको समाधान सही नभए जस्तै गलत विश्लेषण बाट निर्मित कार्यक्रम, योजना, नीति आदि कसरी सही हुन सक्दछ ? यी कार्यक्रम, योजना, नीति आदि गलत भइरहने हो भने समाज विश्वको समस्या झन झन बढ्दै जानु सिवाय अरू के हुन सक्छ ? आज विश्वको समस्या भनेको यस्तै मानव श्रृजित समस्याहरूको संकलन हो वा होइन ?

देशको यावत क्षेत्रमा समस्याहरूको विकराल अवस्था भएकोमा विमति नहोला तर समस्याको पहिचान र त्यसको निराकरण भन्दा गलत क्रियाकलापहरूले झन झन प्रश्रय पाउदै आइरहेको अवस्था हो वा होइन ? आज यावत समस्याहरूको समाधान हेतु चाहिने, स्तरीय कार्य प्रणाली, मानवीय नैतिकता, अनुशासन आदिमा चरम ह्रास, दण्डहीन अराजकताको चरम उत्कर्षलाई समाधान गर्ने प्रयासको साटो कोरा भाषणवाजी, सतही नाराले मात्र मानव समस्या समाधान हुन्छ ?

आज समाजको यावत समस्याको कारण मानव नै हुन र यी समस्याहरूको क्रमशः समाधानको लागि आफ्नो क्षमतामा बृद्धि, कुशल कर्म आदिको दरकार भएकोमा शंका छैन ।

मानवहरूले गर्नुपर्ने कर्तव्य र अकर्तब्यमा भेद गर्न सकिदैन भने समस्याको वास्तविक पहिचान गर्ने क्षमता कसरी प्राप्त हुन सक्दछ ?

धम्मपदको श्लोक राख्नु सान्दर्भिक ठान्छु ।

**योगावे जायति भूरि–अयोगा भूरि संङ्खयो ।**
**एतं द्वेधापथं ञत्वा–भवाय विभवाय च ।**
**तथा'त्तानं निवेसेय्य–यथा भूरि पवड्ढति ॥**

**अर्थः** योग अभ्यासले प्रज्ञा बृद्धि हुन्छ, योग अभ्यास विना प्रज्ञा बृद्धि हुँदैन । बृद्धि हुने र अबृद्धिको यो दुई मार्ग बुझे आफूलाई त्यो मार्गमा लाउनु पर्दछ जुनमा प्रज्ञा बृद्धि हुन्छ ।

(पकिण्णकवग्गो २८२)

**उच्छिन्द सिनेहमत्तनो, कुमुदं सारदिकं'व व पाणिना ।**
**सन्तिमग्गमेव ब्रूहय, निबानं सुगतेन देसितं ।**

**अर्थः** शरद ऋतुको कमल उखेलेर काटेझैं आफ्नो मनमा भएको स्नेह बिलाएर पठाउ, सुगतले आज्ञा गर्नुभएको शान्ति मार्ग बृद्धि गरेर निर्वाणको अनुशरण गर । ।

(पकिण्णकवग्गो २८५)

समाजको समस्या व्यक्तिसंगै जकडिएको हुन र व्यक्तिगत क्षमता बृद्धिद्वारा शान्ति, निवार्णको बाटो पहिल्याउनुको विकल्प छैन । आज जताततै लूट डकैति, मिसावट, ठगी, चोरी, हत्या, झैझगडा आदिको समाधान अन्य कुनै पनि अपुरो अधुरो शिक्षाबाट नहुने यथार्थ देखिएको छ । पूर्णताको शिक्षा केवल बुद्धशिक्षामा मात्र पाउन सकिन्छ ।

संयुक्त निकायको निम्नानुसारको शिक्षा मनन गर्न योग्य छ ।

**अन्तो जटा बहि जटा, जटाय जटिता पजा ।**
**तं तं गोतम ! पुच्छामि, को इमं विजटये जटं ?**

अर्थ : भित्र जटा (जञ्जाल) छ बाशिर जटा छ, जटाले प्रजा जकडिएको हुन्छ, त्यसैले हे गौतम ! तपाईसंग सोध्दछु कि कसले जटालाई सुल्झाउन सक्दछ ? यहाँ जटा भन्नाले जाल फैलाउने तृष्णालाई बुझ्नु पर्दछ ।

सारा संसार, सबै प्राणीहरू यही तृष्णारूपी जालमा जकडिएको अवस्थामा पुनः समस्या समाधानको नाममा हुने प्रयास पनि त्यही तृष्णाको जालमा जेलिएको अवस्थाबाट हुन्छ भने त्यो कसरी पूर्ण र सफल हुन्छ ?

यसरी सारा संसार जटा नै जटाले घेरिएको बारे प्रश्न गर्दा भगवान् गौतम बुद्धले जवाफ दिनुभयो ।

**सीले पतिट्ठाय नरो सपञ्ञो-चित्तं पञ्ञञ्च भावयं ।**
**आतापि निपको भिक्खु, सो इमं विजटये जटं ॥**

अर्थ : जो व्यक्ति प्रज्ञावान हुन्छ, वीर्यवान हुन्छ, पण्डित हुन्छ, संसारमा भय नै भय देख्ने हुन्छ, उ शीलमा प्रतिष्ठित भएर, चित्त (समाधि) र प्रज्ञाको भावना गर्दै यस जटा (जञ्जाल) लाई सुल्झाउन सक्दछ ।

अतः आजको विश्वको अवस्थालाई पार गर्न व्यक्तिको कर्तव्य र अकर्तव्य पहिचान गर्दै कुशल कर्म गर्दै व्यक्तिको पूर्णताको प्राप्तिकोलागि बुद्धशिक्षा आजको आवश्यकता हो ।

सबैको कल्याण होस ! सबैको मंगल होस !!

## अनागारिका-गुरूमांहरु प्रति

- राज शाक्य, ल.पु.

रम्य संसारको सुख वैभव त्यागी
सुन्दर कालो घुंघुरू केश काटी
रुप सुन्दरताको अहंकार मारी
मोह ममता गृह वन्धन तोडी
नाता-कुटुम्ब सब माया मारी
पिताम्बर वस्त्र धारण गरी
वीतराग पथका पथिक बनी
परिशुद्ध बुद्धधर्म अंगाली
भयौ विशुद्ध अनागारिका गुरूमां
हे महान नारी ! तपाई कल्याणी ।१।

३११ कठोर नियम पालन गरी
धर्मनदीमा तन-मन अर्पण गरी
गई लंका बर्मा मलेशिया थाईलैण्ड
बटुली बुद्धधर्मका अमूल्य-ज्ञान
बगाई ती अमूल्य धर्म-ज्ञानहरु
शुष्क भइरहेको नेपाल भूमिमा
पल्लवित गऱ्यौ बुद्धधर्म-वृक्ष
जो काटी ध्वंश गरिदिएको थियो-
मल्ल, राणाहरुले आफ्नो शासनकालमा
अपनाई बलिप्रथा हिंसादि कर्ममा ।२।

पञ्चकामगुणलाई क्षत-विक्षत गरी
राजभय मनुष्यभय आदिलाई
मैत्रीभावनाले दमन गरी
हिंड्ने वीर्यले निर्भय मुस्कान फैलाई
शीलाचरणको उज्ज्वल मुहार दर्शाई
दया, करूणा, क्षमाले युक्त मां बनी
अज्ञानीहरुलाई शिक्षादीक्षा दिई
सुखशान्तमय जीवन मार्ग देखाई
बन्यौ कल्याणकारीनी गुरूमां
यसकारण भन्यो तपाईलाई "गुरूमां" भनी ।३।

ध्वंश-विध्वंश गरिदिएको बुद्धधर्मलाई
बुद्धशासनिक कार्यमा निरन्तर लागी
गाउँ-शहरमा बुद्धोपदेश अमृत वर्षाई
धर्ममा सुषुप्त भएका जनता जगाई
सुबोध सुशिक्षित पुस्तकहरु लेखी
लह-लहरायौ बुद्धधर्म राष्ट्रमा फेरि
साधुवाद छ अनागारिका गुरूमांहरुलाई
गौरवमय बनायौ नेपाल राष्ट्रलाई
अतः वन्दना गर्दछु श्रद्धाभावले
सबै सबै अनागारिका-गुरूमांहरुलाई ।४।

नेपालका छैठौं **नवसंघनायक भिक्षु अश्वघोष महास्थविर**
तथा **नवसंघउपनायक भिक्षु कुमारकाश्यप महास्थविरको**
बुद्धशासनिक सफलतम कार्यकाल एवम् सु-स्वास्थ्यका लागि
**मैत्रीपूर्ण कामना** !

**सुनौलो कीर्तिपुर बचत तथा ऋण सहकारी संस्था लि.**
नगाउँ दोबाटो, नयाँ बजार, कीर्तिपुर

Courtesy: *Asia Tribune*

# Translating Pali canon into Newari

✍ **By Janaka Perera**

Nepal's Tripitaka Anuwadana Mandalaya (Preparatory Council) has launched a massive program to translate the Buddhist Pali Tripitaka into the Nepalese language of Newari- one of the country's oldest language- within the next two years. The Bir Purna Pustak Sangahalaya in Lalitpur, Nepal has taken the initiative in this project. The BPPS is a unique private library which has preserved books on Buddhism and books in Nepalese languages.

Speaking to the Asian Tribune, Nepalese Bhikkhu Venerable Pracheena Panditha Dhammapala said that already all Atthakatha of the Jataka stories have been translated into Newari, Ven. Dhammapala has written a detailed article on the translation on project in Sinhala for the benefit of Sri Lanka's Buddhist laity and clergy.

The person currently behind the task of translating the Tripitaka into Newari is Dunda bahadur Vajracharya of Nepal, a leading Buddhist scholar; he has launched the project at a tremendous cost spending his private funds, energy and time for this great Endeavour. The Vajracharya clan is highly respected in Nepal, according to Ven. Dhammapala.

It was Purna Bahadur the father of Dunda Bahadur, who in the course of fun visits, used to bring Buddhist books the collection of which eventually formed the Bir Purna Pustak Sangrahalaya. They include the original Pali Tripitaka texts and their translations in English, Hindi, Sanskrit, Sinhalese, and Burmese and Thai languages. Others are publications on Buddhist culture, arts and literature and Nepalese history. These are also available in the form of cassettes, CDs and VCDs in Nepalese languages.

The Tripitaka translation work first began about over 25 years ago and one third of the Pali Tripitaka was completed, generating a great interest in Buddhism among Nepalese people. Dunda Bahadur fully dedicated his life to complete this work in order to fulfill her last wish his late mother. Due to the tireless effort day in and day out, he succeeded in completing the translation of Dighanikaya within 45 days. This work was published and was so far the first Tripitaka text published in Nepal. The Buddhist society and the intellectual circle of Nepal received the work positively taking this as a major breakthrough in the history of Buddhist literature publication in Nepal

The work however came to a standstill lager and recommenced in January 2009 with the participation of a group of Buddhist scholars comprising both the laity and clergy. Dunda Bahadur himself has completed translating 4878 pages out of 17665 pages of the Pali Tripitaka and made them available to the public. The balance number of pages to be translated is 10110.

Venerable Dhammapala says the most significant of the Tripitaka translation project is that all members of the Preparatory council are young energetic Nepalese monks with a thorough knowledge of Buddhism, Sinhala, Pali and English having studied the subjects in the Paramadhamma Chetiya Pirivena, Vidyodaya Pirivena, Vidyalankara Pirivena, and the International Buddhist Centre (Ampitiya, Kandy) in Sri Lanka.

Ven. Dhammapala himself is a student of the Most Venerable Kotugoda Dhammawasa Anunayaka Thera, Sri Dharmapalaramaya, Mount Lavinia, Sri Lanka; all these monks are university graduates and excellent speakers and writers who had made the task of Vajracharya Dunda Bahadur much easier.

Although Nepalese monks and nuns began translating Buddhist Suttas and Jataka tales some years ago it was not done in a systematic way until now. Following a proposal by the late Venerable Dr. Sudharshana Chief incumbent of the Nagarmandap Shreekirti Vihara, Keerthipur, Nepal the decision was taken to translate the Tripitaka into Newari, Accordingly a committee was appointed at the Shree Kirti Vihara, resulting in the entire Kuddaka Niyaka being translated into Newari with the participation of Nayaka Theras, Venerable Jnanapurnika, Bodhisena, Anagarika Uppalawanna, lay Buddhist scholars Dharmarata Shakya and Bhuvanala Pradhan

under the direction of Ven. Bhikkhu Sudarshana Mahathera.

Ven. Dhammapala recalled the need for translating the Tripitaka into Newari arose with the objective of strengthening Buddhism among the Newar is a traditional Buddhist community in Nepal. The first step in this direction was taken by Nepalese Bhikkhu Ven. Amritananda Nayaka Thera, who having studied Buddhism in Sri Lanka, translated the Dhammapada into Newari in 1942. Among the other monks who made a great contribution in the propagation of Tripitaka literature among the Buddhist of Nepal and lay devotees were Dhammaloka Mahasthavir, Anirudra Mahasthavir and incumbent Buddhaghosha Mahasthavir.

Ven. Dhammapala regrets that in the land of the birth of Prince Siddhartha, the majority of Nepalese have no clear idea of Buddhism. Many of them seem to think of the Buddha as some kind of god and worship him. Ven. Dhammapala attributes this to the impact of Hinduism. A century ago, Buddhism in Nepal was confined to simply traditional rituals etc. Hence it has become imperative that the Tripitaka be translated into Newari.

It was primarily due to the effort of Bhikshu Prajnananda (1900-1996) Nepal's first Snaghanayaka, that Theravada Buddhism there, Later other Nepalese monks and nuns having received education and training in Burma (Myanmar), Sri Lanka and Thailand made a notable contribution after returning home.

Although there is evidence including stone inscriptions to prove that Nepal had been a Theravada Buddhist country in ancient times, no systematic research and study had been done on this, says Ven. Dhammapala.

About 130 years ago a Western historian Cecil Bendall (1856-1906) who visited Nepal in 1880 disclosed in 1880-1893 the availability of the Pali Tripitaka texts in Nepal as early as 8the century. In 1991 a book entitled The Oldest Pali Manuscript: Four Folios of Vinayapitaka from National Archives, Kahamandu was published in Germany.

Today those engaged in translating the Tripitaka from Pali into Newari are following the advice of the Buddha who gave the Sangha permission to learn the Dhamma in one's own language.


# क्यानन बचत तथा ऋण सहकारी संस्था लि.

## ५ वर्षे मुद्दतीमा सावाँको दोब्बर भुक्तानी गर्ने ।

**मुद्दती बचतमा पाइने ब्याजदर**

| मुद्दती अवधि | मासिक | त्रैमासिक | अर्धवार्षिक | बार्षिक |
|---|---|---|---|---|
| १ वर्ष | ११% | ११.२५% | ११.७५% | १२% |
| २ वर्ष | ११.५% | ११.७५% | १२% | १२.५% |
| ३ वर्ष | १२.५% | १२.७५% | १३% | १३.५% |
| ४ वर्ष | १३% | १३.२५% | १३.७५% | १४% |
| ५ वर्ष | १४% | १४.२५% | १४.७५% | १५% |

सुपर सेभिङ्ग बचत खातामा (दैनिक मौज्दातमा) ८% ब्याजदर

## बचतमा पाइने ब्याजदर

| बचत | ब्याजदर |
|---|---|
| साधारण बचत | ८% (६ महिनामा भुक्तानी) |
| बाल बचत | १२% (५ वर्षमा भुक्तानी) |
| आवधिक बचत ६/१२/२४/३६ महिना | ९%/१०%/११%/१२% |

**महिला बचत** ४२ महिनासम्म रकम जम्मा गरेमा ४३ औं महिनामा ५० किस्ता भुक्तानी ।

| कर्जा लगानी | ब्याजदर |
|---|---|
| ब्यापारीक/व्यक्तिगत कर्जा | १७% |
| कृषि कर्जा | १७% |
| सामूहिक जमानी कर्जा | १९% |
| हायर पर्चेज कर्जा | १६% |
| शैक्षिक/वैदेशिक रोजगार कर्जा | १७% |
| आवास कर्जा | १७% |
| मुद्दती कर्जा थप | ३% |

CANON 2066

सानो भर्‍यांग, स्वयम्भू-१५, काठमाडौं, फोन नं. ४२८८८६८

Email : canon_se@´ail.com

# China's U.S. $. 3 Billion to Lumbini Nepal: A Matter of Concern



By **Kishore Sherchand**
(ksherchand@yahoo.com)

When the news of $ 3 billon to Lumbini, Nepal went on air first published by the Canadian Newspaper Vancouver Sun last June 18, it came as a Dragon thunderbolt and developed a thread of curiosity among the Nepalese in Nepal and other parts of the world (http://www.vancouversun.com /travel/ billion +Buddhist +Mecca+ gets +financial +boost + from+ China/4969275/story.html). Without much of doubt, it can be said that there would be people who support and who oppose. We don't see much of independent view coming out whether it is an issue of development, religion, or any other. They are mostly seen as political we have been witnessing all the time. Still majority of Nepalese folks would like to see this as a positive and a vibrant solution for a country which is undergoing a political turmoil.

As regards to the willingness of China to this megaproject, unquestionably, China is the fastest growing economy. Mathematically one can build an equation and estimate, if China's economic growth is 10 per cent and that of India 8 per cent, then a country's sandwiched between these two should be 9 per cent keeping the other factors constant.

When Buddhism spread beyond India more than two thousand years ago, the one of first nations who embraced Buddhism outside the Indian sub-continent was China. Many Chinese scholars came to India and studied Buddhism at Nalanda said to be one of the oldest universities in the world. It is the Chinese traveler who gave the first hand source of information about Lumbini in Nepal as the birthplace of Siddhartha Gautam. It is the Chinese who gave much of information on most of the archeological evidences in Bodhgaya, Sarnath and others in India. India did not have. India destroyed all literatures, canons or any visible as much. Hinduism saw as an immediate threat to its existence. According to Peter Harvey, Adi Shankara said, "Buddha is the enemy of people" still did not lag behind to copy much of Buddhist teachings (http://en.wikipedia.org/wiki/ Decline of Buddhism in India).)Hindu Rulers and later Muslim invaders put enmity to suppress Buddhism in India. Only after when the Hindu Rulers themselves got defeated from Muslim invaders, Hinduism showed a more reconciliatory approach towards Buddhism. It is Buddhism who taught the philosophical and institutional foundation to Hinduism otherwise they were just scattered here and there. It is Buddhism that taught monastic institution *Shangha* to other religions. It is Buddhism who gets recognition from The United Nation General Assembly as *Visak* day celebration since 2000.

Buddhism suffered much even in modern China especially during the Cultural Revolution. When China turned into a communist country, it suppressed Buddhism – most visibly in Tibet. According to the International Campaign for Tibet, since 1949 more than 6,000 Tibetan Buddhist monasteries, nunneries, and temples have been destroyed. But today Buddhism in China is resurfacing. We can still say China officially a communist nation but when Deng Xiao ping opened up its economic sphere to the outside world, its constitution of 1978 Article 46 gave a secular model (http://en.wikipedia.org/wiki/Religion_in_China) much earlier than Nepal. According to the Western figure there were about 170 millions a decade ago who believe in Buddhism. Now it is estimated as much as 400 millions adhered to this religion. Some even go beyond and estimate as much 600 million (http://www.justchina.org/china/china-beliefs.asp).

At the same time, there are increasing evidences of missionary penetration of Christianity converts in China. The government cannot take harsh reaction at the promise of secularism and definitely doesn't want to project this way to the outside world. The Chinese government as well as the people would be much comfortable socially and culturally to support and promote Buddhism to the outside world (Public Radio International *PRI* 2010). Nepal would be one of them.

## India's Status

India's approach to the promotion of Buddhism is more aggressive than Nepal. India got people like Gandhi, Nehru, Bhimrao and others who dreamed India as a secular state and put *Ashoka Wheel of Dhamma* in its constitution, Parliament Building and National flag. Nepal is left behind to put in some form. India saw ahead of Nepal as the window of opportunity to attract international tourists. India has a better leverage to use its economic as well as political sphere to do so. The exiled leader Dalai Lama has been reaching out the world more vehemently than others as a champion of peace and harmony whose contribution to attract the West could be judged as the most plausible reason. India benefits from that. India as a more stable secular nation has been putting all out efforts to develop Bodhgaya, Sarnath, Kushinagara to attract million of tourists with the better connection of Dalai Lama. Projects like Light of Buddha Dharma Foundation International (http://www.lbdfi.org/) and Maitreya Project (www.maitreyaproject.org) are supporting to develop Bodhgaya, Kushinara and Sarnath supported by the West. There may be many more. India knows better than Nepal why the Western world is being attracted towards Buddhism than any other religion; name it, U.S.A., France, Australia or many others. More and more numbers of Western people have followed Buddhism in teaching and meditation (http://www.onebodhitree.org /? q=content/ buddhism-us-looking-through-land-buddha-kishore-sherchand-ksherchandyahoocom).

## Western Zeal

Westerns especially the youths are increasingly concerned and question the very existence of God and Goddism. The recent communication from Public Radio International (PRI) about Christianity in Holland says like this, "there are one sixth of the clergymen in the country just disagree with God and Goddism keeping Jesus Christ as its supreme commander. One interviewee said, "I have faith in Jesus Christ but not in the existence of God (In Bible, Jesus Christ is believed to be the son of God)." Please mind it Buddhism rejects the doctrine of Goddism as the supreme commander. The vast majority of those open to practicing Buddhism are educated middle and upper-middle class religious seekers. The Elite Buddhists who are attracted to Buddhism are trying to get away from religions based on faith and devotion such as Christianity or Judaism (http://nichirenscoffeehouse.net /Ryuei/Buddhism-in-America.html).

## Prachanda and Paras

It is conceivable that when Maoists in Nepal came to power, the then Prime Minister Prachanda could have gotten favorable approach from China. Several options could have been put on the table on how to support Nepal more vehemently. One can judge, India and China both has some sort of muscling how to keep Nepal under its own influence. Maoist CPN Chairman Prachanda could see this as an avenue of opportunity. Some may not like because he is affiliated with Maoist Communist Doctrine. If Communist China can change why not Prachanda? However, I believe, "It should not matter what type of fishing bate it is so long as it catches a good fish." Some doubt even on Ex-Crown Prince Paras who is also one of the Vise-Chairmen of the APEC foundation. Paras could also have seen this as a more pragmatic approach towards the poverty stricken and war-torn people of Nepal. The greatest example comes right from the Emperor *Ashoka* who was a Hindu King but renounced Hinduism and became the champion of Buddhism for disseminating Buddhism outside India. If Ashoka could do why not Ex-King Gyanendra and his son Paras? Buddhism in contrast to Hinduism strictly adheres to *impermanence* and *no-self* as a core value of a human life. Buddhism adheres to the middle path to benefit others. Buddha himself experimented.

In the past, Nepal could not see much this as a forward step for a variety of reasons such as poor economic strength, non-secular view, unstable government, dictatorship and Hindu King. Nepal rulers just tried take a lukewarm approach. Few of them could also have viewed as the nearest threat to the existence of Hinduism. Hinduism could not give much to the expectation of Nepalese people in a fair deal. Historically they imposed much of the doctrine of inhumanistic discriminatory social order into Nepalese society. Buddhism by default rejects this.

Ravi Verma a computer scientist, Buddhist Scholar, follower, and teacher said, Siddhartha Goutam knew, Brahmins were the main barrier

between Veda and the people, so Buddha tried to reach out and convince first those Brahmins during his 45 years of teaching after enlightenment (personal communication; http://www.onebodhitree.org/?q=content/teachers; http://worldamity.wordpress.com / 2010/12/29/the-life-of-buddha/). I believe, this could be an outward-looking lesson for the people of Nepal.

**Here is the Deal**

Both Nepal and India share the common platform of Siddhartha Gautam from his birth to enlightenment to death. If a Western devout visit Bodhgaya, they would also likely to visit Lumbini. If the Chinese devout visit Lumbini they would also be tempted to visit Bodhgaya. I don't see much why India should oppose as much they are doing its own neighbor Pakistanis for fear of terrorism. I also don't see much to see that far for Chinese Buddhists as terrorist. If Nepal and India agree to develop networks such as direct and rapid transportation between Lumbini and Bodhgaya, Sarnath or Kushinagara both would mutually benefit. Majority of Nepalese would like to see the prosperity of Nepal free of ignorance no matter who rings the bell.

पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु
पुण्य (कुशल कर्म) गर्दै जानु ।
आफ्नो चित्तलाई (मन) शुद्ध गर्नु
यही नै बुद्धको उपदेश हो ।

VISHWA MOTOR TRADERS
Putalisadak, Kathmandu Tel. 4225625 / 4244173

बिश्व मोटर ट्रेडर्स
ख-२, ४०८, पुतलिसडक, काठमाडौं, नेपाल ।
फोन नं.: ०१-२२९२२३०, ९७२१४०२९०५/३२०५४४
E-mail: vmtautoparts@wlink.com.np
टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि
गाडिका पार्टसहरुको लागि सम्पर्क गर्नुहोस् ।

सम्झनुहोस्
सुरक्षित बचत, उच्च प्रतिफल एवं सरल कर्जाको लागि
राजधानी बचत तथा ऋण सहकारी संस्था लि.

संस्थाद्वारा निर्धारित ब्याजदर

| निक्षेपतर्फ | | ब्याजदर |
|---|---|---|
| १. बचत खाता | | १०% |
| २. मुद्दती खाता | त्रैमासिक | एकमुष्ठ |
| ६ महिना | ११.५०% | १२% |
| १ वर्ष | १३% | १३.५% |
| २ वर्ष | १३.५०% | १४% |
| ३ वर्ष | १४% | १५% |

३ वर्षभन्दा बढी अवधिको लागि आपसी समझदारीमा ब्याजदर तय गरिनेछ ।

२ वर्षभन्दा बढी अवधिको लागि रू. २ लाखभन्दा बढी रकम राखेमा मासिक रूपमा १४% का दरले ब्याज प्रदान गरिनेछ ।

३. दोब्बर भुक्तानी योजना
यस योजनाअन्तर्गत ५ वर्षे मुद्दतीमा साँवाको एकमुष्ट दोब्बर भुक्तानी गरिनेछ । यसमा लाग्ने ब्याज कर संस्थाले ब्याहोरिदिने छ ।

४. ज्येष्ठ नागरिक पेन्सन योजना
यस योजनामा सरिक हुनेलाई प्रत्येक महिना तोकिएको निर्धारित रकम प्रदान गरिनेछ, साथै दशैं खर्चको रूपमा डेढ महिना बराबरको थप रकम समेत प्रदान गरिनेछ र यसमा लाग्ने ब्याज कर संस्थाले ब्यहोरिदिने छ।

| ऋणतर्फ | ब्याजदर |
|---|---|
| १. विभिन्न कर्जा | १९-२०% |
| २. व्यवस्थापन शुल्क | ३% |

(भुक्तानी म्यादभित्र चुक्ता गरेमा १% फिर्ता हुने)
३. मुद्दती रसिद धितोमा प्रदान गरेको ब्याजदरमा २% थप

राजधानी बचत तथा ऋण सहकारी संस्था लि.
बागबजार, काठमाडौं ३१, फोन : ०१-४२१९२५२

अनिच्चावत संखारा उप्पादवय धम्मिनो ।
उपज्जित्वा निरूज्भन्ति तेसंऊपसमो सुखो ॥



**श्रीमाया महर्जन**
जन्मः १९९३/३/१ गते
दिवंगतः २०६८/कार्तिक/१ गते

**हाम्रा प्रातः स्मरणीय श्रीमाया महर्जनलाई**
**सुगतिसहित निर्वाण प्राप्त होस् भन्ने कामना गर्दछौं ।**
**साथै**
**हामी शोक सन्तप्त परिवारप्रति सान्त्वना दिनुहुने**
**सबैलाई मैत्री कामना गर्दछौं ।**

श्रीमान् : कालुभाई महर्जन (श्रद्धाकुमार)
छोराहरू: गुणदास महर्जन, नन्द महर्जन
राजकुमार महर्जन, भिक्षु अशोक
छोरीहरू: कमल देवी महर्जन,
अनागारिका पुञ्ञवती

नाती/नातीनीहरू :

भिक्षु सुमनकिर्ति
श्रा. शान्तदेव
अ. प्रसन्नवती
नबिन महर्जन
सुनिल महर्जन
प्रमोद महर्जन

दिलदेवी महर्जन
सबिना महर्जन
सनसिला महर्जन
स्नेहा महर्जन
सुनेना महर्जन

क्रमिक वचत गर्ने बानी बसालौं
बोट नमासी मिठो फल खाऔं

रजिष्टर्ड नं. १००/०६२-६३

**इन्द्रेणी वचत तथा ऋण सहकारी संस्था लि.**
गुरुजुधारा, काठमाण्डौ
फोन नं. ४३१५३४४, फ्याक्सः ४३१०४५८
**इमेलः** indrenico_operative@yahoo.com

**इन्द्रेणी सहकारीको रेमिट सेवा**

WESTERN UNION | Prabhu Money Transfer | meroremit | NABIL REMIT | UNION MONEY TRANSFER CO.LTD.

**संसारको जुनसुकै ठाउँबाट पठाएको रकम**
**सप्ततारा इन्टरनेशनल प्रा.लि.**
**मार्फत**
**इन्द्रेणी सहकारी गुरूजुधारामा तुरून्तै पाइन्छ ।**
सम्पर्क फोन नं. ४३१५३४४, फ्याक्सः ४३१०४५८

जातक अनुवाद ल्याः २७३

# कच्छपजातक (कापले)

"**को नु उद्दितभत्तोव.....**" थ्व शास्तां तेतवनय् विहार यानाच्वनाबिज्याःबलये कोशल-जुजुया निम्ह महामन्त्रीतयुगु कलह-शान्तिया बारे कनाबिज्याःगु खः। वर्तमान कथा निगुगु परिच्छेदय् वःगु हे जुल ।

**ख. अतीत-कथा**



✍ अनु. अष्टमुनि गुभाजु

न्हापा न्हापा वाराणसीय ब्रह्मदत्त जुजुं राज्य यानाच्वंगु समय् बोधिसत्त्व काशी-देशय् ब्राह्मणकुलय् जन्म जुल । उमेर जायावयेवं तक्षशिलाय् शिल्प स्यनाः, कामभोग त्वःताः, ऋषि प्रव्रज्या काल । हाकनं हिमालय् प्रदेशय् गंगाया सिथय् आश्रम दयेकाः, अन अभिज्ञा व समापत्ति ज्ञान प्राप्त यानाः ध्यानभावना यानाः च्वंच्वन । थुगु जातकय् बोधिसत्त्व परम मध्यस्थ खः । उपेक्षा पारमितायात पूर्ण याःम्ह खः । जब व थःगु पर्णशालाय् च्वंच्वनी, उबेलय् अवसरवादी दुश्शीलम्ह माकः छम्ह वयाः (वयागु) न्हाय्पं प्वालय् थःगु जननेन्द्रिय तःवयाच्वनीगु । बोधिसत्त्वं (वयात) रोकय् मयासे उपेक्षावान् जुयाः च्वनाच्वनीगु जुयाच्वन ।

छन्हु कापले छम्ह लखं थहांवयाः, गङ्गाया सिथय् ख्वाः चकंकाः निभाः पानाः द्यनाच्वन । वयात खनाः, उम्ह चञ्चलम्ह माकलं वयागु म्हुतुइ जननेन्द्रिय तयाबिल । वहे इलय् कापलें न्ह्यलं चायेकाः पेटिइ तयातःगु थें यानाः जनेन्द्रिययात क्वानाबिल । तच्वतं वेदना जुल । वेदनायात सह यायेत असमर्थ जुयाः वं बिचाः यात- "सुनां जितः थुगु दुःखं मुक्त यानाबिइ थें ? सुयाथाय् वने ? तपस्वीबाहेक मेपिसं थुगु दुःखयापाखें मुक्त याये फइमखु । जि वयाथाय् हे वनेमाली । अले कापलेयात निपां ल्हाःतं ल्ह्वनाः बोधिसत्त्वयाथाय् वन । बोधिसत्त्वं उम्ह दुश्शील माकःयात हिस्याये थें यानाः न्हापांगु गाथा कनाबिज्यात-

**"को नु उद्दितभत्तोव, पूरहत्थोव ब्राह्मणो,**
**कहन्नु भिक्खं अचरिकं सद्धंउपसङ्कमि ॥"**

"(यक्व भोजनं जाःगु ल्हाःम्ह छ सु ब्राह्मण खः ? छं गन भिक्षा फ्वना ? गुम्ह श्रद्धावानयाथाय् वना वया ?)"

थ्व न्यनाः दुश्शील माकलं (निगूगु) मेगु गाथा धालः- **"अहं कपिस्मि दुम्मेधो,**
**अनामासानि आमसिं,**
**त्वं मं मोचय भद्दन्ते, मुत्तो गच्छेय्य पब्बतं ।"**

"(जि दुर्बुद्धिम्ह माकः खः । स्पर्श याये योग्य मजूगुयात जिं स्पर्श याना । छं जितः त्वःतके ब्यु । छंगु भिं जुइ । छुटय् जुइवं हे जि पर्वतय् वने ।)"

बोधिसत्त्वं वया उपरय् करूणा तसे, कापलेनाप खँल्हाबल्हा यासे स्वंगूगु गाथा कनाबिज्यातः-

"कच्छपाकस्सपा होन्ति, कोण्डञ्ञा होन्ति मक्कटा,
मुञ्च कस्सय कोण्डञ्ञं, कतं मेथुनकं तया ।"

"(कापले काश्यप जुइ अले माकः कौडण्य* । हे काश्यप ! कौण्डन्यं छ लिसे (गोत्रया सादृष्य जूगुलिं) मैथुन यात । (आः) वयात त्वःताब्यु ।)"

कापलें बोधिसत्त्वया वचन न्यनाः, पाय्छिगु खँय् लय्तायाः, माकःया जननेन्द्रिय त्वःताबिल । माकः मुक्त जुइसाथं बोधिसत्त्वयात वन्दना यानाः बिस्युंवन । हाकनं लिफः तुलाः तक नं मस्वः । कापले नं बोधिसत्त्वयात वन्दना यानाः गन खः अन हे वन । बोधिसत्त्व नं ध्यानी जुजुं ब्रह्मलोकय् वन ।

शास्तां थुगु धर्मदेशनायात हयाः सत्यया प्रकाश यासे जातक नाप स्वानाबिज्यात ।

उबलय् कापले-माकः निम्ह महामात्य खः । तपस्वी जि थःहे ।

..............................................

गोत्र विशेष, *ऋषिपिनि नां विशेष ।


## बौद्ध वृद्धाश्रमलाई सहयोग



बनेपामा जन्मभई हाल अमेरिकामा बसोबास गर्दै आउनुभएका प्रोफेसर शिबओम वादेबाट दिवंगत प्रातःस्मरणीय माता दिवंगत चन्द्रदेवी वादेको स्मृतिमा रू. १००,०००।-(एकलाख) चन्दा-सहयोग ससाधुवाद प्राप्त भएको छ । अक्षयकोष खडा गरी ब्याज मात्र खर्च गरिने छ ।

**बौद्ध वृद्धाश्रम, बनेपा,** फोन नं. ०११६६२८४८

# बौद्ध गतिविधि

## आनन्दकुटीमा मासिक बुद्धपूजा

२५ आश्विन २०६८, काठमाडौं । कोजाग्रत पूर्णिमा-कर्ति पुन्हिका दिन आनन्द कुटी विहारमा मासिक बुद्धपूजा, धर्मदेशना, दानप्रदान तथा भोजन कार्य सम्पन्न भयो । विगतमाझैं लंकाराम चैत्य परिसरमा दीप-प्रज्वलनपछि स्वयम्भू ज्ञानमाला भजनबाट ज्ञानमाला प्रस्तुत गरियो । आनन्दकुटी विहारका सदस्यसचिव भिक्षु धर्ममूर्ति महास्थविरसमक्ष पंचशील-प्रार्थना, बुद्धपूजापछि उहाँ श्रद्धेय भन्तेले नै कथिनोत्सवको विशेषतासँगै भिक्षु जीवन र गृहस्थहरूको कर्तव्य विषयमा कथात्मक उपदेश गर्नुभयो ।

## त्रुटिपूर्ण टिकट हटाइयो : राजदूत हेवागे

श्रीलङ्काली सरकारले जारी गरेको बुद्धसम्बन्धी त्रुटिपूर्ण हुलाक टिकट प्रचलनबाट हटाइसकिएको भनी नेपालका लागि श्रीलङ्काली महामहिम राजदूत थोसपाल हेवागेले स्पष्ट पारेका छन् । यो हुलाक टिकट तत्कालैबाट प्रचलनमा रोक लगाइएको छ र पुनः मुद्रण गर्ने व्यवस्था छैन भनी नेपालका लागि श्रीलङ्काली राजदूतले विज्ञप्तिमार्फत उल्लेख गरेका हुन् ।




श्रीलङ्काली सरकारले यसै वर्षको मे १४ (वैशाख ३१) मा बुद्धसम्बन्धी भिन्नाभिन्नै चारवटा टिकट प्रकाशन गरेको थियो र तीमध्ये एउटा टिकटमा मायादेवी मन्दिर भारतको मानचित्रमा देखाएको थियो । यही हुलाक टिकट **"त्रुटिपूर्ण"** भएकाले प्रचलनबाट हटाइएको राजदूतले जानकारी दिएका छन् ।

विश्वसम्पदा सूचीकृत बुद्ध-जन्मभूमि लुम्बिनी नेपालमा पर्छ भनी स्वयं बौद्ध देश श्रीलंकाले जानेर वा नजानेर वा के कति कारणले हो यसरी खुलेआम लुम्बिनीप्रति अन्यायपूर्ण विधि व्यवहार गर्नु कुन हदसम्म उचित छ भनी बुद्धधर्मावलम्बीहरूले चिन्ता व्यक्त गरेका छन्, यस किसिमको भ्रमपूर्ण प्रकाशनलाई खबरदारी गर्नु सम्बन्धित बौद्ध निकायहरूले यथाशिघ्र रचनात्मक कदम चाल्नु पर्छ भनी नेपाली जनताहरूले औंला ठड्याएका छन् भनी ध्यानाकर्षणार्थ गत अङ्क ४ को आनन्द भूमिमा समाचार प्रकाशित गरिएको थियो । यसरी त्रुटि सच्याइनु राम्रो पक्ष मान्न सकिन्छ ।

## टोखामा २२७३ औं शस्त्रपरित्याग दिवस

१९ आश्विन, काठमाडौं । महान धर्मसम्राट अशोकद्वारा अस्त्रशस्त्र परित्याग गरी निशस्त्रीकरण अभियानका सूत्रधार बन्नुभएको महान विजयादशमीको दिन २२७३ औं शस्त्रपरित्याग दिवस समारोह सम्पन्न भयो । थेरवाद बौद्ध दायक केन्द्रीय परिषद् एवं सरस्वती गाविस स्थूल, टोखास्थित निर्माणाधीन बुद्धभूमि महाविहारको संयुक्त रुपमा आयोजना भएको उक्त समारोहमा भिक्षु सद्धातिस्सले पञ्चशील प्रदान गर्नुभई विहार निर्माण बारे जानकारी गराउनुभयो । भिक्षु कोलितले हिंसा त्याग्नु पर्ने बारे उपदेशात्मक मन्तव्य दिनुभयो । थेरवाद बौद्ध दायक केन्द्रीय परिषद्का अध्यक्ष बखत बहादुर चित्रकारको सभापतित्वमा सम्पन्न सो समारोहमा परिषद्का महासचिव विष्णुरत्न शाक्य, कोषाध्यक्ष संघरत्न शाक्य, सदस्यहरू डा. सानुभाई डंगोल, डा. लक्ष्मण शाक्यले शस्त्र परित्याग दिवसको ऐतिहासिक महत्त्वका विषयमा बोल्नुभयो । परिषद्का अध्यक्ष बखत बहादुर चित्रकारले बुद्ध-जन्मभूमि लुम्बिनीको चर्चा गर्दै बुद्धको अहिंसात्मक शिक्षाको प्रचार, धर्मको नाउँमा बलिप्रथा अन्त्य गर्न सरकारी तवरबाटै कदम चाल्नका लागि गत वर्षहरूमा झैं यसपालि पनि प्रधानमंत्री डा. बाबुराम भट्टराईलाई ज्ञापन-पत्र दिएको जानकारी गराउनुभयो । समारोहमा उपासक कान्छा डंगोलले स्वागत भाषण गर्नुभयो ।

## अंगुत्तरनिकाय चौथो भाग प्रकाशित

१५ कार्तिक, बनेपा । बुद्धवचन त्रिपिटकको सूत्रपिटकअन्तर्गत चतुर्थ ग्रन्थ अंगुत्तरनिकाय चौथो भाग बनेपास्थित बोधिचर्या विहारमा कथिनोत्सवका अवसरमा नेपालका पूज्यपाद संघनायक भिक्षु अश्वघोष महास्थविरको समुपस्थितिमा भिक्षु पञ्ञालोक महास्थविरले विमोचन

You may Visit : www.anandabhoomi.com




गर्नुभयो । २६१ पृष्ठको सो पुस्तक अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष भिक्षु बोधिसेन महास्थविरले नेपाली भाषामा अनुवाद गर्नुभएको हो । अट्ठक र नवकनिपातको पूर्ण अंश समाविष्ट उक्त पुस्तक धर्मदानस्वरूप नातिकाजी महर्जन र नारायणदेवी महर्जनले प्रकाशन गर्नुभएको हो । उत्सुक र अध्ययनशील पाठकहरूले पुस्तक प्राप्तिको लागि बोधिचर्या विहार, बनेपा वा ज्योति विहार चापागाउँमा सम्पर्क राख्न सकिने छ ।

## आनन्दकुटीको कथिनमा महापरित्राण

१९ कार्तिक, स्वयम्भू । आनन्द कुटी विहारमा भिक्षु धर्ममूर्ति महास्थविर तथा भिक्षु नारद वर्षावास बस्नुभएको उपलक्ष्यमा भिक्षुसंघलाई महान कथिन चीवर दान गरियो । स्वयम्भू ज्ञानमाला भजन खलःबाट ज्ञानमाला प्रस्तुतिपछि नेपालका पूज्यपाद संघउपनायक एवं आनन्द कुटी विहारका प्रमुख भिक्षु कुमार काश्यप महास्थविरसमक्ष शीलप्रार्थना गरियो । विहार संस्थाका अध्यक्ष भिक्षु मैत्री महास्थविरको समुपस्थितिमा विहारका सचिव भिक्षु धर्ममूर्ति महास्थविरले बुद्धपूजा गराउनुभयो । राजकीय पण्डित भिक्षु सरणंकरले



कथिन आनिशंस बारे धर्मदेशना गर्नुभयो । सोही बेला भिक्षु सुदर्शन महास्थविरद्वारा सम्पादित, भिक्षु सरणंकरबाट नेपालीमा अर्थानुवाद तथा धम्म एड एशिया फाउण्डेशन, मलेसियालीहरूको सश्रद्धा धर्मदानस्वरूप प्रकाशित महापरित्राण पुस्तक पूज्यपाद संघउपनायक महास्थविरले विमोचन गर्नुभयो । उपासिका लक्ष्मी महर्जन, लाजिम्पाट प्रमुख अन्य उपासक उपासिकाहरूको श्रद्धाले कथिनोत्सव सम्पन्न भयो ।




## अनुपम नगरीमा धर्मसन्देश प्रकाशित




१९ कार्तिक, ललितपुर । लुम्बिनी विकास कोषका कार्यकारिणी सदस्य भिक्षु कोण्डन्यले एक समारोहका बीच परिचित लेखक दोलेन्द्ररत्न शाक्यद्वारा लिखित **अनुपम नगरीमा धर्म-सन्देश** नामक बुद्धशिक्षाले ओतप्रोत उपन्यास पुस्तकको लोकार्पण गर्नुभयो । सोही अवसरमा उहाँले उपन्यासमा मानवसमाजको आदर्शवादी परिकल्पना गरी बुद्धशिक्षाको औचित्य र प्रयोगको स्वरूप प्रस्तुत गरिएको टिप्पणी गर्नुभयो ।उपन्यासले नेपाली बौद्ध साहित्यमा नौलो आयाम थपेको उल्लेख गर्दै त्यसले यथार्थताको धरातलमा टेकेर आदर्शको अनुशरण गर्न प्रेरित गर्ने छ भनी समीक्षात्मक मन्तव्यको क्रममा उहाँले विश्वास ब्यक्त गर्नुभयो ।

लेखक शाक्यको सो पुस्तक ३४ औं कृति हो । पुस्तकमा बुद्धशिक्षाको आधारभूत शिक्षा शील, सदाचारदेखि गहन दर्शन र ध्यान साधनाका विविध विषयलाई दैनिक व्यावहारिक घटनाक्रम र सामाजिक पक्षसँग जोडिएर सरल तरिकाले प्रस्तुत गरिएको छ ।

सोही अवसरमा पुस्तकको समीक्षा गर्दै रत्नराज्यलक्ष्मी क्याम्पसका सह-प्राध्यापक हरिप्रसाद पराजुलीले बुद्धशिक्षा सामाजिक परिवेश, व्यावहारिक घटनाक्रमसँग जोडिएर प्रस्तुत गरिनु उपन्यासको मुख्य विशेषता रहेको बताउँदै यसले मानिसको ह्रदयमा शान्ति र मैत्रीको चेतना प्रस्फुटन गराउने विश्वास व्यक्त गर्नुभयो । कार्यक्रमका सभापति प्रा. डा. वज्रराज शाक्यले प्रकाशित पुस्तक सन्देशमूलक हुने धारण प्रस्तुत गर्नुभयो भने नेपाल भाषाका साहित्यकार हितकरवीरसिंह कंसाकारले शुभकामना मन्तव्य दिनुभयो । युवक बौद्ध मण्डलका पूर्वमहासचिव राजेश शाक्यबाट स्वागत मन्तव्य दिनुभएको सो सभा मञ्जु वज्राचार्यले संचालन गर्नुभएको थियो । शान्ति र मैत्रीको कामना गरी धर्मदानस्वरूप निःशुल्क वितरण गर्न प्रकाशित सो पुस्तक सरस्वती श्रेष्ठ, लक्ष्मीदेवी रञ्जित, बेखारत्न वज्राचार्य, दशलाल डंगोल, संगीता शाक्य, दधिराम घिमिरे, रोशनी कर्माचार्यले आफ्ना मातापिताको मंगलकामना गरी प्रकाशित गर्नुभएको हो ।

## मुन र दाहालले लुम्बिनी-बैठक अध्यक्षता गर्ने

२० कार्तिक, काठमाडौं । नेपाल सरकारले लुम्बिनी विकासका लागि एक उच्चस्तरको राष्ट्रिय समिति गठन गरी एकीकृत माओवादीका अध्यक्ष एवं पूर्व प्रधानमंत्री पुष्प कमल दाहाल प्रचण्डलाई निर्देशकमा नियुक्त गरेपछि दाहाल राष्ट्र संघका महासचिव मुनलाई अन्तर्राष्ट्रिय समितिको अध्यक्षमा बस्न आग्रह गर्न न्युयोर्क गएका थिए । उनको साथमा उच्च समितिका सदस्य नेपाली काँग्रेसका सभासद् एवं पूर्व संस्कृति मंत्री डा. मिनेन्द्र रिजाल पनि गएका थिए ।

राष्ट्र संघका महासचिव बान कि मुन र एकीकृत माओवादी अध्यक्ष प्रचण्डले बृहत लुम्बिनी विकासको गुरूयोजना बनाउन बस्ने अन्तर्राष्ट्रिय बैठकको अध्यक्षता गर्ने भएका छन् । बुद्धको जन्मस्थल लुम्बिनीमा आगामी मार्चमा हुने अन्तर्राष्ट्रिय बैठकमा अध्यक्षता गर्न महासचिव मुन सहमत भएको प्रचण्डले अमेरिका भ्रमणबाट फर्केपछि सार्वजनिक रूपमा जानकारी दिएका छन् । महासचिव बान कि मुनले एसियाको महत्त्वपूर्ण काम लुम्बिनीको विकास गर्नु हो, लुम्बिनीमा केही गरौं भन्ने भावना उनमा रहेको प्रचण्डले जानकारी गराउनुभयो । साथै महासचिव मुनसँगको भेटवार्तामा बुद्धमार्गी देशका राष्ट्रप्रमुख, प्रधानमन्त्री र बुद्धधर्ममा दखल भएका व्यक्तिहरूलाई आमन्त्रण गरेर अन्तर्राष्ट्रिय बैठक गर्ने सहमति भएको दाहालले बताए । त्यसको अध्यक्षता मुन र आफू सँगसँगै गर्ने सहमति भएको, र साथै 'लुम्बिनीको फलोअप बैठक न्युयोर्कमै गर्ने दुबैबीच सहमति समेत भएको' भनी दाहाले बताए ।

यसरी नै लुम्बिनी विकासको प्रारम्भिक काम अघि बढाउन राष्ट्र संघले आर्थिक स्रोत खोज्ने बताउँदै अमेरिका र बेलायतमा रहेका नेपालीहरूले समेत लुम्बिनी विकास र सातबुँदे सहमतिबाट मुलुकमा शान्ति स्थापना तथा संविधान निर्माण हुने भनेर उत्साह लगाएको उनले खुलस्त पारेका छन् ।

## कथिनोत्सवमा ३० लाख जम्मा हुने

२३ कार्तिक, काठमाडौं । आश्विन २५ गते पाटन, लुँखुसिस्थित सुमङ्गल विहारदेखि सुरूभएको यस वर्षको महान कथिनोत्सव कार्तिक २३ गते पाटनकै बंगलामुखीस्थित यम्पि महाविहार, ईबहीस्थित इलाय्बही विहार तथा कीर्तिपुको नगरमण्डप श्रीकीर्ति विहारमा अन्तिम कथिनोत्सवको आयोजनापछि यस वर्षको कथिन चीवर दान सम्पन्न भएको छ । थेरवादी परम्पराअनुसार भिक्षुहरू ३ महिना ( असार पूर्णिमा-आश्विन पूर्णिमा) सम्म एउटै विहारमा वर्षावास बसेपछि १ महिना विहार विहारमा कथिनोत्सवका कार्यक्रम तय गरिन्छ । अखिल नेपाल भिक्षु महासंघले लुम्बिनीमा थेरवादी बुद्धविहार निर्माण गर्ने सोचअनुरूप यस वर्ष कथिनोत्सवमा सहभागी भएका भिक्षु वा श्रामणेरबाट अनिवार्य रूपमा रू. २५०।- जम्मा गर्नुपर्ने नियम पारित गरी लागू समेत गरेका छन् । यसरी नै प्रत्येक विहार विहारमा चन्दा-दान तथा दाताले गर्ने अष्टपरिष्कारको रू. १५००।- का दरले प्राप्त हुने सम्पूर्ण रकम समेत लुम्बिनीकै विहारको लागि जम्मा गर्ने व्यवस्था गरिएको छ । अ. ने. भि. महासंघको यो प्रशंसनीय कदमबाट झण्डै रू. ३० लाख जम्मा हुने अनुमान गरिएको छ । यसरी नै रचनात्मक तवरबाट भिक्षु महासंघका सदस्यहरूले निरन्तर पारदर्शी ढङ्गले सहयोग जारी राख्ने हो भने नेपाली जनमानसबीच नेपाली भिक्षुहरूको सकारात्मक प्रभाव बढ्ने अपेक्षा गरिएको छ ।

## धार्मिक सहिष्णुताका लागि प्रवचन

२७ कार्तिक, काठमाडौं । धार्मिक सद्भाव, सहिष्णुताको मूल लक्ष्यसहित समुन्द्र मन विद्या प्रतिष्ठान, हाँडीगाउँस्थित गहनापोखरीमा एक धार्मिक प्रवचन कार्यक्रम सम्पन्न भएको छ । भिक्षु कोण्डन्य मूख्य वक्ता रहनुभएको सो कार्यक्रम **"बुद्ध-दर्शन र मानव जीवनशैली"** विषयमा केन्द्रित थियो । राम्रा दर्शनका थुप्रो बोकेर मात्र हुँदैन, ती दर्शनलाई व्यावहारिक रूपमा उतार्नु पर्ने कुरामा जोड दिनुहुँदै बुद्धद्वारा निर्दिष्ट चुतुरार्यसत्य, आर्यअष्टाङ्गिक मार्ग, अभिधर्म, प्रतीत्यसमुत्पादलगायत यावत सन्देशलाई समेट्दै जीवनका विविध पाटाहरूलाई बुद्धशिक्षासँग जोडेर भिक्षु कोण्डन्यले प्रवचन दिनुभयो । प्रतिष्ठानका उपाध्यक्ष ईन्जिनियर रामबाबु शर्माले बुद्धको त्यागलाई वास्तविक र महान त्याग भनी औंल्याउँदै विश्वका महान् व्यक्तित्व, दार्शनिक तथा वैज्ञानिकहरूले समेत बुद्धका शिक्षालाई खुलेर प्रशंसा गरेको र बुद्धधर्म विश्वव्यापीकरण भइरहेको बताउनुभएको थियो । श्यामलाल चित्रकारले भिक्षु कोण्डन्यको संक्षिप्त परिचय प्रस्तुत गर्नुभयो । प्रतिष्ठानका वरिष्ठ उपाध्यक्ष प्रा. डा. मुकुन्दशरण उपाध्यायको सभापतित्वमा सम्पन्न सो कार्यक्रममा सदस्य सचिव ईन्जिनियर भरत के.सी.ले बुद्धको शिक्षालाई राजनेता तथा मंत्रीहरूलाई सुनाउनु पर्ने भनी स्वागत मन्तव्य राख्नुभयो ।

मुखपृष्ठसम्बन्धि विशेष समाचार

# संघनायक तथा संघउपनायकलाई अभिनन्दन

२६ कार्तिक, काठमाडौं । बुद्धधर्मको माध्यमबाट समाजको विकासमा जीवनभर समर्पित हुनुभएका नेपालका छैठौं पूज्यपाद संघनायक भिक्षु अश्वघोष महास्थविर तथा संघउपनायक भिक्षु कुमार काश्यप महास्थविरलाई नागरिकहरूका तर्फबाट वृहत् धार्मिक-अभिनन्दन गरिएको छ । अखिल नेपाल भिक्षु महासंघको तत्त्वावधानमा स्वयम्भूस्थित ऐतिहासिक आनन्दकुटी विहारमा आयोजित वृहत् सभामा नागरिकहरूका तर्फबाट संविधान सभाका अध्यक्ष सुवासचन्द्र नेम्वाङ्ले महास्थविर भिक्षुद्वयलाई अभिनन्दन-पत्र प्रदान गर्नुभयो । भिक्षुद्वयले राणाकालदेखि धर्मका माध्यमबाट स्वतन्त्रता सामाजिक जागरण ल्याई समाज र राष्ट्रको विकासमा पुऱ्याउनुभएको योगदानको राज्यले कदर नगरेको अवस्थालाई मध्यनजर गर्दै जनस्तरमै देशभरका सयौं विभिन्न बौद्ध संघसंस्थाहरूबाट स्वतःस्फूर्त महास्थविर भिक्षुद्वयलाई अभिनन्दन गरिएको हो । ताम्रपत्रमा लेखिएको सो अभिनन्दनपत्रमा राणाकालीन समयदेखि बुद्धधर्मको माध्यमबाट समाजमा चेतना वृद्धिमा लागिरहनुभएका भिक्षुद्वयले बुद्धधर्मको विकास र विस्तार, नेपाल भाषा र नेपाली साहित्यमा पुऱ्याउनुभएको योगदानसहित समग्र व्यक्तित्वको चर्चा गरिएको छ ।

सोही अवसरमा संविधानसभाका अध्यक्ष नेम्वाङ्ले २०४८ सालमा राष्ट्रिय सभामा भिक्षु अश्वघोषले धर्मनिरपेक्ष, समावेशी लोकतन्त्र प्रत्याभूत गर्न निर्वाह गर्नुभएको भूमिका आफूले नजिकै बसेर नियाल्न पाएको स्मरण गर्दै अहिले धर्मनिरपेक्ष घोषणा गर्न त्यस कार्यले आधारभूमि तयार पारेको चर्चा गर्नुभयो । उहाँले भिक्षु अश्वघोष र कुमार काश्यप जस्ता व्यक्तित्वलाई अभिनन्दन गर्न पाउँदा आफूलाई गर्व अनुभव भएको बताउँदै उहाँहरूको त्याग, संघर्ष र सपनाको कदर गरी संविधान सभाबाट धर्मनिरपेक्ष र संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत गर्ने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो ।

भिक्षु अश्वघोष नेपालमा भिक्षु तालिमको अवधारण भित्र्याउने पहिलो व्यक्तित्व, राष्ट्रिय सभाका सदस्य, धर्मोदय सभाको अध्यक्ष, लुम्बिनी विकास कोषलगायत विभिन्न धार्मिक तथा सामाजिक संघसंस्थाहरूमा रहेर बुद्धधर्मको विकास, सामाजिक रूपान्तरणमा रहेर बुद्धधर्मको विकास, सामाजिक रूपान्तरणमा योगदान पुऱ्याउनुभएको छ । भिक्षु अश्वघोषको बुद्धधर्मको व्यावहारिक, सामाजिक पक्षमा केन्द्रित नेपाल र नेपाली भाषामा ८० वटा पुस्तक प्रकाशित भइसकेको छ । म्यानमार सरकारबाट "**अग्गमहासद्धम्मजोतिकधज**" उपाधिले विभूषित भिक्षु नेपाल भाषा परिषद्द्वारा प्रदान गरिएको भाषा थुवाः उपाधिबाट समेत विभूषित हुनुहुन्छ ।

त्यस्तै अर्का नेपालका संघउपनायक भिक्षु कुमार काश्यप महास्थविर वि.सं. २००१ सालमा जुद्धशम्शेरले देश निकाला गरेका ८ जना भिक्षु-श्रामणेरमध्ये जीवित ऐतिहासिक एकमात्र भिक्षु हुनुहुन्छ । हालसम्म नेपालका एकमात्र त्रिपिटकाचार्य भिक्षु कुमार काश्यप महास्थविर आनन्दकुटी विहारका प्रमुख हुनुहुन्छ भने उहाँले अखिल नेपाल भिक्षु महासंघको अध्यक्षभार पनि वहन गर्नुभएको छ । ख्यातिप्राप्त आचार्य डा. भिक्षु अमृतानन्द महास्थविरको बुद्धकालीन ग्रन्थमालामा भिक्षु कुमार काश्यप महास्थविरले पनि अथक धार्मिक परिश्रम गर्नुभएको छ भने उहाँका थोरै प्रकाशित पुस्तकमध्ये नेपाल भाषा तथा नेपाली दुबैमा प्रकाशित "**दश-पारमिता**" पसिद्ध कृति हो । म्यानमार सरकारबाट "**अग्गमहासद्धम्मजोतिकधज**" उपाधिले विभूषित उहाँ महास्थविरलाई विपश्यना विशोधन विन्याश, दिल्लीबाट "**महासद्धम्म परियत्ति पदीप**", श्रीलंकाबाट "**विद्यालंकार पद्ममभूषण**"ले विभूषित गरिएको छ ।

सोही अवसरमा अभिनन्दित पूज्यपाद संघनायक तथा पूज्यपाद संघउपनायक महास्थविर भन्तेहरूले जनस्तरबाट अभिनन्दित हुन पाउँदा आफूहरूलाई अत्यन्त धर्म-गौरवको महशुस भएको अनुभव बताउनुहुँदै देशमा सुखशान्ति छाओस्, संविधान निर्माणमा सबै पक्षले जिम्मेवार महशुस गरी आ-आफ्नो भूमिका निर्वाह गर्नुपर्ने खाँचो औंल्याउनुभयो । अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष भिक्षु बोधिसेन महास्थविरको सभापतित्वमा सम्पन्न सो समारोह सचिव भिक्षु धर्ममूर्ति महास्थविरले संचालन गर्नुभयो । भिक्षु शीलभद्र महास्थविर र भिक्षु राहुल महास्थविरबाट अभिनन्दन-पत्र वाचन, भिक्षु संघरक्षितबाट स्वागत मन्तव्य, भिक्षु शोभितबाट धन्यवाद ज्ञापन गर्नुभयो । आनन्द कुटी विहार, त्यससँग सम्बद्ध युवा वर्गको मेहनतले कार्यक्रमस्थललाई अति आकर्षित पारेको थियो भने अभिनन्दित पूज्यपाद व्यक्तित्वहरूलाई साँस्कृतिक बाजागाजासहित भव्य स्वागत-व्यवस्था गरेबाट जो कोही प्रभावित भएका छन् । सोही अवसरमा अभिनन्दित महास्थविरहरूको रङ्गीन पोष्टर, कोण्डन्यद्वारा लिखित एवं प्रस्तुत गरिएको भिक्षुद्वयको संक्षिप्त चिनारी पुस्तिका वितरण गरिएको थियो । अभिनन्दन समारोहमा प्रदान गरिएको अभिनन्दन-पत्रको यथा विवरण निम्नानुसार रहेको प्रस्तुत गरिन्छ-

"सुखा संघस्स सामग्गी"

# अखिल नेपाल भिक्षु महासंघ

## अभिनन्दन-पौ

पूज्यपाद नेपाःया संघनायक भिक्षु अश्वघोष महास्थविर,
संघाराम विहार, ढल्को, यें ।

पूज्यपाद संघनायक भिक्षु अश्वघोष महास्थविर !

नेपालय् थेरवाद बुद्धशासन पुनर्स्थापना यायेगु ज्याय् योगदान बियाबिज्याःपिं भिक्षुपिनिगु ज्वलय् जेष्ठतम्-पूज्यपाद भिक्षु छःपिं नं छम्ह खः । बुद्ध-जन्मभूमि नेपाः देसय् थेरवाद बुद्धशासनयात महितातसें दुःख बियाच्वंगु उगु क्रूरतम ई, राणा शासनया अन्त्यया इलय् प्रव्रजित जीवन हनेगु साहस छलपोलं यानाबिज्याःगुयात नेपाःया बुद्धधर्मया अनुयायीपिंसं गुबलें ल्वःमंके फइ मखु । नेपाःया थेरवाद बुद्धशासनया पुनर्जागरण इलंनिसें थौंतक दिपाः मदयेक परियत्ति, प्रतिपत्ति व प्रतिवेध थेज्याःगु शासनिक ज्याखँयात नीस्वनेया लागिं गुलुल्ल तुइक न्ह्याकाः थौंया स्थितिइ थ्यंकेत छलपोल पूज्यपाद संघनायकं गुगु अनुकरणीय व उल्लेखनीय योगदान बियाबिज्यात उपिं अतीव धर्मगौरवं जाःगु-च्वछायेबहःगु अविस्मरणीय जुयाच्वंगु जुल ।

पूज्यपाद संघनायक महास्थविर !

स्वनिगः, यलस्थित उकु बहाःया शाक्य कुलय् वि.सं. १९८३ स जन्म जुयाबिज्याःम्ह छःपिं ल्याय्म्हया बैंसय् प्रव्रजित जीवन हनाः बुद्धशिक्षा अध्ययन यानाबिज्यायेत श्रीलंका थ्यंकः बिज्याःगु खः । भारत-चीन आदि देसय् तःदँतक अध्ययन यासें नेपालय् बुद्धशासन प्रचार-प्रसार यायेया निंतिं त्रिपिटकअन्तर्गत आपालं सफूत सम्पादन, अनुवाद लिसें च्वयाः नेपाःमिपिंत धार्मिक, चेतना व सामाजिक चेतना थनेगु ज्याय् तःधंगु तिबः बियाबिज्याःगु दु । धर्म, भाषा, संस्कृति, साहित्य आदि ख्यलय् थःत समर्पित यासें खुगू दशक सिबें अप्वः योगदान बियाबिज्याःगु नेपाःया लागिं हे गौरवमय सुखकर विषय खः । पुनर्जागरित नेपाःया थेरवाद बुद्धशासनिक ख्यलय् दकलय् न्हापां संघाराम भिक्षु तालिम केन्द्र नीस्वसें समर्थवान युवा भिक्षुपिं तयार यायेगु थेंज्याःगु च्वछायेबहःगु ज्या यानाबिज्याःगु, भौंतया ध्यानकुटी विहारया स्थापना, धर्मयात संचारया हलिमय् न्यंकेत "**आनन्दभूमि**" व "**धर्मकीर्ति**" बौद्ध मासिक पत्रिकाया लागिं बियाबिज्याःगु योगदान, व्यावहारिक लेखन व व्यावहारिक धर्मदेशना थौंतक गुलुल्ल तुइक न्ह्याका च्वनाबिज्याःम्ह, छलपोल पूज्यपाद संघनायक महास्थविर भन्तेया ताःकाल अनुकरणीय धार्मिक सेवा सकल नेपाःमिपिनिगु नुगलय् अविस्मरणीय जुयाच्वनीगु धर्मप्रीतिया विषय खः । च्वय्या सदन राष्ट्रिय सभाया दुजः, लुम्बिनी विकास कोषया उपाध्यक्ष, धर्मोदय सभाया नायः जुयाः नं सेवा यानाबिज्याःम्ह छलपोल संघनायक अ.ने.भि. महासंघया धर्मानुशासक नं खः । छलपोलपाखें जूगु धर्मकार्य अनुकरणीय जू । नेपाःया बुद्धशासनया भिंचितामिपिंसं छलपोलया योगदानयात सदा सदा काल तक लुमंका हे च्वनी ।

पूज्यपाद संघनायक महास्थविर !

भाषाथुवाः पूज्यपाद संघनायक भन्ते, म्यानमार सरकारपाखें ई.सं. २००० स "**अग्गमहासद्धम्मजोतिकधज**" (अग्रमहासद्धर्म ज्योतिकध्वज) उपाधिं छायेपियातःम्ह छलपोलं ८५ दँया थुगु इलय तकं दिपाः मदयेक मौलिक लेख-रचना च्वयां तुं च्वनाबिज्याःगु दु, व्यावहारिक उपदेशया धाः न्ह्याना हे च्वंगु दु, सफू पिथनेगु ज्या जुयां तुं च्वंगु दुसा धर्मप्रचारया निंतिं योग्यपिं शिष्य दयेकेगु ज्याय् छलपोलं गबलें उसि चायाबिज्याःगु मदु । नेपाःया थीथी जिल्लाय् थः हे बिज्यानाः धर्मप्रचार यायेगु व शिष्यपिंत धर्मप्रचार यायेगु ज्याय् प्रोत्साहित यासें छलपोलं उगु ज्यायात थौंतकं निरन्तरता बिया हे च्वनाबिज्याःगु दु ।

पूज्यपाद संघनायक महास्थविर !

नेपालय् स्थविरवाद बुद्धधर्मया पुनर्जागरणं लिउ छःपिं नेपाःया खुम्हम्ह पूज्यपाद "**संघनायक महास्थविर**" कथं ने.सं. ११३१ कउलाथ्व चौथी/पञ्चमी (वि.सं. २०६८ आश्विन १४) शनिवाः कुन्हु विश्वशान्ति विहारया सीमागृहस भिक्षु संघया विनयकर्मकथं "**संघनायको पतिट्ठापन**" विधिपूर्वक संघसम्मतिं पदासीन जुयाबिज्याःगु सकल बौद्ध जगतया लागी धम्ममुदित लसताया खँ खः । नेपाःया पूज्यपाद संघनायक महास्थविर भन्ते, छःपिंत थौं भिक्षु, अनागारिका, उपासक, उपासिका, थीथी बौद्ध संघसंस्थापिनि दथुइ मंकाः कथं बुद्धशासनिक ख्यलय् छलपोलं बियाबिज्याःगु योगदानयात लुमंकाः धर्मनिरपेक्ष संघीय गणतन्त्रात्मक राष्ट्र नेपाःया सम्माननीय सभामुख भाजु सुवासचन्द्र नेम्वाङ्गया मू पाहांसुइ "**नेपाःमिपिनि पूज्यपाद संघनायक भन्ते**" या रूपय् धर्म-गौरवपूर्वक सार्वजनिकरूपं अभिनन्दन यायेदयाः जिमित "**धम्ममुदित व धम्मपीति**" या अनुभव जुयाच्वन ।

पूज्यपाद संघनायक महास्थविर !

बुद्धजन्मभूमि नेपाः देसय् छलपोलं प्रव्रजित जीवन हनाः बुद्धधर्म, बौद्ध संस्कृति व बौद्ध साहित्य आदि ख्यलय् च्वछाये बहःगु कुशलचर्या यानाच्वनाबिज्याःगु अविस्मरणीय योगदानयात हाकनं छकः लुमंकुसें अखिल नेपाल भिक्षु महासंघ न्ह्यचिलाः थीथी विहार, बौद्ध संघसंस्थाया प्रतिनिधिपिनिगु उपस्थितिया दथुइ थुगु **अभिनन्दन-पौ** लःल्हायेगु ज्या जुयाच्वंगु सुखद् क्षण खः । छलपोलया ताःआयु, भिं उसाँय्या कामना यासें छलपोलया बुद्धशासनिक चर्या व सुकीर्ति न्यनावं च्वनेमा धइगु जिमिसं दुनुगलंनिसें मनंतुनागु जुल ।

"चिरं जीवतु संघनायको, सुखिता निरूपद्दवो ।
खेमी अवेरी अभयो, निद्दुक्खो रोगमुत्तको ॥"

विनीत

| धर्मानुशासक | अध्यक्ष | सचिव |
|---|---|---|
| (संघउपनायक भिक्षु कुमार काश्यप महास्थविर) | (भिक्षु बोधिसेन महास्थविर) | (भिक्षु धर्ममूर्ति महास्थविर) |

नेपाःया पूज्यपाद संघनायकप्रति सामूहिकरुपं हना ज्याङ्वःस दुथ्याःपिं उपस्थित विहार व बौद्ध संघ संस्थात-

**यें/काठमाडौं**
अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र, शंखमूल
अमृत बौद्ध परियत्ति शिक्षालय, स्वयम्भू
अमृतोपदेश बौद्ध मासिक, यें
आचार्य भिक्षु कुमारकाश्यप धार्मिक कोष
आनन्द कुटी विहार, स्वयम्भू
आनन्द कुटी दायक सभा, स्वयम्भू
आनन्द कुटी मिसा पुचः, स्वयम्भू
आनन्द भूमि परिवार, स्वयम्भू
आनन्द भुवन विहार, स्वयम्भू
आनन्द भुवन विहार गोष्ठी समिति, स्वयम्भू
उपासिका प्रेमशोभा पुचः
ओम दिव्यरत्न निर्माण सेवा प्रा.लि.
करूणा विहार, मातातीर्थ
गण महाविहार, गणबहाल, यें
जितवन बौद्ध विहार, थानकोट
www.therawadanepal.net
थेरवाद बौद्ध दायक केन्द्रीय परिषद्, बागबजार
धर्मकीर्ति विहार परिवार, श्रीघः
धर्मकीर्ति बसुन्धरा विहार, बसुन्धरा
धर्मकीर्ति मिजं पुचः, श्रीघः
धर्मचक्र विहार, बागबजार
धर्म विजय पदनम, गणबहाल, यें
धर्मोदय सभा, बुद्धविहार, भृकुटीमण्डप
निर्वाण मूर्ति विहार, किम्डोल
नेपाल अनागारिका संघ
नेपाल बौद्ध परियत्ति शिक्षा
नेपाल लिपि गुथि, साःननी-त्यःर, यें
नेपाल वज्रयान महासंघ, यें
नेपाल विपश्यना केन्द्र आचार्य समूह, कान्तिपथ
नेपाल राष्ट्रिय ज्ञानमाला समिति, यें
Nepal Study Centre, Japan (NSCJ)
पद्मकीर्ति विहार, कमलपोखरी
पद्म सुगन्ध विहार समिति, मजिपात
पूर्वाराम विहार, धुलिखेल
प्रणिधिपूर्ण महाविहार, बलम्बु
बज्राचार्य संरक्षण गुठी, यें
बुद्धजयन्ती समारोह समिति, यें
बुद्धधर्मका आधारभूत शिक्षा समिति, स्वयम्भू
बुद्धभूमि महाविहार, टोखा
बुद्धविहार, भृकुटीमण्डप, यें
बुद्धरत्न विहार, पुतलीसडक
बुद्धशिक्षा जागरण समिति, आ.भु.वि, स्वयम्भू
बेल्ला इन्टरनेशनल स्कूल, छाउनी
बौद्ध महिला संघ, नेपाल
बौद्धजन विहार, सुनागुठी
भोजपुर टक्सार शाक्य समाज
मातातीर्थ चतुर्ब्रह्म बुद्धविहार, मातातीर्थ
मैत्री विद्यालय, छाउनी
युवा बौद्ध समूह, यें
रत्न विपश्यना विहार, सानो भऱ्याङ्ग
विश्वशान्ति विहार, मीनभवन
शाक्यमुनि कीर्ति विहार, सतुंगल
सुखी होतु नेपाल, नयाँ बानेश्वर
सुभाषित ज्ञानमाला संघ, गणबहाल, यें
सुलक्षण कीर्ति विहार, चोभार
संघाराम विहार, ढल्को, यें
स्वयम्भू व्यवस्थापन तथा संरक्षण महासमिति
श्रीघः विहार, नघः
श्रीकीर्ति बौद्ध केन्द्र, कीर्तिपुर
त्रिरत्न कीर्ति विहार, कीर्तिपुर
ज्ञानकीर्ति विहार, नयाँबजार
ज्ञानमाला भजन खलः, स्वयम्भू

**यल/ललितपुर**
अमरापुर बुद्ध विहार, बुंगमति
जयमंगल विहार, चंकीटोल
ज्योति विहार, चापागाउँ
धापाखेल बुद्धविहार, धापाखेल
नरसिंहाराम, थैना
परियत्ति वक्तृत्वकला प्रतियोगिता संचालन समिति
पुण्य उदय विहार, हरिसिद्धि-जल
बौद्ध शान्ति विहार, बुलु
बौद्ध युवा कमिटी, झतापोल
मणिमण्डप विहार, पटको, यल
यम्पि महाविहार दायक परिषद्, ईबही
युवक बौद्ध मण्डल, (YMBA)
वेलुवनाराम विहार, थेचो
शाक्यसिंह विहार, थैना
शान्तिसंघ-शान्तिवन, पुल्चोक
शान्ति सुखावास, चाकुपाट
सिद्धिमङ्गल विहार, थसि
सुधम्माराम विहार, कोबहाल
सुनन्दाराम विहार, थैना
सुमंगल विहार, लुँखुसि
सुवर्ण छत्रपुर विहार, लुभू

**ख्वप/भक्तपुर**
दीपंकर ज्ञानमाला भजन खलः
धर्मोदय सभा, भक्तपुर शाखा
बौद्ध समकृत विहार, भक्तपुर
बौद्ध सम्पदा संघ, भक्तपुर
बौद्ध संघ, भक्तपुर
मैत्री युवा संघ, भक्तपुर
युवा बौद्ध पुचः, भक्तपुर
नगदेश बुद्धविहार, मध्यपुर थिमि नगर

**बनेपा/काभ्रे**
बोधिचर्या विहार, बनेपा
बुद्धजयन्ती समारोह समिति, भौंत
बौद्ध वृद्धाश्रम, बनेपा
ध्यानकुटी विहार, बनेपा
मैत्री केन्द्र (मेत्ता सेन्टर) बाल आश्रम

**त्रिशुली/नुवाकोट**
सुगतपुर विहार
सुगतपुर बौद्ध मण्डल तथा दायक परिषद्

**बुटवल**
पद्मचैत्य विहार
बौद्ध युवा ज्ञानमाला संघ, बुटवल
बौद्ध महिला संघ, बुटवल

**तानसेन/पाल्पा**
करूणा बौद्ध संघ, बुद्धविहार, होलाङ्दी
चुडाकर्म ब्रतबन्ध संघ, धर्मचक्र महाविहार, बडिङ्गानटोल
धर्मचक्र बौद्ध युवा संघ, धर्मचक्र महाविहार, बडिङ्गानटोल
बौद्ध महिला आजीवन दायक समिति टक्सार टोल
बौद्ध महिला सेवा समिति, आनन्द विहार, भिमसेनटोल
बौद्ध महिला सेवा समिति, आनन्द विहार, लहरेपिपल
बौद्ध युवा संघ, महाबोधि विहार
भिक्षु शाक्यानन्द स्मृति गुठी, आनन्द विहार
ज्ञानमाला संघ, आनन्द विहार, भिमसेनटोल
ज्ञानमाला सभा, महाचैत्य विहार टक्सार टोल
ने.बौ.प.शि., आनन्द विहार परियत्ति केन्द्र, भिमसेनटोल

**लुम्बिनी**
अन्तर्राष्ट्रिय बौद्ध समाज, लुम्बिनी
गौतमी विहार, लुम्बिनी

**पोखरा** - धर्मशीला बुद्ध विहार

बु.सं. २५५५, कछलागा दुतीया ने.सं. ११३२, शुक्लपक्ष तृतीया वि.सं. २०६८ कार्तिक २६, शनिवार, 12th November 2011

"सुखा संघस्स सामग्गी"

# अखिल नेपाल भिक्षु महासंघ

## अभिनन्दन-पौ

पूज्यपाद नेपा:या उपसंघनायक भिक्षु कुमार काश्यप महास्थविर,
आनन्दकुटी विहार, स्वयम्भू, यें ।

पूज्यपाद उपसंघनायक भिक्षु कुमार काश्यप महास्थविर !

नेपालय् थेरवाद बुद्धशासन पुनस्थार्पना यायेगु ज्याय् योगदान बियाबिज्या:पिं भिक्षुपिनिगु ज्वलय् जेष्ठतम्-पूज्यपाद भिक्षु छ:पिं नं छम्ह ख: । बुद्ध-जन्मभूमि नेपा: देसय् थेरवाद बुद्धशासनयात महितातसें दु:ख बियाच्वंगु उगु क्रूरतम ई, राणा शासनया अन्त्यया इलय् प्रव्रजित जीवन हनेगु साहस छलपोलं याना बिज्या:गुयात नेपा:या बुद्धधर्मया अनुयायीपिंसं गुबलें ल्व:मंके फइ मखु । नेपा:या थेरवाद बुद्धशासनया पुनर्जागरण इलंनिसें थौंतक दिपा: मदयेक परियत्ति, प्रतिपत्ति व प्रतिवेध थेज्या:गु शासनिक ज्याखँत नीस्वनेया लागिं गुलुल्ल तुइक न्ह्याका: थौंया स्थितिइ थ्यंकेत छलपोल पूज्यपाद उपसंघनायकं गुगु अनुकरणीय व उल्लेखनीय योगदान बियाबिज्यात उपिं अतीव धर्मगौरवं जा:गु-च्वछायेबह:गु अविस्मरणीय जुयाच्वंगु जुल । वि.सं. २००१ श्रावण १५ गते जहाँनिया राणाशासकं ८ म्ह भिक्षु-श्रामणेरपिंत देसं पितिनेगु क्रूरतम आदेश जारी या:बलय् देसं पितिउँपिं मध्ये छम्हयां छम्ह **जीवित ऐतिहासिक भिक्षु** छलपोल हे थौंतक **छम्हयां छम्ह जक नेपा:या न्हापांम्ह त्रिपिटकाचार्य** भिक्षु उपसंघनायक ख: ।

पूज्यपाद उपसंघनायक महास्थविर !

स्वनिगलं पिने पाल्पा-तानसेनया शाक्य कुलय् वि.सं. १९८३ स जन्म जुयाबिज्या:म्ह छ:पिं नच्चाम्ह ल्याय्म्हया बैंसय् प्रव्रजित जीवन हना: बुद्धशिक्षा अध्ययन यानाबिज्यायेत श्रीलंका थ्यंक: बिज्या:गु ख: । त:दँतक अध्ययनं लिउ त्रिपिटकाचार्य जुया बिज्यायेधुंका: नेपालय् बुद्धशासन प्रचार-प्रसार यायेया निंतिं त्रिपिटकअन्तर्गत आपालं सफूत सम्पादन, अनुवाद लिसें च्वया: नेपा:मिपिंत धार्मिक, चेतना व सामाजिक चेतना थनेगु ज्याय् त:धंगु तिब: बियाबिज्या:गु दु । धर्म, भाषा, संस्कृति, साहित्य आदि ख्यलय् थ:त समर्पित यासें खुगू दशक सिबें आपा: योगदान बियाबिज्या:गु नेपा:या लागिं हे गौरवमय सुखकर विषय ख: । दिवंगत आचार्य डा. भिक्षु अमृतानन्द महास्थविरया कुतलं पिदंगु पालि बौद्ध वाङमयिक बुद्धकालीन ग्रन्थमाला प्रकाशनय् छलपोलया नं धार्मिक परिश्रम दुत्युंगु दुसा छलपोलं नेपा:या न्हापांगु बौद्ध मासिक पत्रिका "**आनन्दभूमि**" या गुबलें सम्पादक, गुबलें व्यवस्थापक, गुबलें प्रमुख सल्लाहकार जुया: थौंतक प्रकाशनयात निरन्तरता बीगुली छलपोलया त:धंगु योगदान दुसा ऐतिहासिक आनन्दकुटी विहारयात थौंया थुगु स्थितिइ थ्यंकेत छलपोलया योगदानयात थेरवाद इतिहासं लुमंका हे तइगु जुल । विभिन्न संघसंस्थाया पदीयभार बहन यासें सेवा यानाबिज्या:म्ह छलपोल उपसंघनायक अ.ने.भि. महासंघया धर्मानुशासक नं ख: । छलपोलं महासंघया अध्यक्ष पदभार नं बहन यानाबिज्याये धुंकूगु जुल ।

पूज्यपाद उपसंघनायक महास्थविर !

छलपोलया बुद्धशासनिक योगदानयात क:घासें विपश्यना विशोधन विन्यास, भारतं "**महासद्धम्म परियत्ति पदीप**", श्रीलंकां "**विद्यालङ्कार पद्मभूषण**" (वि.सं. २०५८) पदविं छायेपियात:गु सकलसियां लागिं सुखद् खँ ख: । अथेहे थेरवाद बुद्धशासनया इतिहासय् अतिकं महत्व दुगु सन् १९५४-१९५६ स म्यान्मारय् जूगु खुगूगु धर्मसंगायनाय् संगीतिकारकया रूपय् छलपोलं ब्वति कयाबिज्या:गु ख: । म्यानमार सरकारपाखें ई.सं २००२ स "**अग्गमहासद्धम्मजोतिकधज**" (अग्रमहासद्धर्मज्योतिकध्वज) उपाधिं छायेपियात:म्ह छलपोलं ८५ दँया थुगु इलय तकं दिपा: मदयेक परियत्ति, प्रतिपत्ति व प्रतिवेध थेज्या:गु शासनिक ज्याखँयात जीवनया थुगु अस्वस्थ घडीइ नं धर्म जिज्ञासुपिनिगु जिज्ञाशा शान्त याना बीत थम्हं फुगु ग्वाहालि यानाबिज्यायेत न्ह्यचिला हे च्वनाबिज्या:गु दु । छलपोलपाखें जूगु धर्मकार्य अनुकरणीय जू । नेपा:या बुद्धशासनया भिंचितामिपिंसं छलपोलया योगदानयात सदा सदा काल तक लुमंका हे च्वनी ।

पूज्यपाद उपसंघनायक महास्थविर !

नेपालय् स्थविरवाद बुद्धधर्मया पुनर्जागरणं लिउ छ:पिं नेपा:या पूज्यपाद "**उपसंघनायक**" महास्थविर कथं ने.सं. ११३१ कउलाथ्व चौथी/पञ्चमी (वि.सं. २०६८ आश्विन १४) शनिवा: कुन्हु विश्वशान्ति विहारया सीमागृहस भिक्षु संघया विनयकर्मकथं "**उपसंघनायको पतिट्ठापन**" विधिपूर्वक संघसम्मतिं पदासीन जुयाबिज्या:गु सकल बौद्ध जगतया लागिं धम्ममुदित लसताया खँ ख: । नेपा:या पूज्यपाद उपसंघनायक महास्थविर भन्ते, छ:पिंत थौं भिक्षु, अनागारिका, उपासक, उपासिका, थीथी बौद्ध संघसंस्थापिनि दथुइ मंका: कथं बुद्धशासनिक ख्यलय् छलपोलं बियाबिज्या:गु योगदानयात लुमंका: धर्मनिरपेक्ष संघीय गणतन्त्रात्मक राष्ट्र नेपा:या सम्माननीय सभामुख भाजु सुवासचन्द्र नेम्वाङ्गया मू पाहांसुइ "**नेपा:मिपिनि पूज्यपाद उपसंघनायक भन्ते**" या रूपय् धर्मगौरवपूर्वक सार्वजनिकरूपं अभिनन्दन याये दया: जिमित "**धम्ममुदित व धम्मपीति**" या अनुभव जुयाच्वन ।

पूज्यपाद उपसंघनायक महास्थविर !

बुद्धजन्मभूमि नेपा: देसय् छलपोलं प्रव्रजित जीवन हना: बुद्धधर्म, बौद्ध संस्कृति व बौद्ध साहित्य आदि ख्ललय् च्वछाये बह:गु कुशलचर्या यानाच्वनाबिज्या:गु अविस्मरणीय योगदानयात हाकनं छक: लुमंकुसे अखिल नेपाल भिक्षु महासंघ न्ह्यचिला: थीथी विहार, बौद्ध संघसंस्थाया प्रतिनिधिपिनिगु उपस्थितिया दथुइ थुगु अभिनन्दन-पौ ल:ल्हायेगु ज्या जुयाच्वंगु सुखद् क्षण ख: । छलपोलया ता:आयु, भिं उसाँय्या कामना यासें छलपोलया बुद्धशासनिक चर्या व सुकीर्ति न्यनावं च्वनेमा धइगु जिमिसं दुनुगलंनिसें मनंतुनागु जुल ।

"चिरं जीवतु उपसंघनायको, सुखिता निरूपद्दवो ।
खेमी अवेरी अभयो, निद्दुक्खो रोगमुत्तको ॥"

विनीत

| अध्यक्ष | सचिव |
|---|---|
| (भिक्षु बोधिसेन महास्थविर) | (भिक्षु धर्ममूर्ति महास्थविर) |

**नेपा:या पूज्यपाद संघउपनायकप्रति सामूहिकरुपं हना ज्याङ्ग्व:स दुथ्या:पिं उपस्थित विहार व बौद्ध संघ संस्थात-**

**यें/काठमाडौं**
अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र, शंखमूल
अमृत बौद्ध परियत्ति शिक्षालय, स्वयम्भू
अमृतोपदेश बौद्ध मासिक, यें
आचार्य भिक्षु कुमारकाश्यप धार्मिक कोष
आनन्द कुटी विहार, स्वयम्भू
आनन्द कुटी दायक सभा, स्वयम्भू
आनन्द कुटी मिसा पुच:, स्वयम्भू
आनन्द भूमि परिवार, स्वयम्भू
आनन्द भुवन विहार, स्वयम्भू
आनन्द भुवन विहार गोष्ठी समिति, स्वयम्भू
उपासिका प्रेमशोभा पुच:
ओम दिव्यरत्न निर्माण सेवा प्रा.लि.
करूणा विहार, मातातीर्थ
गण महाविहार, गणबहाल, यें
जितवन बौद्ध विहार, थानकोट
www.therawadanepal.net
थेरवाद बौद्ध दायक केन्द्रीय परिषद्, बागबजार
धर्मकीर्ति विहार परिवार, श्रीघ:
धर्मकीर्ति बसुन्धरा विहार, बसुन्धरा
धर्मकीर्ति मिजं पुच:, श्रीघ:
धर्मचक्र विहार, बागबजार
धर्म विजय पदनम, गणबहाल, यें
धर्मोदय सभा, बुद्धविहार, भृकुटीमण्डप
निर्वाण मूर्ति विहार, किम्डोल
नेपाल अनागारिका संघ
नेपाल बौद्ध परियत्ति शिक्षा
नेपाल लिपि गुथि, सा:ननी-त्य:र, यें
नेपाल वज्रयान महासंघ, यें
नेपाल विपश्यना केन्द्र आचार्य समूह, कान्तिपथ
नेपाल राष्ट्रिय ज्ञानमाला समिति, यें
Nepal Study Centre, Japan (NSCJ)
पद्मकीर्ति विहार, कमलपोखरी
पद्म सुगन्ध विहार समिति, मजिपात
पूर्वाराम विहार, धुलिखेल
प्रणिधिपूर्ण महाविहार, बलम्बु
बज्राचार्य संरक्षण गुठी, यें
बुद्धजयन्ती समारोह समिति, यें
बुद्धधर्मका आधारभूत शिक्षा समिति, स्वयम्भू
बुद्धभूमि महाविहार, टोखा
बुद्धविहार, भृकुटीमण्डप, यें
बुद्धरत्न विहार, पुतलीसडक
बुद्धशिक्षा जागरण समिति, आ.भु.वि, स्वयम्भू
बेल्ला इन्टरनेशनल स्कूल, छाउनी
बौद्ध महिला संघ, नेपाल
बौद्धजन विहार, सुनागुठी
भोजपुर टक्सार शाक्य समाज
मातातीर्थ चतुर्ब्रह्म बुद्धविहार, मातातीर्थ
मैत्री विद्यालय, छाउनी
युवा बौद्ध समूह, यें
रत्न विपश्यना विहार, सानो भऱ्याङ्ग
विश्वशान्ति विहार, मीनभवन
शाक्यमुनि कीर्ति विहार, सतुंगल
सुखी होतु नेपाल, नयाँ बानेश्वर
सुभाषित ज्ञानमाला संघ, गणबहाल, यें
सुलक्षण कीर्ति विहार, चोभार
संघाराम विहार, ढल्को, यें
स्वयम्भू व्यवस्थापन तथा संरक्षण महासमिति
श्रीघ: विहार, नघ:
श्रीकीर्ति बौद्ध केन्द्र, कीर्तिपुर
त्रिरत्न कीर्ति विहार, कीर्तिपुर
ज्ञानकीर्ति विहार, नयाँबजार
ज्ञानमाला भजन खल:, स्वयम्भू

**यल/ललितपुर**
अमरापुर बुद्ध विहार, बुंगमति
जयमंगल विहार, चंकीटोल
ज्योति विहार, चापागाउँ
धापाखेल बुद्धविहार, धापाखेल
नरसिंहाराम, थैना
परियत्ति वक्तृत्वकला प्रतियोगिता संचालन समिति
पुण्य उदय विहार, हरिसिद्धि-जल
बौद्ध शान्ति विहार, बुलु
बौद्ध युवा कमिटी, भतापोल
मणिमण्डप विहार, पटको, यल
यम्पि महाविहार दायक परिषद्, ईबही
युवक बौद्ध मण्डल, (YMBA)
वेलुवनाराम विहार, थेचो
शाक्यसिंह विहार, थैना
शान्तिसंघ-शान्तिवन, पुल्चोक
शान्ति सुखावास, चाकुपाट
सिद्धिमङ्गल विहार, थसि
सुधम्माराम विहार, कोबहाल
सुनन्दाराम विहार, थैना
सुमंगल विहार, लुँखुसि
सुवर्ण छत्रपुर विहार, लुभू

**ख्वप/भक्तपुर**
दीपंकर ज्ञानमाला भजन खल:
धर्मोदय सभा, भक्तपुर शाखा
बौद्ध समकृत विहार, भक्तपुर
बौद्ध सम्पदा संघ, भक्तपुर
बौद्ध संघ, भक्तपुर
मैत्री युवा संघ, भक्तपुर
युवा बौद्ध पुच:, भक्तपुर
नगदेश बुद्धविहार, मध्यपुर थिमि नगर

**बनेपा/काभ्रे**
बोधिचर्या विहार, बनेपा
बुद्धजयन्ती समारोह समिति, भोंत
बौद्ध वृद्धाश्रम, बनेपा
ध्यानकुटी विहार, बनेपा
मैत्री केन्द्र (मेत्ता सेन्टर) बाल आश्रम

**त्रिशुली/नुवाकोट**
सुगतपुर विहार
सुगतपुर बौद्ध मण्डल तथा दायक परिषद्

**बुटवल**
पद्मचैत्य विहार
बौद्ध युवा ज्ञानमाला संघ, बुटवल
बौद्ध महिला संघ, बुटवल

**तानसेन/पाल्पा**
करूणा बौद्ध संघ, बुद्धविहार, होलाङ्दी
चुडाकर्म ब्रतबन्ध संघ, धर्मचक्र महाविहार, बडिज्ञानटोल
धर्मचक्र बौद्ध युवा संघ, धर्मचक्र महाविहार, बडिज्ञानटोल
बौद्ध महिला आजीवन दायक समिति टक्सार टोल
बौद्ध महिला सेवा समिति, आनन्द विहार, भिमसेनटोल
बौद्ध महिला सेवा समिति, आनन्द विहार, लहरेपिपल
बौद्ध युवा संघ, महाबोधि विहार
भिक्षु शाक्यानन्द स्मृति गुठी, आनन्द विहार
ज्ञानमाला संघ, आनन्द विहार, भिमसेनटोल
ज्ञानमाला सभा, महाचैत्य विहार टक्सार टोल
ने.बौ.प.शि., आनन्द विहार परियत्ति केन्द्र, भिमसेनटोल

**लुम्बिनी**
अन्तर्राष्ट्रिय बौद्ध समाज, लुम्बिनी
गौतमी विहार, लुम्बिनी

**पोखरा** - धर्मशीला बुद्ध विहार

बु.सं. २५५५, कछलागा दुतीया ने.सं. ११३२, शुक्लपक्ष तृतीया वि.सं. २०६८ कार्तिक २६, शनिवार, 12th November 2011

# बौद्ध चारधाम यात्रा

विशेष अनुभवी व्यक्तित्वहरुले यस नयाँ वर्ष २०६८ सालमा आरामदायी, सुरक्षित एवं धार्मिक बौद्ध-चारधाम तीर्थयात्राको आयोजना गरकोले आ-आफ्नो अनुकुल यात्राको सीट अग्रिम बुकिंग गरी यात्राको लाभ उठाउनु होला ।

**यात्रा विवरण**

१. पहिले यात्रा मंसिर २१ बुधवार गतेदेखि पौष ६ सम्म
(चौधदिन-सामान्य) रु. १४,५००।-

२. दोस्रो यात्रा पौष ५ देखि पौष १४ सम्म
(नौदिन VIP ) रु. १७,०००।-

३. तेस्रो यात्रा पुष १३ देखि २२ सम्म
(नौदिन) सामान्य रु. १०,५००।-

४. चौथो यात्रा पुष २१ देखि ३० सम्म
(नौदिन VIP ) रु. १७,०००।-

५. पाचौ यात्रा पुष २९ देखि माघ ०८ सम्म
(नौदिन VIP सामान्य) रु. १०,५००।-

६. छैठौं यात्रा पुष ३० देखि माघ २२सम्म
(चौधदिन VIP ) रु. २५,५००।-

**नौदिनको यात्रामा समावेश स्थलहरू**

लुम्बिनी, कुशीनगर, वैशाली, राजगिरी, बुद्धगया, वाराणसी, श्रावस्ति, कपिलवस्तु (भारत)

**चौधदिनको यात्रामा समावेश स्थलहरू**

वाराणसी, आग्रा, दिल्ली, श्रावस्ती, कपिलवस्तु (भारत)

**नोट :** सुविधासम्पन्न (इन्डियन बस) बाथरुम सहित कोठा, होटल, पिउने पानी, खानानास्ता र फीहरु आदि सबै उल्लेखित भाडा रकममा समावेश गरिएको छ ।

**VIP – 2*2 Room, Normal-** सामूहिक कोठाहरु

**विशेष आकर्षण**

- ➢ श्रावस्तीमा यात्रीका तर्फबाट संघभोजन-दान, अष्टपरिष्कार-दान, चीवर-दान
- ➢ विशेष धार्मिक स्थलहरुमा बुद्धपूजा, ध्यान भावना परित्राण पाठ आदि पनि हुनेछ ।

**सम्पर्क भिक्षु तथा विहार :**

-भिक्षु धर्ममूर्ति, आनन्दकुटी विहार ९८४१२७७८६०
-भिक्षु राहुल, ध्यानकुटी विहार, ९८४१२८४७२१
-भिक्षु अशोक, जितवन विहार ९८४९००७७३३
-भिक्षु त्रिरत्न, महिन्द विहार-कपिलवस्तु ९७२७१७२९४४


अनिच्चावत संखारा उप्पादवय धम्मिनो ।
उपज्जित्वा निरूज्भन्ति तेसंऊपसमो सुखो ।।



**श्रीमाया महर्जन**
जन्मः १९९३/३/१ गते
दि.: २०६८/कार्तिक/१ गते



**अष्टमाया महर्जन**
जन्म : २०१५/९/२९
दिवंगत : २०६८/६/१३

**भिक्षु अशोक र अनागारिका पुञ्ञवतीका पूजनीय माता श्रीमाया महर्जन**

**तथा**

**भिक्षु खेम र अनागारिका शान्तिवतीका पूजनीय माता अष्टमाया महर्जनको असामयिक निधन भएकोले सुगतिसहित निर्वाण प्राप्त होस् भन्ने कामना गर्दछौं । शोक सन्तप्त परिवारप्रति हार्दिक श्रद्धाञ्जली ।**

**आनन्द कुटी विहार परिवार, स्वयम्भू**          **आनन्द भूमि**